अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१९ औं गाउँ सभा

## कार्यसूची र समयतालिका

बैठक संख्या: १ (एक) मिति: २०८२/०३/०६

गाउँ सभाको बैठक बस्ने स्थान: दंगीशरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

बैठक बस्ने मिति: २०८२/०३/०८ समय: दिनको ११.०० बजे

अध्यक्षता: श्री शम्भु गिरी

| क्र.सं. | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | प्रस्तावको विषय | कैफियत |
|---|---|---|---|---|
| १ | सभा प्रारम्भ | अध्यक्ष | | |
| २ | दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुति । | अध्यक्ष | प्रस्तुति | |

प्रस्ताव/कार्यसूचि बुझेको भरपाई

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री पिमाकुमारी वली खड्का | गाउँसभा सदस्य | | |
| २ | श्री रमेश भण्डारी | गाउँसभा सदस्य | | |
| ३ | श्री डम्बर खत्री | गाउँसभा सदस्य | | |
| ४ | श्री सुकलाल चौधरी | गाउँसभा सदस्य | | |
| ५ | श्री कमल थारू | गाउँसभा सदस्य | | |
| ६ | श्री निरज बस्नेत | गाउँसभा सदस्य | | |
| ७ | श्री रोशन जङ्ग शाह | गाउँसभा सदस्य | | |
| ८ | श्री रेशम बहादुर वली | गाउँसभा सदस्य | | |
| ९ | श्री मिना चौधरी | गाउँसभा सदस्य | | |
| १० | श्री द्रौपदी चौधरी | गाउँसभा सदस्य | | |
| ११ | श्री टंकी भण्डारी | गाउँसभा सदस्य | | |
| १२ | श्री चन्दा योगी | गाउँसभा सदस्य | | |
| १३ | श्री कृष्ण कामी | गाउँसभा सदस्य | | |
| १४ | श्री सितारा नेपाली | गाउँसभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री हुमा गिरी | गाउँसभा सदस्य | | |
| १६ | श्री लक्ष्मी परियार | गाउँसभा सदस्य | | |
| १७ | श्री चन्द्रलाल चौधरी | गाउँसभा सदस्य | | |
| १८ | श्री लुमा चौधरी | गाउँसभा सदस्य | | |
| १९ | श्री अन्जना बि.क. | गाउँसभा सदस्य | | |
| २० | श्री मोहन बि.क. | गाउँसभा सदस्य | | |
| २१ | श्री लाल बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| २२ | श्री रामकली चौधरी | गाउँसभा सदस्य | | |
| २३ | श्री सरिता बि.क. | गाउँसभा सदस्य | | |
| २४ | श्री लक्ष्मणदास चौधरी | गाउँसभा सदस्य | | |
| २५ | श्री तेजकुमारी नेपाली | गाउँसभा सदस्य | | |
| २६ | श्री देवराज रेउले | गाउँसभा सदस्य | | |
| २७ | श्री सिताराम चौधरी | गाउँसभा सदस्य | | |
| २८ | श्री ममता चौधरी | गाउँसभा सदस्य | | |
| २९ | श्री सुमित्रा बि.क. | गाउँसभा सदस्य | | |
| ३० | श्री कमल वली | गाउँसभा सदस्य | | |
| ३१ | श्री भुम प्रसाद देवकोटा | गाउँसभा सदस्य | | |
| ३२ | श्री उर्मिला परियार | गाउँसभा सदस्य | | |
| ३३ | श्री कान्छुराम चौधरी | गाउँसभा सदस्य | | |
| ३४ | श्री शम्सेर बहादुर रावत | गाउँसभा सदस्य | | |
| ३५ | श्री जापानी दमेनी | गाउँसभा सदस्य | | |
| ३६ | श्री किरिम बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| ३७ | श्री भूप बहादुर खड्का | गाउँसभा सदस्य | | |

दंगीशरण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

### १९ औं गाउँ सभाको बैठकको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

बैठक सख्याः १ (एक)

मितिः २०८२/०३/०८

समयः दिनको ११.०० बजे

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री शम्भु गिरी | अध्यक्ष | | |
| २ | श्री पिमाकुमारी वली खड्का | गाउँसभा सदस्य | | |
| ३ | श्री कर्ण बहादुर नेपाली | सचिव | | |
| ४ | श्री रमेश भण्डारी | गाउँसभा सदस्य | | |
| ५ | श्री डम्बर खत्री | गाउँसभा सदस्य | | |
| ६ | श्री सुकलाल चौधरी | गाउँसभा सदस्य | | |
| ७ | श्री कमल थारू | गाउँसभा सदस्य | | |
| ८ | श्री निरज बस्नेत | गाउँसभा सदस्य | | |
| ९ | श्री रोशन जङ्ग शाह | गाउँसभा सदस्य | | |
| १० | श्री रेशम बहादुर वली | गाउँसभा सदस्य | | |
| ११ | श्री मिना चौधरी | गाउँसभा सदस्य | | |
| १२ | श्री दुर्पती थरूनी | गाउँसभा सदस्य | | |
| १३ | श्री टंकी भण्डारी | गाउँसभा सदस्य | | |
| १४ | श्री चन्दा योगी | गाउँसभा सदस्य | | |
| १५ | श्री कृष्ण कामी | गाउँसभा सदस्य | | |
| १६ | श्री सितारा नेपाली | गाउँसभा सदस्य | | |
| १७ | श्री हुमा गिरी | गाउँसभा सदस्य | | |
| १८ | श्री लक्ष्मी परियार | गाउँसभा सदस्य | | |
| १९ | श्री चन्द्रलाल चौधरी | गाउँसभा सदस्य | | |
| २० | श्री लुमा चौधरी | गाउँसभा सदस्य | लुमा | |
| २१ | श्री अन्जना बि.क. | गाउँसभा सदस्य | | |
| २२ | श्री मोहन बि.क. | गाउँसभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्री लाल बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| २४ | श्री रामकली चौधरी | गाउँसभा सदस्य | | |
| २५ | श्री सरिता बि.क. | गाउँसभा सदस्य | | |
| २६ | श्री लक्ष्मणदास चौधरी | गाउँसभा सदस्य | | |
| २७ | श्री तेजकुमारी नेपाली | गाउँसभा सदस्य | | |
| २८ | श्री देवराज रेउले | गाउँसभा सदस्य | | |
| २९ | श्री सिताराम चौधरी | गाउँसभा सदस्य | | |
| ३० | श्री ममता चौधरी | गाउँसभा सदस्य | | |
| ३१ | श्री सुमित्रा बि.क. | गाउँसभा सदस्य | | |
| ३२ | श्री कमल वली | गाउँसभा सदस्य | | |
| ३३ | श्री भुम प्रसाद देवकोटा | गाउँसभा सदस्य | | |
| ३४ | श्री उर्मिला परियार | गाउँसभा सदस्य | | |
| ३५ | श्री कान्छुराम चौधरी | गाउँसभा सदस्य | | |
| ३६ | श्री शम्सेर बहादुर रावत | गाउँसभा सदस्य | | |
| ३७ | श्री जापानी दमेनी | गाउँसभा सदस्य | | |
| ३८ | श्री किरिम बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| ३९ | श्री भूप बहादुर खड्का | गाउँसभा सदस्य | | |

आमन्त्रित

श्री टोपाराम चौधरी सदस्य जि.स.स. दाङ

गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७४

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## १९ औं गाउँ सभामा कर्मचारीहरूको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

मितिः २०८२/०३/०८

समयः दिनको ११.०० बजे

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नरेन्द्र उ अधिकारी | प्र.प्र. | [illegible] | |
| २ | कृष्ण के.सी. | प्रि.सि. | [illegible] | |
| ३ | गोमा भट्टराई | कार्यक्रम संयोजक | [illegible] | |
| ४ | श्रीषा आचार्य | कृषि अधिकृत | [illegible] | |
| ५ | पुजा चौधरी | सि.बि.आर सहजकर्ता | [illegible] | |
| ६ | विनिता गिरी | अमिन | [illegible] | |
| ७ | शरु खनाल | अधिकृत (सूचना) | [illegible] | |
| ८ | लता घिमिरे | का.प्रा. (इन्जि) | [illegible] | |
| ९ | कल्पना विष्ट | उ.वि.स. | [illegible] | |
| १० | रिता योगी | कानिमजु | रितु | |
| ११ | पवित्रा के.सी. | [illegible] | [illegible] | |
| १२ | रसिता वामिछाने | सि.चालक | [illegible] | |
| १३ | लुक प्र. वोहरा | ह. चालक | [illegible] | |
| १४ | जीवराज गिरी | स.इ. | [illegible] | |
| १५ | देव बहादुर डाँगी | सि.चालक | [illegible] | |
| १६ | चुडामणि देवकोटा | ३ नं. वडा सचिव | [illegible] | |
| १७ | प्रकाश खनाल | अ.से. | [illegible] | |
| १८ | रोशन गिरी | कम्प्यु. इन्जिनियर | [illegible] | |
| १९ | राम शंकर यादव | सहायक कम्प्यु. सहा | [illegible] | |
| २० | हिंमराम खड्का | अधिकृत | [illegible] | |
| २१ | शिशिर कट्टराई | प.चि. | [illegible] | |
| २२ | रुकमराज सुवेदी | प.स्वा.प्रा. | [illegible] | |

| | | | | |
|---|---|---|---|---|
| २३ | मारतवीर चौ. | प्रमुख प्रशासकीय अधिकृत | [illegible] | |
| २४ | मान बहादुर डाँगी | सि.कृ.प्र.अ. | [illegible] | |
| २५ | प्रह्लाद चौधरी | [illegible] | [illegible] | |
| २६ | विमला कडेल | प्रधानाध्यापक | [illegible] | |
| २७ | समिर गौतम | अ.लेप (सहायक) | [illegible] | |
| २८ | सृजना भट्टराई | सि.अ.हे.व | [illegible] | |
| २९ | दामोदर शर्मा | सि.अ.हे.व.अ. | [illegible] | |
| ३० | सुन कुमारी घर्ति | स.म.वि.नि. | [illegible] | |
| ३१ | इन्दुलाल [illegible] | [illegible] | [illegible] | |
| ३२ | शान्ती बुढा मगर | सि.अ.हे.व | [illegible] | |
| ३३ | राजु चौधरी | का.स. | [illegible] | |
| ३४ | यादव बं डाँगी | अधिकृत (लेखा) | [illegible] | |
| ३५ | हेमन्त अधिकारी | मा.शि.तृ | [illegible] | |
| ३६ | प्रमोद आचार्य | कृ.अ. | [illegible] | |
| ३७ | विनोद चौधरी | चालक | [illegible] | |
| ३८ | [illegible] चौधरी | का.स. | [illegible] | |
| ३९ | अशोक रगौंया | ह.स.चा | [illegible] | |
| ४० | [illegible] चौधरी | ट्रेक्टर चालक | [illegible] | |
| ४१ | टेक बहादुर [illegible] | [illegible] | [illegible] | |
| ४२ | | | | |
| ४३ | | | | |
| ४४ | | | | |
| ४५ | | | | |
| ४६ | | | | |
| ४७ | | | | |
| ४८ | | | | |
| ४९ | | | | |
| ५० | | | | |
| ५१ | | | | |
| ५२ | | | | |
| ५३ | | | | |

गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, नेपाल २०७४

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१९ औं गाउँ सभा

**कार्यसूची र समयतालिका**

बैठक संख्या: १ (एक) मिति: २०८२/०३/०८

गाउँ सभाको बैठक बसेको स्थान: दंगीशरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

समय: दिनको ११.०० बजे

अध्यक्षता: श्री शम्भु गिरी

| क्र.सं. | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | प्रस्तावको विषय | कैफियत |
|---|---|---|---|---|
| १ | सभा प्रारम्भ | अध्यक्ष | | |
| २ | दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुति। | अध्यक्ष | प्रस्तुति | |

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

प्रमाणित गर्ने:

शम्भु गिरी

अध्यक्ष

# मिति २०८२ साल असाढ ०८ गतेको दंगीशरण गाउँसभाको १९ औं अधिवेशनको पहिलो बैठकका निर्णयहरू

कार्यसूचि नं. २ दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमको प्रस्तुति ।

निर्णय नं. १

दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूले वाचन गरी सभामा पेश गरियो । चालु अधिवेशनको दोश्रो बैठक आगामी ०८२ साल असाढ १० गते दिनको १.०० बजे बस्ने गरी आजको बैठक स्थगित गरियो ।

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७३

१९औं गाउँ सभाको
बैठक संख्या: १/२०८२/०८२
मिति २०८२/०३/०८ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१९ औं गाउँ सभा

## कार्यसूची र समयतालिका

बैठक संख्याः २ (दुई) मितिः २०८२/०३/०८

गाउँ सभाको बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

बैठक बस्ने मितिः २०८२/०३/१० समयः दिनको १.०० बजे

अध्यक्षताः श्री शम्भु गिरी

| क्र.सं. | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | प्रस्तावको विषय | कैफियत |
|---|---|---|---|---|
| १ | सभा प्रारम्भ | अध्यक्ष | | |
| २ | दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गरियोस्। | अध्यक्ष | निर्णयार्थ | |
| ३ | दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम सभा समक्ष प्रस्तुति। | उपाध्यक्ष | प्रस्तुति | |
| ४ | दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८२ सभा समक्ष प्रस्तुति । | उपाध्यक्ष | प्रस्तुति | |
| ५ | दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८२ सभा समक्ष प्रस्तुति । | उपाध्यक्ष | प्रस्तुति | |
| ६ | दंगीशरण गाउँपालिकाको महटवाँ प्रणालीको संरक्षण, प्रवर्द्धन र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ सभा समक्ष प्रस्तुति । | उपाध्यक्ष | प्रस्तुति | |
| ७ | दंगीशरण गाउँपालिकाको प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ सभा समक्ष प्रस्तुति । | उपाध्यक्ष | प्रस्तुति | |

प्रस्ताव/कार्यसूचि बुझेको भरपाई

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री पिमाकुमारी वली खड्का | गाउँसभा सदस्य | | |
| २ | श्री रमेश भण्डारी | गाउँसभा सदस्य | | |
| ३ | श्री डम्बर खत्री | गाउँसभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री सुकलाल चौधरी | गाउँसभा सदस्य | | |
| ५ | श्री कमल थारू | गाउँसभा सदस्य | | |
| ६ | श्री निरज बस्नेत | गाउँसभा सदस्य | | |
| ७ | श्री रोशन जङ्ग शाह | गाउँसभा सदस्य | | |
| ८ | श्री रेशम बहादुर वली | गाउँसभा सदस्य | | |
| ९ | श्री मिना चौधरी | गाउँसभा सदस्य | | |
| १० | श्री द्रौपदी चौधरी | गाउँसभा सदस्य | | |
| ११ | श्री टंकी भण्डारी | गाउँसभा सदस्य | | |
| १२ | श्री चन्दा योगी | गाउँसभा सदस्य | | |
| १३ | श्री कृष्ण कामी | गाउँसभा सदस्य | | |
| १४ | श्री सितारा नेपाली | गाउँसभा सदस्य | | |
| १५ | श्री हुमा गिरी | गाउँसभा सदस्य | | |
| १६ | श्री लक्ष्मी परियार | गाउँसभा सदस्य | | |
| १७ | श्री चन्द्रलाल चौधरी | गाउँसभा सदस्य | | |
| १८ | श्री लुमा चौधरी | गाउँसभा सदस्य | | |
| १९ | श्री अन्जना बि.क. | गाउँसभा सदस्य | | |
| २० | श्री मोहन बि.क. | गाउँसभा सदस्य | | |
| २१ | श्री लाल बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| २२ | श्री रामकली चौधरी | गाउँसभा सदस्य | | |
| २३ | श्री सरिता बि.क. | गाउँसभा सदस्य | | |
| २४ | श्री लक्ष्मणदास चौधरी | गाउँसभा सदस्य | | |
| २५ | श्री तेजकुमारी नेपाली | गाउँसभा सदस्य | | |
| २६ | श्री देवराज रेउले | गाउँसभा सदस्य | | |
| २७ | श्री सिताराम चौधरी | गाउँसभा सदस्य | | |
| २८ | श्री ममता चौधरी | गाउँसभा सदस्य | | |
| २९ | श्री सुमित्रा बि.क. | गाउँसभा सदस्य | | |
| ३० | श्री कमल वली | गाउँसभा सदस्य | | |
| ३१ | श्री भुम प्रसाद देवकोटा | गाउँसभा सदस्य | | |
| ३२ | श्री उर्मिला परियार | गाउँसभा सदस्य | | |
| ३३ | श्री कान्छुराम चौधरी | गाउँसभा सदस्य | | |
| ३४ | श्री शम्सेर बहादुर रावत | गाउँसभा सदस्य | | |
| ३५ | श्री जापानी दर्मनी | गाउँसभा सदस्य | | |
| ३६ | श्री किरिम बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| ३७ | श्री भूप बहादुर खड्का | गाउँसभा सदस्य | | |

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## १९ औं गाउँ सभाको बैठकको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

बैठक सख्याः २ (दुई)

मितिः २०८२/०३/१०

समयः दिनको १.०० बजे

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री शम्भु गिरी | अध्यक्ष | | |
| २ | श्री पिमाकुमारी वली खड्का | गाउँसभा सदस्य | | |
| ३ | श्री कर्ण बहादुर नेपाली | सचिव | | |
| ४ | श्री रमेश भण्डारी | गाउँसभा सदस्य | | |
| ५ | श्री डम्बर खत्री | गाउँसभा सदस्य | | |
| ६ | श्री सुकलाल चौधरी | गाउँसभा सदस्य | | |
| ७ | श्री कमल थारू | गाउँसभा सदस्य | | |
| ८ | श्री निरज बस्नेत | गाउँसभा सदस्य | | |
| ९ | श्री रोशन जङ्ग शाह | गाउँसभा सदस्य | | |
| १० | श्री रेशम बहादुर वली | गाउँसभा सदस्य | | |
| ११ | श्री मिना चौधरी | गाउँसभा सदस्य | | |
| १२ | श्री दुर्पती थरूनी | गाउँसभा सदस्य | | |
| १३ | श्री टंकी भण्डारी | गाउँसभा सदस्य | | |
| १४ | श्री चन्दा योगी | गाउँसभा सदस्य | | |
| १५ | श्री कृष्ण कामी | गाउँसभा सदस्य | | |
| १६ | श्री सितारा नेपाली | गाउँसभा सदस्य | | |
| १७ | श्री हुमा गिरी | गाउँसभा सदस्य | | |
| १८ | श्री लक्ष्मी परियार | गाउँसभा सदस्य | | |
| १९ | श्री चन्द्रलाल चौधरी | गाउँसभा सदस्य | | |
| २० | श्री लुमा चौधरी | गाउँसभा सदस्य | | |
| २१ | श्री अन्जना बि.क. | गाउँसभा सदस्य | | |
| २२ | श्री मोहन बि.क. | गाउँसभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्री लाल बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| २४ | श्री रामकली चौधरी | गाउँसभा सदस्य | | |
| २५ | श्री सरिता बि.क. | गाउँसभा सदस्य | | |
| २६ | श्री लक्ष्मणदास चौधरी | गाउँसभा सदस्य | | |
| २७ | श्री तेजकुमारी नेपाली | गाउँसभा सदस्य | | |
| २८ | श्री देवराज रेउले | गाउँसभा सदस्य | | |
| २९ | श्री सिताराम चौधरी | गाउँसभा सदस्य | | |
| ३० | श्री ममता चौधरी | गाउँसभा सदस्य | | |
| ३१ | श्री सुमित्रा बि.क. | गाउँसभा सदस्य | | |
| ३२ | श्री कमल वली | गाउँसभा सदस्य | | |
| ३३ | श्री भुम प्रसाद देवकोटा | गाउँसभा सदस्य | | |
| ३४ | श्री उर्मिला परियार | गाउँसभा सदस्य | | |
| ३५ | श्री कान्छुराम चौधरी | गाउँसभा सदस्य | | |
| ३६ | श्री शम्सेर बहादुर रावत | गाउँसभा सदस्य | | |
| ३७ | श्री जापानी दमेनी | गाउँसभा सदस्य | | |
| ३८ | श्री किरिम बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| ३९ | श्री भूप बहादुर खड्का | गाउँसभा सदस्य | | |

आमन्त्रित

श्री टोपाराम चौधरी सदस्य जि.स.स. दाङ

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## १९ औं गाउँ सभामा कर्मचारीहरूको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

मितिः २०८२/०३/१०

समयः दिनको ११.०० बजे

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | शरु भुसाल | अधिकृत सातौं | | |
| २ | शोभा आचार्य | कृषि अधिकृत | | |
| ३ | लता घिमिरे | ना.प्रा.स.(कृषि) | | |
| ४ | योगमाया कुँवर | ,, | | |
| ५ | रिता डाँगी | नागरिक | | |
| ६ | जीवराज गिरी | स.ई. | | |
| ७ | ओमकिरण पाण्डे | अ.हे.व. | | |
| ८ | कल्पना विष्ट | उ.वि.प. | | |
| ९ | सतिस भण्डारी | को.ह. | | |
| १० | प्रमोद गिरी | वडा सचिव | | |
| ११ | कालुराम चौधरी | पञ्जीकरण | | |
| १२ | छितराम चौधरी | अधिकृत | | |
| १३ | विनिता गिरी | अमिन | | |
| १४ | पुजा चौधरी | CBR सहजकर्ता | | |
| १५ | विनोद अधिकारी | प्रा.स. | | |
| १६ | मानबहादुर डाँगी | इ.प.अ. | | |
| १७ | एकराज सुवेदी | प.स्वा.प्रा. | | |
| १८ | पवित्रा के.सी. | ल्या.टे. | | |
| १९ | उमा के.सी. | प्रा.ले. | | |
| २० | राधा शर्मा | वि.आ.नि. | | |
| २१ | सीता लामिछाने | विज्ञ-प्रशिक्षार्थी | | |
| २२ | गोमा भट्टराई | कार्यक्रम संयोजक | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | गणेश डि. सी. | स. ई. | Ganesh | |
| २४ | प्रह्लाद चौलागाईं | सं. प्रा. नि. | [illegible] | |
| २५ | टेक बहादुर रावत | सूचना अधिकारी | [illegible] | |
| २६ | रोशन गिरी | इ. ओ. सं. अध्यक्ष | [illegible] | |
| २७ | सन्तोष चौधरी | रोजगार सहायक | [illegible] | |
| २८ | सुन कुमारी घर्ति | महिला/बालबालिका | सुनकुमारी | |
| २९ | शिशिर कट्टेल | प्र. चि. | [illegible] | |
| ३० | शुभ प्रसाद वोहरा | स. इ. | [illegible] | |
| ३१ | मानवी रायी | हे. इ. अधिकृत | [illegible] | |
| ३२ | फुल बहादुर बुढा | प्र. व. ना. नि. | [illegible] | इप्रका हेकुली दाङ |
| ३३ | गिरिजा प्रसाद डाँगी | प्र० स० ह० | गिरी | 〃 — 〃 |
| ३४ | पूर्ण चौधरी | का स | [illegible] | |
| ३५ | दुर्गा प्र. वली | प्रहरी जवान | [illegible] | इ० प्र० का० हेकुली दाङ |
| ३६ | ललिता चौधरी | सामुदायिक सहजकर्ता | [illegible] | |
| ३७ | पवित्रा चौधरी | सामुदायिक सहजकर्ता | [illegible] | |
| ३८ | राजेन्द्र कोइराला | का. स. | राजेन्द्र | |
| ३९ | राजु चौधरी | का स | | |
| ४० | | | | |
| ४१ | | | | |
| ४२ | | | | |
| ४३ | | | | |
| ४४ | | | | |
| ४५ | | | | |
| ४६ | | | | |
| ४७ | | | | |
| ४८ | | | | |
| ४९ | | | | |
| ५० | | | | |
| ५१ | | | | |
| ५२ | | | | |
| ५३ | | | | |

गाउँपालिका
कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७४

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१९ औं गाउँ सभा

## कार्यसूची र समयतालिका

बैठक संख्याः २ (दुई) मितिः २०८२/०३/१०

गाउँ सभाको बैठक बसेको स्थानः दंगी+शरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

समयः दिनको १.०० बजे

अध्यक्षताः श्री शम्भु गिरी

| क.सं. | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | प्रस्तावको विषय | कैफियत |
|---|---|---|---|---|
| १ | सभा प्रारम्भ | अध्यक्ष | | |
| २ | दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गरियोस्। | अध्यक्ष | निर्णयार्थ | |
| ३ | दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम सभा समक्ष प्रस्तुति। | उपाध्यक्ष | प्रस्तुति | |
| ४ | दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८२ सभा समक्ष प्रस्तुति । | उपाध्यक्ष | प्रस्तुति | |
| ५ | दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८२ सभा समक्ष प्रस्तुति । | उपाध्यक्ष | प्रस्तुति | |
| ६ | दंगीशरण गाउँपालिकाको महटवाँ प्रणालीको संरक्षण, प्रवर्द्धन र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ सभा समक्ष प्रस्तुति । | उपाध्यक्ष | प्रस्तुति | |

प्रमाणित गर्नेः

शम्भु गिरी

अध्यक्ष

# मिति २०८२ साल असाढ १० गतेको दंगीशरण गाउँसभाको १९ औं अधिवेशनको दोश्रो बैठकका निर्णयहरू

**कार्यसूचि नं. २** दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गरियोस् ।

**निर्णय नं. १**

मिति २०८२ साल असाढ ८ गते सभाका अध्यक्ष श्री शम्भु गिरीज्यूले प्रस्तुत गर्नुभएको दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनिमतका आधारमा संशोधन सहित सर्वसम्मतिबाट पारित गरियो ।

**कार्यसूचि नं. ३** दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रमको प्रस्तुति ।

**निर्णय नं. २** नेपालको संविधान २०७२ को धारा २३० तथा दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) र (२) बमोजिम दंगीशरण गाउँपालिकाका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूले आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम वाचन गरी सभा समक्ष प्रस्तुत गरियो ।

**कार्यसूचि नं. ४** दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक २०८२ माथि छलफल गरियोस् ।

**निर्णय नं. ३** दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) बमोजिम सभाध्यक्षको अनुमतिले दंगीशरण गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूबाट दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक २०८२ छलफलका लागि सभा समक्ष पेश गरियो ।

**कार्यसूचि नं. ५** दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक २०८२ माथि छलफल गरियोस् ।

**निर्णय नं. ४** दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) बमोजिम सभाध्यक्षको अनुमतिले दंगीशरण गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूबाट दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक २०८२ छलफलका लागि सभा समक्ष पेश गरियो ।

**कार्यसूचि नं. ६** दंगीशरण गाउँपालिकाको महटवाँ प्रणालीको संरक्षण, प्रवर्द्धन र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ माथि छलफल गरियोस् ।

१८औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२।०३।१०
निर्णय प्रमाणित

शम्भु गिरी
अध्यक्ष

**निर्णय नं. ५** दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) बमोजिम सभाध्यक्षको अनुमतिले दंगीशरण गाउँपालिकाका उपाध्यक्ष तथा विधेयक समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूबाट दंगीशरण गाउँपालिकाको दंगीशरण गाउँपालिकाको महटवाँ प्रणालीको संरक्षण, प्रवर्द्धन र विकासका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ माथि छलफलका लागि सभा समक्ष पेश गरियो ।

दंगीशरण गाउँपालिका गाउँपालिकाको कार्यालय

१८औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२।०३।१० को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

## दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूले गाउँ सभाको १९ औं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत गर्नु भएको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

गाउँ सभाका सदस्यज्यूहरू,

१. दंगीशरण गाउँपालिकाको यस गरिमामय गाउँ सभाको १९ औं अधिवेशनको पहिलो बैठकमा आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको अनुभूति गरेको छु । मलाई यो सुअवसर प्रदान गर्नुहुने सार्वभौम दंगीशरण गाउँपालिका बासी आदरणीय मतदाताज्यूहरूप्रति कृतज्ञ छु । सार्वभौम जनताको मताधिकार र लोकसम्मतिका आधारमा शासन सञ्चालन गर्ने परिपाटीको विकासका लागि नेपालको विभिन्न लोकतान्त्रिक आन्दोलनमा होमिएर शहादत प्राप्त गर्ने महान शहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै जनआन्दोलनका घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

२. नेपालको संविधान २०७२ जारी भएपश्चात संघीय शासन प्रणालीको अभ्यासका क्रममा स्थानीय तहको दोश्रो निर्वाचनबाट निर्वाचित भएर आएपछिका विगत तीन वर्षको अवधिमा विभिन्न आरोह अवरोह तथा बाधा व्यवधानहरूका बावजुद पनि संघीय शासन प्रणालीको मर्म अनुरूप राज्यका तर्फबाट प्रवाह गर्नु पर्ने सेवा सुविधा तथा विकास निर्माणका कार्यक्रमहरू सरल र सहज रूपमा जनताको घरदैलोमा पुर्याउने कार्यमा गाउँपालिका सफल रहेको महशुस भएको छ । सुशासन कायम गरी गाउँपालिकामा उपलब्ध सीमित श्रोत र साधनको अधिकतम् उपयोग गरी विकासको प्रतिफल जनताले अनुभूति हुने गरी सेवा प्रवाहको व्यवस्था मिलाउने हाम्रो प्रयास निरन्तर जारी रहनेछ ।

३. राज्यका श्रोतहरूमा सम्पन्नहरूको मात्र पहुँच हुने परिपाटीलाई अन्त्य गरी निमुखा तथा विपन्न वर्गलाई राज्य श्रोतको समन्यायिक वितरणको संस्थागत विकास गर्न गाउँपालिकाको विशेष पहल रहनेछ । आगामी आर्थिक वर्षमा छनौट हुने योजना तथा कार्यक्रमहरू बस्तीस्तरबाट भएका माग, आवश्यकता तथा औचित्यका आधारमा गरी त्यसको कार्यान्वयनमा समेत तिनै वर्गहरूको संलग्नता र सहभागितामा गर्ने परिपाटीको विकास गरिनेछ । "हाम्रो प्रण, समुन्नत दंगीशरण" भन्ने हाम्रो मूल मन्त्रलाई व्यवहारिक रूपमा नै लागु गर्न कम लागतमा सञ्चालन हुने, रोजगारी सिर्जना गर्ने, जनताको सहभागिता अभिवृद्धि गर्ने र उत्पादन बढाउने खालका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

४. स्थानीय तहको दोश्रो कार्यकालको निर्वाचनद्वारा निर्वाचित भएर आएपश्चात सञ्चालन गरिएका जनमूखि कार्यक्रमहरू "उज्यालो आंखा कार्यक्रम", "सुत्केरी पोषण प्रोत्साहन" "दंगीशरण स्वास्थ्य सुधार कार्यक्रम" र "छोरी सम्मान कार्यक्रम" को सफलतापूर्वक कार्यान्वयन पश्चात यसबाट लक्षित वर्गले अपेक्षित लाभ हासिल गरिरहेका छन् । यस्ता जनमुखि कार्यक्रमहरूलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिँदै थप जनमूखि कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

गाउँ सभाका सदस्यज्यूहरू !

विगतमा सञ्चालन भएका कार्यक्रमहरूको उपलब्धि, औचित्य, सिकाइ र अनुभवहरूलाई आधार मान्दै आगामी आर्थिक वर्षमा देहायबमोजिमका कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, हेकुली, दाङ, लुम्बिनी प्रदेश, नेपाल, २०७३

गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२/०३/१० गते
निर्णय अनुमोदित।

शम्भु गिरी
अध्यक्ष

५. गाउँपालिकाकको उपलब्ध बजेट तथा श्रोतहरूलाई जनताको जीवनस्तरमा सुधार आउने, लागत सहभागिता सुनिश्चित हुने, कम लागतमा सञ्चालन हुने, रोजगारी सिर्जना गर्ने र उत्पादकत्व वृद्धिमा योगदान पुर्याउने खालका योजना तथा कार्यक्रमहरूमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ ।

६. सुशासनको प्रत्याभूति गर्दै गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरूबाट प्रदान गरिने सेवा सुविधाहरूलाई निष्पक्ष, पारदर्शी, छिटोछरितो, प्रविधीमैत्री र समतामूलक बनाउँदै सरल, सहज र झन्झट रहित बनाउँदै लगिनेछ ।

७. योजना तथा कार्यक्रमहरूको छनौट गर्दा समुदायमा आर्थिक तथा सामाजिक रूपमा पछांडि परेका वर्गहरूलाई लक्षित गर्दै मागका आधारमा योजना तथा कार्यक्रम छनौट गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

८. नागरिकका गुनासाहरू बुझेर समयमा नै उपयुक्त समाधानको निमित्त "नागरिकसँग अध्यक्ष" कार्यक्रमको तर्जुमा गरी जनताको घरदैलोमा पुगेर गुनासा, सल्लाह, सुझावहरूको सङ्कलन तथा समाधानका लागि पहल गरिनेछ ।

९. सामाजिक विकासको माध्यमबाट जनताको सामाजिक, आर्थिक, शैक्षिक स्तर सुधार गरी समाजमा पछाडि परेका वर्ग तथा समुदायलाई विकासको मूलधारमा ल्याउने खालका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

१०. बढ्दो बेरोजगारीको समस्या हल गर्न, वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीपलाई उपयोग गरी आर्थिक उत्पादकत्व वृद्धि गर्न राष्ट्रिय रोजगार कार्यक्रमसँग समन्वय गरी गाउँपालिकाले युवा र रोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. कृषि क्षेत्रमा जल्दोबल्दो समस्याको रूपमा रहेको रासायनिक मल तथा विषादीको अत्यधिक प्रयोगलाई न्यूनिकरण गर्न गाउँपालिकाले प्रदेश सरकारसँगको साझेदारीमा जैविक मल तथा विषादी उत्पादनको लागि मल खाद उद्योग स्थापना गर्न गरिनेछ ।

१२. आर्थिक समुन्नतिको प्रमुख आधारको रूपमा रहेको कृषि तथा पशुपालनको क्षेत्रमा आत्मनिर्भर बनाउनको लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको साझेदारीमा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१३. शैक्षिक गुणस्तर सुधार गर्नका लागि शैक्षिक योजना निर्माण सम्पन्न गरी सीपमूलक, प्रविधीमैत्री, बालमैत्री सिकाइका लागि पूर्वाधारको विकासका साथै शिक्षकहरूको क्षमता विकासलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।

१४. बालमैत्री स्थानीय शासनको लागि आवश्यक पूर्वतयारी गरी आ.व. २०८३/०८४ सम्म दंगीशरण गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरिनेछ ।

१५. अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याई उनिहरूको क्षमता विकासको लागि अपाङ्गमैत्री पूर्वाधार विकास तथा कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ ।

१६. जातीय छुवाछुत तथा विभेद अन्त्यका लागि आगामी आर्थिक वर्षमा दंगीशरण गाउँपालिकालाई जातिय छुवाछुत मुक्त गाउँपालिका घोषणा गरिनेछ ।

१७. स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ गराई अशक्त, अपाङ्ग, जेष्ठ नागरिक, बेसहारा, गर्भवती, सुत्केरी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई गाउँपालिकाबाट दिइने सबै किसिमका स्वास्थ्य सेवाहरू निशुल्क बनाउँदै लगिनेछ ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल

१५३औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२।०३।१० को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

१८. दंगीशरणको गौरवको रूपमा रहेको दंगीशरण आधारभूत अस्पताल संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा पूर्ण क्षमतामा सञ्चालन गर्नुका साथै फार्मेसी र स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ ।

१९. दंगीशरण गाउँपालिकाका ९८ प्रतिशत घरधुरीहरूमा खानेपानी पुगिसकेको र बाँकी घरधुरीहरूमा गुणस्तरीय खानेपानी तथा सरसफाई सुविधा प्रदान गरी स्वास्थ्यको सुरक्षा तथा प्रवर्द्धन गर्न खानेपानी आयोजनाहरूको शिघ्र कार्यान्वयन गरी सुरक्षित पिउने पानी वितरणलाई विशेष पहल गरिनेछ ।

२०. गाउँपालिकाबाट सञ्चालन हुने योजनाहरूलाई उपभोक्ता समितिहरूमार्फत सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । उपभोक्ता समितिहरूमा महिलाहरूको सहभागितालाई थप प्रोत्साहित गरिनेछ ।

२१. आर्थिक सुशासन र पारदर्शिता कायम गर्न गाउँपालिकाबाट हुने सबै प्रकारका भुक्तानीहरूलाई विद्युतीय प्रणाली मार्फत बैंकिङ्ग कारोबारको माध्यमबाट हुने कुराको सुनिश्चितता गरिनेछ ।

२२. दंगीशरण गाउँपालिकाभित्र रहेका भाषा, संस्कृति, कला, भेषभुषाहरूको विकास गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न योगदान दिने कार्यक्रमहरूको छनौट तथा कार्यान्वियनलाई प्राथमिकता दिइनेछ ।

२३. दंगीशरण गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यहरूको पूर्वाधार विकास गरी आकर्षक पर्यटकीय क्षेत्रका रूपमा पहिचान कायम गर्न प्राथमिकता दिइनेछ ।

२४. न्याय सम्पादनलाई छिटोछरितो, वैज्ञानिक र पहुँचयुक्त बनाउन पूर्वाधारको विकास तथा न्यायिक समितिको क्षमता विकासलाई जोड दिइनेछ ।

२५. प्राकृतिक विपत्तिको रोकथाम तथा जोखिम न्यूनिकरण गर्न उद्दार सामाग्रीको व्यवस्थापन र जनप्रतिनिधी तथा कर्मचारीको क्षमता विकास गरिनेछ ।

गाउँ सभाका सदस्यज्यूहरू !

अब म आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने विषयक्षेत्रगत नीति तथा कार्यक्रमहरू पेश गर्ने अनुमति चाहन्छु । सर्वप्रथम आर्थिक विकास क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू पेश गर्दछु ।

## आर्थिक विकास

### (क) कृषि विकास तथा प्रसार

२६. दंगीशरण गाउँपालिकाको प्रमुख पेशाको रूपमा रहेको कृषि क्षेत्रको विकासको लागि उन्नत वीउ विजन उत्पादन, भण्डारण तथा वितरणको लागि प्रोत्साहित गर्न वीउ उत्पादनको लागि अनुदान दिने व्यवस्था मिलाइनेछ ।

२७. कृषि क्षेत्रमा आधुनिकीकरण गर्न किसानसँग लागत साझेदारीमा कृषि औंजार तथा उपकरण, वीउ, मल उपलब्ध गराउनुका साथै आधुनिक र व्यवसायिक खेतिका लागि कृषक समूहहरूलाई तालिम प्रदान गरिनेछ ।

२८. जैविक खेति प्रणालीको विकास गरी तरकारी, फलफूल तथा अन्न उत्पादनका लागि प्रविधि विकास तथा हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ । पर्यावरणमा आधारित जैविक मल उत्पादन एवं जैविक खेति प्रोत्साहनको लागि त्यसको प्रचार प्रसार एवं बजारीकरणका लागि अनुदान दिने व्यवस्था मिलाइनेछ ।

२९. चालु आ.व.मा गरेको नमुना बगर खेतिबाट प्राप्त अनुभवलाई किसानहरूसँग आदानप्रदान गर्नुका साथै बगर खेतिलाई थप विकास र विस्तार गरिनेछ ।

१८औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२/०३/१०
निर्णय प्रमाणित।

अध्यक्ष

३०. गाउँपालिकाभित्रै जैविक मल उत्पादन प्लान्ट निर्माणका लागि सम्भाव्यता अध्ययन गरी आगामी आ.व. मा काम अगाडि बढाउने गरी आवश्यक व्यवस्था मिलाइनेछ । प्राङ्गारिक मल, जैविक विषादि प्रवर्द्धनका लागि पशुपन्छिमा कृषकलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराइनेछ ।

३१. दंगीशरण गाउँपालिकाको आफ्नै कृषि प्रोफाइल तयार गरी गाउँपालिकाका विभिन्न क्षेत्रहरूलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरिनेछ । साझेदार निकाय तथा संघसंस्थासँगको सहकार्यमा स्मार्ट कृषि प्रविधी एवं डिजिटल साक्षरता कार्यक्रमलाई थप विस्तार गर्दै लगिनेछ ।

३२. तरकारी, फलफूल तथा खाद्यान्न बालीमा आत्मनिर्भर बनाउन कृषि क्षेत्रको विकासको लागि सिचाई, प्रविधीको विकास, बाली संरक्षण तथा भण्डारणको लागि साझेदार निकायहरूसँगको सहकार्यका आधारमा लगानी प्रवर्द्धन गरिनेछ । बेमौसमी तरकारी खेतिलाई थप व्यवस्थित गरी जैविक तरकारी उत्पादन, प्रचार प्रसार तथा बजारीकरणको लागि कार्यक्रमहरूको तर्जुमा गरी लागु गरिनेछ ।

३३. तरकारी, फलफूल तथा खाद्यान्न बालीमा लाग्ने रोगहरूको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन स्थलगत निरीक्षण, अवलोकनलाई तिब्र बनाउँदै समय मै रोकथाम र नियन्त्रणको आवश्यक व्यवस्था मिलाइनेछ ।

३४. छिटो र बढी मुनाफा दिने खालका दलहन, तेलहन, मकै तथा तरकारी खेतिको पकेट क्षेत्रको रूपमा विकास गर्ने तथा बाली विविधीकरणलाई विशेष ध्यान दिइनेछ ।

३५. अदुवा, बेसार, लसुन, प्याज जस्ता मसलाजन्य वस्तु उत्पादन गरी बजारीकरण गर्न कृषकलाई प्रोत्साहित गरी सामूहिक मसला खेतिलाई प्रोत्साहित गरिनेछ ।

## (ख) पशुपन्छि विकास तथा प्रसार

३६. आम्दानीको प्रमुख श्रोतको रूपमा रहेको पशुपन्छि व्यवसायलाई उन्नत तथा व्यवसायिक बनाउन पशुपालक कृषकहरूलाई आधुनिक पशुपालन व्यवसाय तर्फ आकर्षित गर्न क्षमता विकास तथा प्रविधीमा सहयोग प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

३७. मासु, दुग्ध उत्पादन प्रवर्द्धन गर्न पशु नश्ल सुधार कार्यक्रमलाई थप व्यवस्थित गरी कृत्रिम गर्भाधानलाई सहज र सर्वसुलभ गराइनुका साथै मासु, दुध र अण्डाको बजारीकरणको लागि आवश्यक सहजिकरण गरिनेछ ।

३८. पशुपन्छि व्यवसाय प्रवर्द्धनका लागि कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता परियोजनामार्फत आधुनिक गोठ, खोर एवं भकारो निर्माण तथा सुधार कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

३९. किसानसँग लागत सहभागितामा उन्नत जातका बोका, राँगा, बङगुर, कुखुरा, हाँस वितरण गरी पशुपालन व्यवसायतर्फ किसानलाई आकर्षित गरिनेछ । बेमौसमी घाँसको उत्पादन बढाउनुका साथै तिनका विरुवाहरू पालिकाभित्रै उत्पादन गरी वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

४०. मत्स्यपालन व्यवसायलाई प्रवर्द्धन गरी माछाको उत्पादन वृद्धि गर्न मत्स्य व्यवसायलाई यान्त्रिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । बबई नदीमा मत्स्य व्यवसाय सञ्चालन गर्न चाहने जलचर एवं जलीय जैविक विविधता संरक्षण उपभोक्ता समितिहरूलाई संघीय एवं प्रदेश सरकारसँगको सहकार्यमा अनुमति दिने व्यवस्था मिलाइनेछ ।

१८औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२/०३/१०

अध्यक्ष

४१. पशुपन्छिलाई लाग्न सक्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि भ्याक्सिन लगाउने कार्यलाई निरन्तरता दिनुको साथै औषधीको उपलब्धता १२ महिना हुने गरी सुनिश्चितता गरिनेछ।

४२. पशुपन्छि महामारी रोकथाम तथा नियन्त्रणको लागि हरबखत सजग रहने गरी आवश्यक व्यवस्था गरिनेछ। महामारी रोकथामको लागि समय मै भ्याक्सिन उपलब्ध गराउन व्यवस्था गरिनेछ।

४३. दाङको पहिचानको रूपमा रहेको बधिया भाले उत्पादनलाई प्रवर्द्धन गर्न कुखुराको बन्ध्याकरणलाई निशुल्क र सर्वसुलभ गराइनेछ। लोकल कुखुरा उत्पादन गर्न चाहने कृषकहरूलाई आधुनिक खोर निर्माणका लागि अनुदान दिने व्यवस्था मिलाइनेछ।

४४. दंगीशरण गाउँपालिकाभित्र रहेका ताल तलैयाहरूको संरक्षण गरी मत्स्य व्यवसाय सञ्चालन गर्न ताल तथा नदी संरक्षण र मत्स्य व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। जलचर तथा जलीय जैविक विविधता संरक्षणका लागि उपभोक्ता समितिहरू दर्ता गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

४५. दंगीशरण गाउँपालिकामा रहेको गौशालालाई थप व्यवस्थित गर्न पूर्वाधार निर्माण तथा पशु संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

### उद्योग तथा व्यवसाय

४६. परम्परा तथा संस्कृतिमा आधारित घरेलु तथा साना उद्योग सञ्चालन गरी व्यवसायिक उत्पादन वृद्धि गर्न सीप विकास तथा बजारीकरणलाई विशेष प्राथमिकता दिइनेछ।

४७. सामुहिक रूपमा घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालनका लागि आवश्यक लगानीका लागि साझेदार निकाय तथा वित्तिय संस्थाहरूसँग सहकार्य गरिनेछ। परम्परागत सीपमा आधारित साना उद्योग सञ्चालनका लागि क्षमता विकास गर्नुका साथै प्रविधी हस्तान्तरण गरिनेछ।

४८. स्थानीय रूपमा उपलब्ध कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तुको प्रयोग तथा बजारीकरणका लागि विशेष प्रोत्साहन गरिनेछ। आगामी आर्थिक वर्षदेखि गाउँपालिका, वडा कार्यालय तथा मातहतका कार्यालयबाट सञ्चालित सम्पूर्ण कार्यक्रमहरूमा प्लास्टिकबाट उत्पादित प्लेट, कप, कचौराहरूको प्रयोगलाई प्रतिबन्धित गरी स्थानीय रूपमा उत्पादित दुना, टपरी तथा प्लेटको प्रयोग गरिनेछ।

४९. स्थानीय कच्चा पदार्थ र सीपको प्रयोग गरी वस्तु उत्पादन गर्ने उद्योग व्यवसायलाई गाउँपालिकामा तिर्नुपर्ने व्यवसाय करमा छुट दिने व्यवस्था गरिनेछ। थारू जातिको परम्परागत सीपमा आधारित ढकिया, भाँडाकुँडा, सांस्कृतिक गरगहना तथा पोशाक उत्पादन गर्ने साना उद्योगहरूको दर्ता शुल्क तथा वार्षिक करमा छुट दिने व्यवस्था मिलाइनेछ।

५०. दलित जातिको परम्परागत पेशासँग सम्बन्धित उद्योग वा व्यवसाय सञ्चालन गर्दा लाग्ने व्यवसाय दर्ता शुल्क निशुल्क गरी कर छुट दिने व्यवस्था मिलाइनेछ।

(घ) पर्यटन

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, नेपाल २०७३

१८औं गाउँ सभाको बैठक संख्या: २ मिति: २०८२/०३/१० निर्णय प्रमाणित।

अध्यक्ष

५१. दंगीशरण गाउँपालिकाको प्रशासनिक भवनमा दंगीशरण गाउँपालिकाभित्र रहेका पुरातात्विक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरूको जानकारी गराउने खालका तस्विरहरू राख्ने व्यवस्था मिलाइनेछ ।

५२. संघीय सरकार, प्रदेश सरकारसँगको सहकार्यमा दंगीशरण गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण, विकास तथा प्रचार प्रसारको लागि पहल गरिनेछ ।

५३. दंगीशरण गाउँपालिकाको सांस्कृतिक पहिचान दिने थारू जातिको संस्कृतिसँग जोडिएका भेषभुषा, पहिरन, खानपिन, नाचगान र थारू संस्कारको प्रचार प्रसारको लागि गाउँपालिकाको आयोजनामा सांस्कृतिक महोत्सव आयोजना गर्नुको साथै दाङ जिल्ला र आसपासका जिल्लाहरूमा आयोजित सांस्कृतिक महोत्सवहरूमा सहभागी गराउने व्यवस्था मिलाइनेछ ।

५४. थारू संस्कृतिमा आधारित होम स्टे, पाहुना घर, कोसेली घर, संग्रहालय तथा पार्कहरूको विकास र विस्तारको लागि आवश्यक व्यवस्था गरिनेछ ।

५५. दंगीशरण गाउँपालिकाभित्र रहेका रानीवन पार्क, चखौरा थारू सांस्कृतिक संग्रहालय, शिवपुरी धार्मिक तथा पर्यटकीय क्षेत्र, बागेचिरा जलाशय जस्ता क्षेत्रहरूमा थप पर्यटकीय पूर्वाधारको विकासको लागि आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ ।

५६. दंगीशरण गाउँपालिकाभित्र रहेका शिद्धबाबा मन्दिर फुर्केसल्ली, सिद्ध भवन्त नाथ मन्दिर, सति मन्दिर, लानेश्वर शिवालय, शिद्ध भगवती मन्दिर, बालगोपाल मन्दिर, राधकृष्ण मन्दिर पदमपुर एकली, सिद्धेश्वर शिव मन्दिर, भगवती मन्दिर नारायणपुर, भगवती मन्दिर कलमखोला, शिव मन्दिर सरुवाडाँडा, भगवती मन्दिर प्रसडुवा, भवानी मन्दिर बागर, शिव मन्दिर बाँकाको संरक्षण, विकास तथा पूर्वाधार विकासको लागि संघीय तथा प्रदेश सरकारसँग पहल र सहकार्य गरिनेछ ।

५७. बबई नदीमा जल पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न आवश्यक सम्भाव्यता अध्ययन गरी आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न निजी क्षेत्रसँग साझेदारी गरी आवश्यक कानूनी प्रक्रिया पुरा गरी सञ्चालनका लागि पहल गरिनेछ । दंगीशरण वडा नं. २ मा सातटाकुरा, राजाकोट, लक्ष्मीनारायण मन्दिर सलौरा, बाहबर्दिया, रक्सापिपल डाँडाचीस र बागरको ठण्डी बजारलाई पार्कको रूपमा विकास गरिनेछ ।

**(ङ) सहकारी**

५८. सहकारिताको भावना अनुरूप वित्तिय क्षेत्रको क्रियाकलापहरूलाई थप क्रियाशील बनाउन आवश्यक सहजिकरण गरिनेछ । सहकारी संस्थाहरूको नियमित सुपरीक्षण, अनुगमन र नियमन गरिनेछ ।

५९. सहकारी संस्थाहरूलाई नियमन गरी सबै कारोबारहरू सफ्टवेयर मार्फत गर्नका लागि कोपोमिस तालिमको व्यवस्था गरी अनिवार्य रूपमा लागु गराइनेछ ।

६०. सहकारी संस्थाका क्रियाकलापहरूलाई व्यवस्थित गर्न सहकारी संस्थाहरूलाई कार्यालय सञ्चालन, लेखा व्यवस्थापन तथा वित्तिय साक्षरता सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

१८औं गाउँ सभाको
बैठक संख्या: २
मिति: २०८१/०३/१०
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

६१. कृषि मल पारदर्शी तरिकाले वितरणको व्यवस्था मिलाउन प्रभावकारी अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था गरिनेछ। मल वितरणको अभिलेख दुरुस्त नभएका र मल वितरणमा अवाञ्छित गतिविधी गरी मलको अभाव सिर्जना गरेको पाइएमा कारवाही गरी अनुमति खारेज गरिनेछ।

६२. समस्याग्रस्त तथा रूग्ण सहकारी संस्थाहरूलाई एकापसमा मर्ज हुन प्रोत्साहित गरिनेछ। उत्कृष्ट कार्य गर्ने सहकारी संस्थाहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

### (च) रोजगार

६३. राष्ट्रिय रोजगार कार्यक्रमका क्रियाकलापहरूलाई विकास निर्माणका क्रियाकलापसँग समन्वय गरी रोजगारी सिर्जना तथा पूर्वाधार विकासमा जोड दिइनेछ। राष्ट्रिय रोजगार कार्यक्रमलाई वडाको विकास योजनाहरूसँग जोडेर रोजगारी सिर्जनालाई प्रोत्साहित गरिनेछ।

६४. संघीय सरकारबाट सञ्चालित युवा स्वरोजगार कार्यक्रमलाई परिमार्जन सहित गाउँपालिका आफैले सञ्चालन गरी विदेशबाट फर्किएका युवाहरूलाई सीपमूलक तालिमहरू कपाल कटाई, मोटरसाइकल मर्मत, मोबाइल मर्मत, कम्प्युटर मर्मत जस्ता तालिम प्रदान गरी स्वरोजगार बन्नका लागि प्रोत्साहित गरिनेछ।

६५. रोजगार सेवा केन्द्रको क्रियाकलापहरूलाई सशक्त बनाई रोजगार सूचना केन्द्रका रूपमा व्यवस्थित गरिनेछ। उक्त केन्द्रले श्रम बजारको खोजि गरी बेरोजगार व्यक्तिहरूलाई श्रोत केन्द्रको रूपमा काम गर्न सक्ने बनाइनेछ। सुरक्षित नागरिक आप्रवासन कार्यक्रममार्फत वैदेशिक रोजगार फर्किएका तथा वैदेशिक रोजगार पिडित युवाहरूलाई मनोसामाजिक परामर्श प्रदान गरी उत्पादनमूलक कार्यमा लाग्न प्रोत्साहित गरिनेछ।

६६. रोजगारीका अवसरहरू सिर्जना गर्नका लागि रोजगार संवाद कार्यक्रमको आयोजना गरी स्वरोजगारीका क्षेत्रहरू पहिचान गरेर युवाहरूलाई आत्मनिर्भरतातर्फ उन्मुख गराइनेछ।

६७. दंगीशरण गाउँपालिकाले यस वर्ष दिगो रोजगारी सिर्जना तथा प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेर **"मिसन रोजगारी: दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन- अभियान"** सञ्चालन गर्नेछ। यस अभियान अन्तर्गत, हाल सञ्चालन भइरहेका सीप विकास, उद्यमशीलता प्रवर्द्धन, श्रम बजार व्यवस्थापन, लगानी अभिवृद्धि कार्यक्रम लगायतका रोजगारी र उद्यमशीलतासँग सम्बन्धित कार्यक्रमहरूलाई एकीकृत गरेर मिसन रोजगारी अभियान अन्तर्गत नै निरन्तरता दिइनेछ। रोजगारी सृजनाका क्षेत्रको पहिचान, उद्यमशीलता प्रवर्द्धन, वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप सदुपयोग, तथा श्रम बजार अनुकूल सीप विकास कार्यक्रमहरूको निर्माण र कार्यान्वयन गरिनेछ। यसमार्फत गाउँ नगरपालिकाले श्रम- सीप- रोजगारीको दिगो चक्र निर्माण गर्दै उत्पादनशीलता, उद्यमशीलता र आर्थिक समुन्नतिको नयाँ आधार तय गर्नेछ।

६८. श्रम बजारको माग, उपलब्ध श्रोत र जनशक्ति, रोजगार प्रवृत्तिको अध्ययन गरी दंगीशरण गाउँपालिकाको रोजगारी रणनीति निर्माण गरिनेछ। गाउँपालिकाले आफ्नै भूगोल, स्रोत, आवश्यकता र मागको विश्लेषण गरी गाउँपालिकामा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा संभावनाको पहिचान, समस्याहरूको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरूको विकास गर्न रोजगार रणनीति तयार गर्नेछ।

१८औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२/०३/१९
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

६९. उद्यमशीलता विकास लाई स्थानीय रोजगारी सिर्जनाको मुख्य आधार मान्दै स्थानीय स्रोत, सीप र सन्दर्भ अनुकूल लघु तथा घरेलु उद्योग, स्टार्टअप र नवपर्वतनशील उद्यमलाई प्रवर्द्धन गर्ने नीति तथा संरचना विकास गरिनेछ। नागरिकलाई उद्दमी बनाउन र अवसरसँग जोड्नको लागी व्यवसायको संवर्धन र उद्यमहरूको द्रुतीकरण मार्फत नवप्रवर्तन, वित्त र प्रविधिमा पहुँच, बजार विस्तार, आम्दानी वृद्धि जस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। सिप विकास र तालिमपछिको अवसरको लागि रोजगारदाता तथा तालिम प्रदायक संस्थाहरू र तहगत सरकारहरूसँग समन्वय तथा सहकार्य गरिनेछ।

### (छ) भूमि व्यवस्थापन

७०. भूमिको अव्यवस्थित उपयोगलाई नियन्त्रण एवं नियमन गरी भू-उपयोग योजनाका आधारमा जग्गाको वर्गीकरण गरी उपयोगमा ल्याउन नियमन गरिनेछ। भूमिको खण्डिकरण र जथाभावी उपयोगलाई निरूत्साहित गरिनेछ।

७१. कृषियोग्य जमिनलाई वस्ती बिस्तारमा परिणत गर्ने कार्यलाई नियमन गरी रोकिनेछ। दंगीशरण गाउँपालिकाभित्रका सार्वजनिक जग्गाहरू गाउँपालिकाको मातहतमा ल्याई उपयुक्तताको आधारमा उपयोग गर्ने र बागरको खुल्ला जमिनलाई पार्कको रूपमा विकास गरिनेछ।

७२. अव्यवस्थित ऐलानी तथा सार्वजनिक जग्गालाई व्यवस्थित गर्न जग्गा नापी कार्यलाई पुनः निरन्तरता दिइनेछ। जग्गा नापी कार्यलाई छिटो सम्पन्न गर्न थप जनशक्ति परिचालन गरिनेछ। आगामी आ.व.मा जग्गा नापी कार्य सम्पन्न भएका वडाहरूमा जग्गा धनी लालपूर्जा वितरण गर्ने कार्यको शुरूवात गरिनेछ।

७३. भूमि प्रशासन सम्बन्धी ऐन, नियमको तर्जुमा गरी भूमि प्रशासन सम्बन्धी कामलाई सहज, सरल र सर्वसुलभ बनाइनेछ। सरकारी तथा सार्वजनिक जमिन अतिक्रमण गरेका तथा उपयोग गरेका व्यक्ति तथा संस्थाहरूलाई करको दायरामा ल्याइनेछ। करको दायरामा नआउने व्यक्तिहरूले उपयोग गरेको जमिनबाट अतिक्रमण हटाइनेछ।

## सामाजिक विकास

### (क) शिक्षा

७४. "**शिक्षित नागरिक, सभ्य दंगीशरणवासी** " भन्ने मूल मन्त्रलाई साकार पार्न दंगीशरण गाउँपालिकाभित्रका कुनैपनि बालबालिकालाई विद्यालय जानबाट बञ्चित हुन दिइने छैन।अपाङ्ग, टुहुरा बालबालिकालाई विद्यालयमा आकर्षित गर्न पोशाक, पाठ्यपुस्तक, शैक्षिक सामाग्रीको निःशुल्क व्यवस्था गरिनेछ।

७५. दिवा खाजा कार्यक्रमको प्रभावकारी रूपमा अनुगमन गरी दिवा खाजामा स्थानीय रूपमा उत्पादित, पोषिलो र कम लागतमा तयार हुने खानेकुराहरू समावेश गर्नु पर्ने व्यवस्था मिलाइनेछ। चाउचाउ, बिस्कुट, चिजबल्स, चिप्स जस्ता पत्रु खानालाई विद्यालयमा पूर्णरूपमा निषेध गरिनेछ।

७६. विद्यार्थी संख्या र नियमित उपस्थितिको आधारमा आवश्यकता अनुसार विद्यालयमा थप कक्षा कोठाको व्यवस्था गरिनेछ। विद्यार्थी संख्याको अनुपातमा सौचालयको संख्या कम भएका विद्यालयहरूमा सौचालयको संख्या थप गरिनेछ। किशोरी

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल २०७३

२५औं गाउँ सभाको बैठक संख्या: २ मिति २०८२/०३/१० को निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

छात्राहरूको लागि चेन्जिङ्ग रूमको व्यवस्था गरी नपुग भएका विद्यालयहरूमा सेनेटरी प्याड भेण्डिङ्ग मेशीन थप गर्नुको साथै विसर्जको प्रभावकारी व्यवस्था मिलाइनेछ ।

७७. प्राविधिक धार सञ्चालन गरेका विद्यालय तथा नमुना विद्यालयमा थप शैक्षिक तथा भौतिक सुविधाहरू वृद्धि गरिनेछ । विज्ञान प्रयोगशाला नभएका विद्यालयहरूमा प्रयोगशाला बनाउन अनुदान उपलब्ध गराइनेछ । प्रयोगात्मक अभ्यासको लागि स्थलगत अध्ययन तथा ओ.जे.टी.को लागि उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ । थप विद्यालयहरूमा प्राविधिक धार सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडी बढाइने छ ।

७८. विद्यालयमा शैक्षिक सुशासन कायम गर्न नियमित सुपरीवेक्षण तथा अनुगमनलाई अझ बढी सशक्त बनाइनेछ । उत्कृष्ट कार्य गर्ने शिक्षकलाई सम्मान गरिनेछ । नैतिक शिक्षाको माध्यमबाट सुसंस्कृत समाज निर्माणमा योगदान पुग्ने गरी शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

७९. भूगोल र विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयको कक्षा समायोजन गर्ने नीति लिइनेछ । न्यूनतम् विद्यार्थी संख्या नभई फाजिलमा रहेका शिक्षकहरूलाई विद्यार्थी संख्या धेरै भएका विद्यालयमा स्थानान्तरण गरिनेछ ।

८०. तोकिएको संख्या भन्दा बढी विद्यार्थी भएका विद्यालयलाई शिक्षक व्यवस्थापनका लागि थप अनुदानको व्यवस्था गरिनेछ ।

८१. विद्यालयमा पाठ्यपुस्तक तथा शैक्षिक सामाग्रीको अभाव हुन दिइने छैन । सबै विद्यालयहरूमा पुस्तकालयको स्थापना गर्नका लागि अनुदानको व्यवस्था गरी पुस्तकालयको स्थापना र समुचित उपयोग भए नभएको नियमित अनुगमन गरिनेछ ।

८२. आधारभूत तहमा दंगीशरण गाउँपालिकाको आफ्नै स्थानीय पाठ्यक्रम निर्माण गरी क्रमिक रूपमा लागु गरिएको छ । यसको प्रभावकारी कार्यवन्यनको लागि आवश्यकता अनुसार पाठ्यक्रम परिमार्जन गर्दै लगिनेछ । शैक्षिक सुधारको कडीको रूपमा रहेको विद्यार्थी मूल्याङ्कन प्रणालीलाई सुदृढ तुल्याई निरन्तर मूल्याङ्कनमा जोड दिइनेछ ।

८३. स्मार्ट विद्यालयको अवधारणा अनुरूप आगामी आर्थिक वर्षमा नमुना विद्यालयबाट डिजिटल विद्यालय तथा स्मार्ट कक्षाको परीक्षण गरी क्रमशः सबै विद्यालयहरूमा विस्तार गर्दै लगिनेछ । इ-लर्निङ्गलाई थप व्यवस्थित गर्न आवश्यक सामाग्रीहरूको व्यवस्था गर्दै लगिनेछ ।

८४. न्यूनतम् विद्यार्थी संख्या पुगेका विद्यालयहरूमा अंग्रेजी र विज्ञान शिक्षक व्यवस्थापनको लागि आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह ९-१० सञ्चालित विद्यालयलाई दिइदै आएको एकमुष्ठ अनुदानलाई निरन्तरता दिइनेछ ।

८५. दंगीशरण गाउँपालिकाको शैक्षिक योजना निर्माणको कार्यलाई तिब्रता दिई आगामी आ.व.देखि कार्यान्वयनमा ल्याइनेछ ।

८६. शैक्षिक क्यालेण्डर अनुसार विद्यालयको पठनपाठन, बिदा, परीक्षा जस्ता क्रियाकलापहरूमा एकरूपता कायम गरिनेछ । प्रभावकारी समूह सुपरीवेक्षण प्रणाली मार्फत विद्यार्थी सिकाइको सुनिश्चितता गरिनेछ ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, हेकुली, दाङ, लुम्बिनी प्रदेश, नेपाल २०७३

२८औँ गाउँ सभाको बैठक संख्या: १ मिति २०८१/०३/१० को निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

८७. बाल विकास केन्द्रको कक्षा व्यवस्थापन, सिकाइ सामाग्री व्यवस्थापन तथा बाल विकास शिक्षकको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। सिकाइ केन्द्रहरूको आवश्यक भौतिक पूर्वाधारको निर्माण गरी सबै सिकाई केन्द्रहरूलाई स्थानीय तहको स्वामित्वमा ल्याई कार्य सञ्चालन गरिनेछ।

८८. विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको लागि धुम्रपान, मद्यपान, लागु पदार्थको सेवन जस्ता कूलतबाट जोगाउन सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै किशोरीहरूलाई आत्मरक्षा तालिमको व्यवस्था गर्दै लगिनेछ।

८९. शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ्ग तथा विद्यालय सुपरीवेक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

९०. कक्षा ५ र ८ का विद्यार्थीको उपलब्धिस्तर मापनको लागि उपलब्धी परीक्षा सञ्चालनमा ल्याइनेछ।अंग्रेजी भाषाको पाठ्यपुस्तकको लागि उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता प्रदान गरिनेछ।

९१. शिद्ध पृथ्वी जनता क्याम्पसको स्तरोन्नतिको लागि पूर्वाधार निर्माण, शैक्षिक सामाग्रीको व्यवस्था तथा क्याम्पस सञ्चालनको लागि दिईंदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।

(ख) युवा तथा खेलकूद

९२. विद्यार्थीहरूको सर्वाङ्गिण विकासको लागि राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तथा युवाहरूको व्यक्तित्व विकासमा टेवा पुर्याउन अध्यक्ष कप फुटबल तथा भलिवल प्रतियोगितालाई आगामी वर्ष पनि निरन्तरता दिंदै थप खेल समावेश गर्दै लगिनेछ।

९३. युवा नेतृत्व विकास क्षमता अभिवृद्धिका लागि कार्यक्रमको तर्जुमा गरिनेछ। युवाको जोस जाँगरलाई सामाजिक रूपान्तरणमा उपयोग गर्न विभिन्न सिर्जनात्मक कार्यमा युवालाई संलग्न गराउने नीति लिइनेछ। प्रतिभावान युवा पहिचान गरी नवप्रवर्तनात्मक कार्य गर्न चाहने युवाहरूलाई अनुदान सहयोग उपलब्ध गराइनेछ।

९४. खेलकूदको विकासको लागि पूर्वाधार निर्माण गर्न हरेक वडामा कम्तिमा एउटा खेल मैदान निर्माण गर्दै लगिनेछ। वडा नं. १ को वग्दैला र वडा नं. २ को ड्वाङड्वाङे रातो डाँडामा खेलमैदानको व्यवस्था गरिनेछ। भानु मा.वि. प्रसडुवामा खेलमैदान निर्माण गरिनेछ।

९५. "**राष्ट्रको लागि खेलकूद, स्वास्थ्यको लागि खेलकूद**" को प्रभावकारी कार्यान्वयनको लागि खेलकूद सम्बन्धी पूर्वाधार निर्माणलाई जोड दिंदै थप खुल्ला व्यायामशाला निर्माण गरिनेछ। पालिकाबाहिर आयोजना हुने खेलकूद प्रतियोगितामा सहभागिताका लागि अनुदानको व्यवस्था गरिनेछ।

(ग) स्वास्थ्य

९६. "**स्वस्थ नागरिक, समुन्नतिको आधार**" को मान्यता अनुरूप नागरिकको स्वास्थ्यको सुरक्षा, प्रवर्द्धन, उपचार र रोगको रोकथामको लागि आधारभूत स्वास्थ्य सेवाको गुणस्तरमा ध्यान दिई सरल, सहज र सर्वसुलभ बनाउन सबै स्वास्थ्य संस्थाहरूमा पर्याप्त व्यवस्था गरिनेछ।

गौरी गाउँपालिका कार्यपालिकाको कार्यालय ... २०७३

...गाउँ सभाको
बैठक संख्या: २
मिति २०७८/०३/१० को
निर्णय प्रमाणित।

... गिरी
अध्यक्ष

९७. स्वास्थ्य संस्थाहरूमा औषधीको नियमित आपूर्तिको लागि समयमा नै औषधी खरिद प्रक्रिया अगाडि बढाई बाह्रै महिना निशुल्क औषधी वितरणको व्यवस्था मिलाइनेछ। सबै किसिमका औषधीहरू पाउन सक्ने गरी सबै नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन प्रोत्साहित गरिनेछ।

९८. खोप, गर्भजाँच, पोषण सेवा, परिवार योजना सेवा लगायतका आधारभूत स्वास्थ्य सेवालाई नागरिकको घरदैलोमा नै प्रदान गर्न खोप तथा गाउँघर क्लिनिक सेवालाई थप विस्तार गरिनेछ। पूर्ण खोपयुक्त पालिका र पूर्ण संस्थागत सुत्केरीयुक्त पालिकालाई निरन्तरता दिइनेछ।

९९. प्रजनन् उमेरका किशोरी, गर्भवती महिला तथा सुत्केरीहरूमा रहेको रक्तअल्पताको रोकथामको लागि विद्यालय, स्वास्थ्य संस्था, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूमार्फत आइरन फोलेट चक्की वितरणलाई थप व्यवस्थित गरी कार्यान्वयनमा ल्याइनेछ।

१००. दंगीशरण गाउँपालिकामा व्याप्त कम तौलको शिशु जन्मने, कुपोषणको दर उच्च रहने स्वास्थ्य जटिलताको रोकथाम तथा न्युनिकरणको लागि पोषण सचेतना अभिवृद्धि, जैविक खेति प्रणाली तथा स्वस्थकर आहार खाने बानीको विकासको लागि सचेतनामूलक कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

१०१. दंगीशरणको गौरवको रूपमा रहेको दंगीशरण आधारभूत अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गर्नको लागि आवश्यक व्यवस्थापन गरी संघीय सरकारसँगको सहकार्यमा विशेषज्ञ सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। सञ्चालन हुँदै आएको अस्पताल फार्मेसीलाई थप व्यवस्थित गरी स्वास्थ्य बीमा कार्यक्रमलाई आम नागरिकको पहुँचमा पुर्याइनेछ।

१०२. "**स्वस्थकर आहार, स्वास्थ्यमा सुधार**" लाई व्यवहारमा नै लागु गर्न गाउँपालिकाका बैठक तथा गाउँपालिकाबाट सञ्चालित सबै कार्यक्रमहरूमा तयारी खानेकुरा, पेय पदार्थ तथा पत्रु खानालाई पूर्णरूपमा निषेध गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहित गर्न दिइँदै आएको यातायात तथा प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ। सबै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराइनेछ।

१०४. अति गरिब, असहाय, गर्भवती, जेष्ठ नागरिकलाई निशुल्क रूपमा एम्बुलेन्स सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ। एम्बुलेन्स सेवा २४ सै घण्टा उपलब्ध हुने गरी तयारी अवस्थामा राखिनेछ। गरिबीको परिचय पत्र पाएका अति विपन्न परिवार, अपाङ्ग, दिर्घरोगी, असहाय, द्वन्द पिडितहरूको स्वास्थ्य बीमा गर्नका लागि आवश्यक कानूनी तथा वित्तीय व्यवस्था मिलाइनेछ।

१०५. नागरिक आरोग्य केन्द्रमा आवश्यक औषधीको व्यवस्था गरी थप सेवाको विस्तार गर्न आवश्यक व्यवस्था मिलाइनेछ। प्राकृतिक चिकित्सा सेवा जस्ता वैकल्पिक चिकित्सा सेवाको विस्तारको लागि पहल गरिनेछ।

१०६. स्वास्थ्य संस्थाहरूबाट सरल, भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न अनुगमन तथा सुपरीवेक्षणलाई प्रभावकारिताका साथ कार्यान्वयन गरिनेछ। उत्कृष्ट सेवा गर्ने स्वास्थ्यकर्मीलाई पुरस्कृत र सेवामा लापरवाही गर्नेलाई दण्डित

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

१८औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२/०३/१० को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

गरिनेछ। सबै स्वास्थ्य संस्थाहरूको अभिलेख व्यवस्थापनमा सुधार गर्न इ-एच.आइ.एम.एस. प्रणालीमा आवद्ध गर्दै लगिनेछ।

१०७. महामारी रोगको रोकथाम तथा नियन्त्रणको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै द्रुत प्रतिकार्य समूह (RRT) गठन गरी तयारी अवस्थामा राखिनेछ। सिकल सेल एनिमिया तथा थालेसिमियाका बिरामीहरूको छनौट परीक्षण गरी उपचारको लागि आवश्यक व्यवस्था मिलाइनेछ। पाइल्स, प्रोस्टेट ग्ल्याण्ड इन्लार्ज, हाइड्रोसिल जस्ता रोगहरूको शिविर सञ्चालन गरी निशुल्क सल्यक्रियाको व्यवस्था गरिनेछ।

**(घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

१०८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूल मान्यता अनुरूप महिलाहरूलाई विकासको मूल धारमा ल्याउन महिलाहरूको क्षमता विकास तथा सशक्तिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

१०९. बाल विवाह, घरेलु हिंसा, लैङ्गिक हिंसा जस्ता सामाजिक अपराधहरूलाई रोकथाम तथा नियन्त्रण गर्न सचेतना अभियान सञ्चालन गर्नुका साथै कानूनी रूपमै दण्डित गर्ने कार्यलाई व्यवहारिक रूपमै लागु गरिनेछ।

११०. महिलाहरूलाई आत्मनिर्भर बनाई श्रोतमाथिको पहुँच सुनिश्चितता गर्न सीपमूलक तालिम प्रदान गरी व्यवसाय सञ्चालन गर्न चाहने महिलाहरूको लागि घुम्ती कोषको व्यवस्था गरिनेछ। महिलाहरूले उत्पादन गरेका वस्तुहरूको बजारीकरणको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय र सहजीकरण गरिनेछ।

१११. महिलाहरूको सशक्तिकरण तथा क्षमताविकास कार्यक्रममा एउटै व्यक्ति पटक पटक दोहोरिने परिपाटीको अन्त्य गरिनेछ। यस्ता कार्यक्रमहरूमा विपन्न र हिंसापिडित महिलाहरूलाई सहभागी गराउन प्राथमिकता दिइनेछ।

११२. "**छोरी सम्मान कार्यक्रम**" लाई थप व्यवस्थित गर्दै निरन्तरता दिइनेछ। कुनै पनि छोरीहरूलाई विद्यालय शिक्षाबाट बञ्चित हुन दिइने छैन, बालिकाहरूलाई विद्यालय शिक्षाबाट बञ्चित गराउने अभिभावकहरूलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गरिनेछ।

११३. छुवाछुत तथा जातिय विभेद अन्त्यका लागि दंगीशरण गाउँपालिकाको दलित सशक्तिकरण ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ। दलित सशक्तिकरण गर्न सचेतना तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुका साथै परम्परागत पेशाको सुदृढिकरणमा जोड दिइनेछ।

११४. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी सरकारी तथा साझेदार निकायहरूसँगको समन्वयमा अपाङ्गता सहयोगी सामाग्री वितरण, आत्मनिर्भरताका लागि सीपमूलक एवं क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुका साथै स्व-व्यवसाय गर्न चाहनेहरूका लागि घुम्ती कोषको व्यवस्था गरिनेछ।

११५. बालअधिकारको संरक्षण, सम्वर्द्धन तथा बालहितका क्षेत्रमा काम गर्न संयन्त्र विकासको लागि हरेक वडा तथा पालिकास्तरमा बालक्लब सञ्जाल गठन गरी क्षमताविकास गरिनेछ। बालबालिकाहरूको सिर्जनात्मक कलाको प्रवर्द्धनको लागि प्रतियोगतात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

१८औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२।०३।१० को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

११६. जेष्ठ नागरिक मिलन केन्द्र स्थापनाका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहजिकरण गरिनेछ । पालिकास्तरीय जेष्ठ नागरिक मञ्चको गतिविधीहरूलाई प्रभावकारी बनाउन आवश्यक प्रवन्ध मिलाइनेछ । घर परिवार समाजबाट हिंसा पिडित भएका विपन्न व्यक्तिहरूको पुनःस्थापना नहुँदासम्म सेफ हाउसमा राखि व्यवस्थापन गरिनेछ ।

### (ङ) सामाजिक सुरक्षा तथा संरक्षण

११७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न राष्ट्रिय परिचय पत्र अनिवार्य भएको सन्दर्भमा यसको सरल र सहज प्राप्तिका लागि आवश्यक समन्वय गरिनेछ । सामाजिक सुरक्षा भत्ता वडा स्तरमा पुगेर वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरूको विवरण अद्यावधिक गरिनेछ ।

११८. व्यक्तिगत घटना दर्तालाई प्रभावकारी बनाउन समयमा नै व्यक्तिगत घटना दर्ता गर्ने बानीको विकास गर्न नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई सरलीकरण गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

### (च) खानेपानी तथा सरसफाई

११९. आधारभूत खानेपानी तथा सरसफाई हरेक नागरिकको पहुँचमा पुर्याउन खानेपानी आयोजनाहरूको क्षमता विस्तार तथा मर्मत सम्भारलाई विशेष ध्यान दिइनेछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूको परिचालन, नियमनत र क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२०. खानेपानी सेवा विस्तारका लागि नयाँ खानेपानी आयोजना पहिचान गरी संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ । निर्माण सम्पन्न हुन नसकेका खानेपानी आयोजनाहरू समयमा सम्पन्न गर्न पहल गरिनेछ । खानेपानीका मूल संरक्षण तथा खानेपानी वितरण प्रणालीलाई सुदृढ तुल्याई बाह्रै महिना पानी आपूर्तिको व्यवस्था मिलाइनेछ ।

१२१. घर, पसल, कार्यालय तथा संघसंस्थाबाट निस्केका फोहरमैलाको वर्गीकरण गरी जैविक फोहरलाई कम्पोष्ट मल तयार गर्न र अजैविक फोहरवस्तुलाई पुनःप्रशोधनका लागि सङ्कलन तथा बिक्री गर्ने व्यवस्था मिलाइनेछ । स्वास्थ्य संस्थाबाट निस्कने जोखिमपूर्ण फोहरवस्तुको व्यवस्थापनको लागि आवश्यक कार्य गरिनेछ ।

### (छ) भाषा तथा संस्कृति

१२२. स्थानीय भाषा, संस्कृतिको संरक्षण, प्रवर्द्धनको लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ । कामी, दमाई, बादी जातिको पुर्ख्यौली पेशाको संरक्षणको लागि सीपमूलक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । थारू जातिका परम्परागत हस्तकला सीपहरूको संरक्षण, प्रवर्द्धन र हस्ताण्तरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१२३. दंगीशरणको प्रमुख संस्कृतिको रूपमा रहेको थारू संस्कृतिको विकास, प्रचार प्रसार गरी आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । अटवारी पर्व, माघी पर्वलाई महोत्सवको रूपमा विकास गरिनेछ । गुरै पुजाको संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक रकमको व्यवस्था गरिनेछ ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... लुम्बिनी प्रदेश, नेपाल २०७३

१४औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२।०३।१० को
निर्णय प्रमाणित।

... गिरी
अध्यक्ष

१२४. थारू भाषामा शिक्षा दिन दंगीशरण गाउँपालिकाको स्थानीय पाठ्यक्रमलाई थारू भाषामा पनि निर्माण गर्न आवश्यक तयारी गरिनेछ। थारु, गरिव तथा जेहेन्दार विद्यार्थीहरूलाई सरकारी सेवामा प्रवेशको लागि क्षमताको विकास गर्न सेवा आयोग सम्बन्धी तयारीका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

**पूर्वाधार विकास**

**(क) सडक तथा पुल**

१२५. दंगीशरण गाउँपालिकाका हरेक बस्ती, टोलहरूमा सडक तथा बाटोको सञ्जाल बिस्तार गरिनेछ। सडक नपुगेका बस्तीहरूमा नयाँ ट्र्याक खोल्ने तथा ट्र्याक खुलिसकेका स्थानका बाटोहरूको स्तरोन्नती गरिनेछ। सडकहरूको नियमित मर्मत सम्भार मर्मत कोषबाट हुने गरी व्यवस्था गरिनेछ।

१२६. संघीय सरकारको अनुदानमा बागर-थपगाउँ-दामोदर सडक तथा जुरपनिया-मौली-नन्द्रागाउँ सडकलाई स्तरोन्नति गरी कालोपत्रे गर्ने कार्यको आमागी आ.व. बाटै गरिनेछ। प्रदेश सरकारसँगको सहकार्यमा बालुवादेखि हेकुली चौक हुँदै चिरेगार खोला सडक तथा सिम्ठाना-सिम्ठानी-थपगाउँ-राजपुर-लेटार-धरमपुर हुँदै बुटनिया सडकको स्तरोन्नति तथा कालोपत्रे गर्ने कार्यको थालनी गरिनेछ।

१२७. दंगीशरण गाउँपालिकाको वडा नं. १ र २ मा रहेको बखरिया-सरूवाडाँडा-बाँकी-फुर्केसल्ली सडकको निर्माण हुन बाँकी बुर्केसाल-फुर्केसल्ली- कालितरा खण्डको निर्माण तथा विस्तारको लागि संघीय तथा प्रदेश सरकार समक्ष विशेष पहल गरिनेछ।

१२८. दंगीशरण गाउँपालिकाका वडाबाट गाउँपालिकाको केन्द्रसम्म जोड्ने सडकहरूको स्तरोन्नति गरी कालोपत्रे बनाउँदै लगिनेछ। हेकुली-चखौरा-रावतगाउँ-चितानपुर सडकको अधुरो निर्माणलाई पूर्ण गर्न प्रदेश सरकारसँग थप पहल गरिनेछ।

१२९. पक्की पुल बन्न बाँकी रहेका खोला तथा नदिहरूमा पक्की पुल निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग लागत साझेदारीमा पुल निर्माण गरिनेछ भने थप नयाँ पक्की पुल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी लगानीका लागि संघीय तथा प्रदेश सरकारसँग माग गरिनेछ। निर्माण कार्य अधुरो रहेको कलमखोला पुल निर्माण सम्पन्न गर्न संघीय सरकारसँग थप पहल गरिनेछ।

१३०. आवतजावतमा कठिनाई भएका नदी तथा खोलाहरूमा ट्रस तथा झोलुङ्गे पुल निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ। पहिले नै बनेका पुलहरूको सुरक्षाको लागि विशेष ध्यान दिइनेछ गोल्टाकुरी-सुकौरा, बैवाङ-रामपुर र पदमपुर-बाँकी जोड्ने झोलुङ्गे पुलको संरक्षणको लागि संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ। बैवाङ रामपुर जोड्ने बबई खोलाको क्षतिग्रस्त पुलको गाउँपालिकाको आफ्नै प्रयासमा व्यवस्थापन गरिनेछ।

१३१. क्षति पुगेका सडकहरूको नियमित मर्मत सम्भारको लागि सडक बोर्ड नेपालसँगको सहकार्यमा सडक मर्मत सम्भार कोषको स्थापना गरिनेछ। वर्षातको समयमा क्षतिग्रस्त सडकहरूको यथासिघ्र मर्मत सम्भारको व्यवस्था गरिनेछ। सडक सुरक्षाको लागि स्थानीय वासीहरूको सहयोग लिने गरी आवश्यक व्यवस्था मिलाइनेछ।

**(ख) भवन तथा शहरी विकास**

शम्भु गिरी
अध्यक्ष

गाउँ सभाको
बैठक संख्या: २
मिति: २०८०/०३/१० को
निर्णय प्रमाणित।

१३२. दंगीशरण गाउँपालिकाभित्रका पिछडिएका तथा पहुँचभन्दा बाहिर रहेका समदायमा नमुना वस्ती विकासको कार्यलाई संघीय तथा प्रदेश सरकारको समन्वयमा निरन्तरता प्रदान गरिनेछ। संघीय सरकारको वस्ती विकास कार्यक्रम मार्फत बागरमा रहेको सिकाई केन्द्रको निर्माण सम्पन्न गरिनेछ। राजपुर वस्तीमा पूर्वाधारको स्तरोन्नति गरिनेछ।

१३३. कृषि योग्य जमिनलाई बसोवास क्षेत्रको रूपमा उपयोग गर्नबाट जोगाउन एकिकृत बस्ती विकासको सम्भाव्यता अध्ययन गरी नमुना बस्ती विकास कार्यक्रमको शुरूवात गरिनेछ।

१३४. आगामी आ.व. मा संघीय सरकारको विशेष कार्यक्रम अन्तर्गत दंगीशरण गाउँपालिकाभित्र रहेका क्रमशः खरको छानो, खपडा र टायलको छानोलाई विस्थापन गरी कर्कट पाताको छानो भएका घर निर्माणका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

१३५. दंगीशरण गाउँपालिकाभित्र रहेका सरकारी तथा सार्वजनिक भवन तथा संरचनाहरूलाई गाउँपालिकाको मातहतमा ल्याई तिनको संरक्षण र मर्मत सम्भारको लागि व्यवस्था गरिनेछ। त्यसै गरी दंगीशरण गाउँपालिकाभित्र रहेका विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन तथा अन्य सरकारी संरचनाहरूको नियमित मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ।

१३६. दंगीशरण गाउँपालिकाभित्रका हरेक वडामा योगहलको व्यवस्था गर्ने नीति अनुरूप आगामी आ.व. मा दंगीशरण गाउँपालिकाका सबै वडाहरूमा योग हल निर्माण सम्पन्न गरी आवश्यक सामाग्रीहरूको व्यवस्था गरिनेछ।

१३७. गाउँपालिकाको प्रशासनिक भवन परिसरमा सुगन्धित, सुन्दर एवं औषधीय गुणयुक्त फूल तथा विरुवाहरू रोपेर आकर्षक बगैंचा निर्माण गरिनेछ। दंगीशरण गाउँपालिकाभित्रका सडकहरूको दुबैपट्टि वृक्षारोपण गरी सौन्दर्यीकरण गरिनेछ।

### (ग) उर्जा

१३८. दंगीशरण गाउँपालिकालाई उज्यालो बनाउनको लागि वैकल्पिक तथा नविकरणीय उर्जाको माध्यमबाट चौक, सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सौर्य उर्जाबाट चल्ने सडक बत्ती जडानको कार्यलाई निरन्तरता दिन संघीय सरकारसँग पहल गरिनेछ। डिप बोरिङ्ग, लिफ्ट सिचाई सञ्चालनका लागि सौर्य उर्जाबाट सञ्चालन हुने प्रविधीको जडान गर्ने कार्यलाई अगाडि बढाइनेछ।

१३९. सरकारी कार्यालय तथा विद्यालयहरूमा विद्युत ब्याकअपको रूपमा सौर्य प्रणाली जोड्ने कार्यलाई निरन्तरता दिइनेछ। व्यक्तिगत तथा सार्वजनिक प्रयोजनको लागि सौर्य प्रणाली जडानमा अनुदानको लागि संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ।

१४०. जैविक तथा हरित उर्जा उत्पादन तथा प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडि बढाउन संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

### (घ) विद्युत

दंगीशरण गाउँपालिका गाउँपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल २०७३

१८औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२।०३।१०
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

१४१. दंगीशरण गाउँपालिकाका लगभग सबै वडा तथा टोलहरूमा विद्युतीकरण गरिसकिएको छ । विद्युत सुविधाबाट बञ्चित रहेका टोल तथा बस्तीहरूमा विद्युत विस्तारका लागि विद्युतका पोल तथा तार उपलब्ध गराउनुका साथै दिगोपनाको लागि नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरिनेछ ।

१४२. प्राकृतिक प्रकोप तथा हावाहुरीबाट विद्युत पोलमा क्षति भई विद्युत आपूर्तिमा अवरोध आउन नदिन समयमा नै मर्मत सम्भारको कार्यलाई छिटोछरितो बनाउन आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ । लो भोल्टेजको समस्या हल गर्न ट्रान्समिटर मर्मत तथा थप गर्ने कार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

(ङ) सञ्चार

१४३. सञ्चार सम्पर्कबाट टाढा रहेको फुर्केसल्ली क्षेत्रमा सञ्चार सुविधा विस्तार गर्न निर्माणाधिन टावर निर्माणको कार्यलाई समयमा सम्पन्न गर्न सहजिकरण गरिनेछ । उक्त स्थानमा विद्युत विस्तारको लागि नेपाल विद्युत प्राधिकरणसँग विशेष पहल गरिनेछ । नेटवर्कको समस्या हल गर्न थप रिपिटर टावर निर्माणको लागि पहल गरिनेछ ।

१४४. इन्टरनेट सेवालाई भरपर्दो बनाउन र सबै टोल तथा बस्तीहरूमा पुर्याउन इन्टरनेट सेवा प्रदायक संस्थाहरूसँग आवश्यक सहजिककरण गरिनेछ ।

(च) जलश्रोत तथा सिचाई

१४५. समुन्नतिको प्रमुख आधारस्तम्भ कृषि क्षेत्रको विकासको लागि कृषियोग्य जमिनमा सिचाई सुविधाको विस्तारलाई प्राथमिकता दिइनेछ । पानीका श्रोतहरूको संरक्षण, ड्याम निर्माण, सिचाई कुलोको मर्मत सम्भार तथा विस्तार कार्य गरिनेछ ।

१४६. साना सिचाईको विकासका लागि कृषक समूहहरूलाई अनुदान उपलब्ध गराइनेछ । थप स्थानमा लिफ्ट सिचाईको सम्भाव्यता अध्ययन गरी विस्तार गरिनेछ । मधरिया कलङखोला सिचाई कुलोको संरक्षण तथा मर्मतका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१४७. सिचाई सुविधा नपुगेका क्षेत्रहरूमा सिचाई सुविधा विस्तार गर्न नयाँ नहर निर्माण तथा डिप बोरिङ्गको लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ । निर्माण सम्पन्न भई सञ्चालनमा आउन नसकेका डिप बोरिङ्ग सञ्चालनको लागि विद्युत सुविधा उपलब्ध गराउन आवश्यक कार्य गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू !**

अव म वन, वातावरण तथा विपद व्यवस्थापनसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू पेश गर्न चाहन्छु ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

**(क) वन तथा भू-संरक्षण**

१४८. वन क्षेत्रको संरक्षण तथा विकास गरी हरियाली कायम गर्न दंगीशरण हरियाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ । सामुदायिक वन उपभोक्ता समूहहरूसँगको सहकार्यमा वनको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

दंगीशरण गाउँपालिका
गाउँपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

गाउँ सभाको
बैठक संख्या: २
मिति २०७८।०३।१०
निर्णय प्रमाणित ।

शम्भु गिरी
अध्यक्ष

१४९. वनको दिगो व्यवस्थापन गरी त्यसको अधिकतम् लाभ लिन सक्ने गरी दंगीशरण गाउँपालिकाको स्थानीय वन ऐन जारी गरी कार्यान्वयनमा रहेको छ, यसकी प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । सम्बन्धित निकायहरूसँगको सहकार्यमा दंगीशरण गाउँपालिकाभित्र रहेका राष्ट्रिय वन, सामुदायिक वन तथा संरक्षित वनको व्यवस्थापनको लागि कार्य गरिनेछ । व्यवस्थित वन निर्माणका लागि सामुदायिक वन उपभोक्ता समितिहरूलाई बढी जिम्मेवार बनाइनेछ । दंगीशरण गाउँपालिकाभित्र रहेका निजी, सामुदायिक, सरकारी वन क्षेत्रलाई आवश्यकता अनुसार धार्मिक वनमा परिणत गर्न पहल गरिनेछ ।

१५०. स्थानीय वन पैदावारहरूबाट अधिकतम् लाभ लिन सकिने खालका रोजगारमूलक तथा सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गरी वन उद्यम सञ्चालनलाई प्राथमिकता दिइनेछ । वन पैदावारमा आधारित उद्यम सञ्चालन तथा बजारीकरणको लागि प्रोत्साहन गरिनेछ ।

१५१. वन अतिक्रमण तथा चोरी निकासी नियन्त्रण गर्न सामुदायिक वन उपभोक्ता समूह तथा सरकारी निकायहरूसँग सहकार्य गरिनेछ । वनमा आगोलागी नियन्त्रण गर्न आगलागी नियन्त्रण रणनीति तर्जुमा गरिनेछ ।

१५२. बाँके राष्ट्रिय निकुञ्जबाट निस्केका जनावरहरूबाट किसानहरूको अन्नबालीमा पुगेको क्षतिको क्षतिपूर्तिका लागि बाँके राष्ट्रिय निकुञ्जसँग समन्वय र सहजिकरण गरिनेछ । निकूञ्ज क्षेत्रबाट फैलिएको आगोबाट घर गोठ तथा बालीनालीमा भएको क्षतिपूर्तिका लागि आवश्यक पहल गरिनेछ ।

१५३. पहिरो जाने, भूक्षय हुने सम्भावित स्थानहरूको पहिचान गरी भूक्षय हुनबाट जोगाउन तारजालीको व्यवस्था तथा वृक्षारोपणको लागि आवश्यक व्यवस्था मिलाइने छ । भू-संरक्षण कार्यालयसँग समन्वय गरी भू-क्षय तथा पहिरो नियन्त्रण गर्न वृक्षारोपण कार्यलाई अगाडि बढाइनेछ ।

१५४. नदीजन्य पदार्थहरूको उत्खनन् तथा विक्री वितरणको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कन गराई उक्त प्रतिवेदनको सिफारिस बमोजिम उत्खनन् तथा विक्रि वितरणको व्यवस्था गरिनेछ । नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रण गर्न वन, सुरक्षा निकाय, सामुदायिक उपभोक्ता समूह तथा नागरिक समाजसँग सहकार्य गरिनेछ ।

**(ख) जलाधार संरक्षण**

१५५. पानीको मुहान संरक्षण गर्न, भूक्षय हुनबाट रोक्न र पानीको श्रोतलाई कायम राख्न जलाधार क्षेत्रहरूको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिइनेछ । जलाधार क्षेत्रमा वृक्षारोपण गरी हरियाली कायम गरिनेछ ।

१५६. जलाधार क्षेत्रमा वन विनाश तथा चोरी निकासी कार्यलाई कडाईका साथ नियन्त्रण गरिनेछ । यस्ता क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा निकासीलाई प्रतिबन्ध लगाइनेछ ।

१५७. दंगीशरण गाउँपालिकाभित्र रहेका जलाशयहरूको संरक्षण, उपयोग र विकासको लागि जल उपभोक्ता समिति गठन गरी परिचालन गरिनेछ । जलाशयमा जलचरहरूको संरक्षण तथा मत्स्य व्यवसाय सञ्चालन गर्न चाहने उपभोक्ता समितिहरूलाई अनुदानको व्यवस्था गर्न सकिनेछ ।

**(ग) जलवायु परिवर्तन**

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

१८औं गाउँ सभाको
बैठक संख्या: २
मिति: २०८१/०३/१० को
निर्णय प्रमाणित ।

शम्भु गिरी
अध्यक्ष

१५८. वातावरण संरक्षण गरी जलवायु परिवर्तनको असर न्युनिकरण गर्न वन विकास तथा व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । बढी कार्वन उत्सर्जन गरी वातावरणीय प्रदुषण निम्त्याउने खालका क्रियाकलापहरूलाई नियन्त्रण गरिनेछ ।

१५९. जलवायु परिवर्तन अनुकूलन कार्ययोजना निर्माण गरी कार्यान्वयनका लागि सामुदायिक वन उपभोक्ता समूह, वातावरण संरक्षणसँग सम्बन्धित अभियन्ताहरू र दंगीशरणबासी आम समुदायसँग सहकार्य गरिनेछ ।

१६०. वन क्षेत्र, सिमसार क्षेत्र तथा तालतलैयाहरूको संरक्षण, व्यवस्थापन र उपयोगका लागि जचलर तथा जलीय जैविक विविधता संरक्षण ऐन जारी भई कार्यान्वयनमा आएको छ । जलवायु परिवर्तनका कारण, असर र त्यसको दिगो विकासमा पार्ने प्रभावहरूको बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**(घ) फोहरमैला व्यवस्थापन**

१६१. घर, सार्वजनिक संघसंस्था, कार्यालय, व्यापारिक क्षेत्र, होटल रेष्टुँरा तथा सार्वजनिक स्थलहरूबाट निस्कने फोहरमैलाहरूको दिगो व्यवस्थापनको लागि अध्ययन गरी आवश्यक कार्ययोजना तयार गरिनेछ ।

१६२. फोहरमैलाहरूको वर्गीकरण गरी जनस्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी व्यवस्थापनका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । फोहरमैला व्यवस्थापनमा कम प्रयोग, पुनःप्रयोग, विस्थापन र प्रशोधनको सिद्धान्तलाई व्यवहारिक रूपमा नै लागु गर्न उत्प्रेरित गरिनेछ ।

१६३. गाउँपालिका तथा गाउँपालिका मातहत रहेका कार्यालय तथा संघसंस्थाहरूबाट सञ्चालित कार्यक्रमहरूमा प्लास्टिकबाट निर्मित कप प्लेटहरूको प्रयोगलाई रोकी वन पैदावारमा आधारित कच्चा पदार्थबाट उत्पादित कप प्लेटहरूको प्रयोग गर्ने व्यवस्था लागु गरिनेछ ।

१६४. फोहरमैला व्यवस्थापनको लागि गुरूयोजना तयार गरी दिगो व्यवस्थापनको लागि आवश्यक कार्य गरिनेछ । जैविक फोहरवस्तुहरूबाट मल उत्पादन गर्न कृषक तथा व्यवसायीहरूलाई प्रोत्साहित गरिनेछ ।सार्वजनिक स्थलहरूमा फोहर गर्नेले नै व्यवस्थापन गर्नुपर्ने नीति अङ्गिकार गरिनेछ ।

**(ङ) जल उत्पन्न प्रकोप नियन्त्रण**

१६५. वर्षातको समयमा बबई नदीबाट हुनसक्ने सम्भावित क्षति रोकथाम तथा नियन्त्रण गर्न आवश्यक सतर्कता अपनाइनेछ । बाढीबाट उत्पन्न हुनसक्ने सम्भावित क्षतिको रोकथामको लागि बबई नदीको तटीय क्षेत्रका बासिन्दाहरूलाई सजग बनाइनेछ ।

१६६. मनसुन तथा नदिजन्य प्रकोपबाट जोगाउन र सिघ्र प्रतिकार्यका लागि सरकारी, गैरसरकारी निकायहरूलाई तैनाथ अवस्थामा राखिनेछ । सम्भावित जोखिमबाट पिडितहरूको उद्दार, राहत तथा पुनर्स्थापनाका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहजिकरण गरिनेछ ।

१८ औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२।०३।१९
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

१६७. नदीमा आउने बाढीबाट कृषियोग्य जमिन, सडक तथा वस्तीमा हुनसक्ने क[illegible] नियन्त्रण तथा रोकथाम गर्न आवश्यक सावधानी अपनाउनुका साथै तयारी अवस्थामा राखिनेछ । बाढीबाट हुने कटान रोकथामका लागि तटीय क्षेत्रमा तटबन्ध निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहजिकरण गरिनेछ ।

१६८. बर्षातको समयमा सडक, कुलो लगायत व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा भएको क्षतिको समयमा नै मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।

### (च) विपद् व्यवस्थापंन

१६९. बाढी, पहिरो, भूक्षय जस्ता मनसुनजन्य विपद् तथा अन्य प्राकृतिक तथा दैवी विपत्तीहरूको समयमा विपद् प्रभावितहरूको उद्दार, राहत तथा पुनर्स्थापनाका लागि आवश्यक संयन्त्र निर्माण गरी तयारी अवस्थामा राखिनेछ ।

१७०. विपदमा परेकाहरूलाई तत्कार उद्दार तथा प्राथमिक उपचारको लागि तालिमको व्यवस्था गरी आवश्यक जनशक्ती तयारी अवस्थामा राखिनेछ । विपद्पूर्व सूचना दिने संयन्त्रको विकास गरिनेछ ।

१७१. विपदमा परेका घाइते तथा पिडितहरूको उद्दार, प्राथमिक उपचार, राहत तथा पुनर्स्थापनाको लागि जिल्ला विपद व्यवस्थापन समितिमार्फत सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ । स्थानीय विपद व्यवस्थापन समितिलाई सक्रिय बनाई क्षमताको विकास गरिनेछ ।

१७२. विपद जोखिम न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक रकमको व्यवस्था गरिनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरू !**

अब म संस्थागत विकास तथा सुशासनसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु

## संस्थागत विकास तथा सुशासन

### (क) ऐन, कानून तर्जुमा

१७३. जारी भएका ऐन, नियम तथा कार्यविधिहरूलाई आवश्यक संशोधन तथा परिमार्जन गरी समसामयिक बनाइनेछ । चालु अधिवेशनबाटै दंगीशरण गाउँपालिकाको महटवाँ प्रणालीको संरक्षण, प्रवर्द्धन र विकास सम्बन्धी ऐन र दंगीशरण गाउँपालिकाको प्रहरी ऐन जारी गरी लागु गरिनेछ ।

१७४. छरिएका कानूनहरूलाई एकिकृत गरी दस्तावेजका रूपमा राख्न आवश[illegible] व्यवस्था मिलाइनेछ । कानून निर्माण सम्बन्धी क्षमता विकासको लागि जनप्रतिनिधी तथा कर्मचारीहरूलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

### (ख) न्याय व्यवस्थापन

दंगीशरण गाउँपालिका गाउँपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल २०७४

गाउँ सभाको
बैठक संख्या: २
मिति: २०८१/०३/१०
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

१७५. छिटो, छरितो र निष्पक्ष न्याय सम्पादनका लागि न्यायिक समितिको क्षमता अभिवृद्धि गरी क्रियाशील गराइनेछ । न्यायिक सम्पादन क्षमता अभिवृद्धिका लागि सम्मानित अदालत तथा कानून व्यवसायीहरूसँग अन्तरक्रिया, अनुभवको आदान प्रदान, समन्वय र सहकार्य गरिनेछ ।

१७६. दंगीशरण गाउँपालिकामा क्रियाशील मेलमिलाप केन्द्रहरूको क्षमता अभिवृद्धि गरी गाउँघरका बिवाद तथा झै-झगडाहरू गाउँमा नै मिलाउने व्यवस्था मिलाइनेछ । मेलमिलाप केन्द्रहरूलाई आवश्यक सामाग्रीहरूको व्यवस्था गर्नुका साथै क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१७७. छिटो, छरितो न्याय सम्पादनका लागि नियमित रूपमा इजलास बसाल्न आवश्यक व्यवस्था गरिनेछ । अति विपन्न तथा असहाय नागरिकहरूलाई कानूनी सल्लाह एवं परामर्शको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**(ग) संस्थागत विकास**

१७८. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूलाई सरल, सहज, पारदर्शी र मितव्ययी बनाउन सेवाको सुदृढिकरण गरिनेछ । गाउँपालिकाको संगठन संरचनालाई समसामयिक बनाई चुस्त, दुरूस्त र छरितो संगठनात्मक संरचनाको लागि द्रंगीशरण गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१७९. सेवाग्राही नागरिकहरूलाई सरल रूपमा छिटो छरितो सेवा प्रदान गर्न नागरिक सहायता कक्षको व्यवस्था गरि जनशक्तिको व्यवस्था गरिनेछ । नागरिकहरूका गुनासाहरूको सुनुवाई गरी छिटो सम्बोधन गर्न गुनासो व्यवस्थापन इकाईलाई सक्रिय बनाइनेछ ।

१८०. उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिँदै कार्यसम्पादन कमजोर भएका कर्मचारीहरूलाई उचित जिम्मेवारी हेरफेर गरिनेछ । मुस्कान सहितको सेवा प्रदान गर्ने कर्मचारीको उचित मूल्याङ्कन गरी सम्मानित गरिनेछ । सबै प्रकृतिका कामको अनुभव प्रदान गर्न सेवा, समूह तथा कार्य सम्पादन क्षमताको आधारमा उपयुक्त कर्मचारीलाई उपयुक्त जिम्मेवारी दिने परिपाटीको विकास गरिनेछ ।

१८१. कार्यालयको कामको चापलाई मध्यनजर गरी कार्यालय समय बाहेक थप समय काम गर्ने कर्मचारीलाई अतिरिक्त सेवा भत्ता प्रदान गरिनेछ । समयमा कार्यसम्पादन नगरी कार्यालय समयपछि काम गर्ने कर्मचारीलाई यस्तो सुविधा प्रदान गरिने छैन । सबै राष्ट्रसेवक कर्मचारीहरूलाई उत्प्रेरित गर्न कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरू समान ढङ्गबाट उपलब्ध गराइनेछ ।

१८२. कार्यालयको कामलाई छिटो, छरितो र व्यवस्थित बनाउन आवश्यक मेशिनरी तथा उपकरणको पर्याप्त व्यवस्था गरिनेछ । आधुनिक प्रविधीको विकाससँगै कार्यालयबाट सम्पादन हुने कामलाई छिटोछरितो, भरपर्दो र प्रविधीमैत्री बनाउन सूचना प्रविधीको विकास र विस्तारलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

**(घ) श्रोत परिचालन**

२८ औं गाउँ सभाको
बैठक संख्या: २
मिति: २०८१/०३/१०
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

१८३. गाउँपालिकाबाट हुने सबै प्रकारका भुक्तानीलाई अनिवार्य रूपमा बैंकिङ्ग प्रणालीबाट मात्र गरिनेछ । नगदै भुक्तानी गर्नुपर्ने रकम बाहेक अन्य सबै कार्यक्रम सञ्चालन खर्च बैंकिङ्ग प्रणाली मार्फत ...ये आपूर्तिकर्ताको बैंक खातामा भुक्तानी गरिनेछ ।

१८४. राजश्व सङ्कलन तथा अभिवृद्धिका लागि करको दरभन्दा पनि दायरा बढाउँदै लगिनेछ । राजश्व चुहावट तथा छलि हुनबाट रोक्न विशेष संयन्त्रको विकास गरिनेछ ।

१८५. नदीजन्य पदार्थको विक्रीलाई व्यवस्थित गर्न आगामी आर्थिक वर्षको भाद्र महिनामा टेण्डर प्रक्रिया शुरू गरी समयमा नै सम्झौताको कार्य सम्पन्न गरिनेछ । नदिजन्य पदार्थको चोरी नियन्त्रण गर्न आवश्यक संयन्त्रको विकास गरी कडाईका साथ लागु गरिनेछ ।

१८६. गाउँपालिकाभित्र रहेका सबै सार्वजनिक सम्पत्तिहरूको लगत खडा गरिनेछ । त्यस्ता सार्वजनिक सम्पत्तीको उपयोगबाट प्राप्त हुने राजश्व अनिवार्य रूपमा गाउँपालिकाको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

**(ङ) योजना व्यवस्थापन**

१८७. स्थानीय श्रोत र साधनको प्रयोग गरी सञ्चालन गर्न सकिने योजनाहरू उपभोक्ता समितीहरू मार्फत सञ्चालन गरिनेछ । ठुला र मेशिनरी औजार प्रयोग गर्नुपर्ने आयोजना मात्र ठेक्कापट्टाबाट सञ्चालन गरिनेछ । उपभोक्ता समिती गठनमा ढिलाई गरी कोटेशन मार्फत काम गराउने प्रवृत्तिलाई नियन्त्रण गरिनेछ ।

१८८. स्थानीय विकास निर्माण कार्यहरूमा जनसहभागिता अभिवृद्धि गर्न उपभोक्ता समितिहरूलाई नै योजनाको सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । समितिको क्षमता विकासको लागि आवश्यक तालिम प्रदान गरिनेछ । टोल विकास समिति गठनको लागि आवश्यक पहल र सहजिकरण गरिनेछ ।

१८९. वडा तथा गाउँपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमको छनौट तथा प्राथमिकीकरण टोल तथा वस्ती भेला गराई सोहि भेलाको सिफारिस बमोजिम गरिनेछ । उपभोक्ताहरूबाट सञ्चालन गरिने योजनाहरूको लागत इष्टिमेट तथा अन्तिम मूल्याङ्कन नेपाली भाषामा तयार गरी प्रयोग गरिनेछ ।

१९०. गाउँपालिकाभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको अनुगमन कार्यलाई तिव्र र प्रभावकारी ढङ्गले गरिनेछ । योजना अनुगमन तथा मूल्याङ्कन समितिले हरेक ३-३ महिनामा अनुगमन प्रतिवेदन अनिवार्य रूपमा कार्यपालिकामा पेश गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

**(च) सेवा प्रवाह**

१९१. गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो र पारदर्शी बनाउन आवश्यक संयन्त्रको विकास गरिनेछ । सेवाग्राहीका गुनासाहरूको अभिलेख राखि समय समयमा प्रतिवेदन पेश गर्ने गरी व्यवस्था मिलाइनेछ ।

३८ औं
गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२/०३/१०
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

१९२. गाउँपालिकाबाट सम्पादन हुने कार्यहरू बिना झन्झट समयमा पुरा गर्न काम फछ्र्यौटको लागि समय तोक्ने व्यवस्था मिलाइनेछ । उचित कारणबिना कार्यसम्पादन नगरी सेवाग्राहीलाई झुलाउने कर्मचारीलाई चेतावनी दिनुको साथै आवश्यक कारवाही गरिनेछ । कार्यालयको कार्यबोझको प्रकृति र आवश्यकता अनुसार जनशक्ति थपघट र व्यवस्थापन गरिनेछ ।

१९३. खाजाको समय बाहेक कार्यालय समयमा हरेक कर्मचारीहरू आ-आफ्नो कार्यकक्षमा अनिवार्य रूपमा बस्नुपर्ने व्यवस्था मिलाइनेछ । ढिलासुस्ती, लापरबाही गर्ने कर्मचारीलाई नसिहत दिने र पटक पटक लापरवाही गरेको पाइएमा कारवाहीको लागि सिफारिस गरिनेछ ।

१९४. अपाङ्ग, अशक्त, बिरामी, जेष्ठ नागरिकहरूलाई प्राथमिकता दिई छिटो सेवा दिने व्यवस्था मिलाइनेछ । अपाङ्गहरूलाई सेवामा पहुँच पुर्याउन अपाङ्गमैत्री संरचना निर्माण गरिनेछ ।

१९५. गाउँपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरूको अनिवार्य रूपमा सार्वजनिक परीक्षण गर्ने तथा गाउँपालिकाका समग्र क्रियाकलापहरूको सामाजिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

**(छ) सूचना व्यवस्थापन**

१९६. गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा गाउँपालिका मातहतका सबै सरकारी कार्यलयहरूबाट जारी हुने सूचनाहरूलाई कार्यालयको वेवसाइट, डिजिटल सूचना पाटी तथा सूचना पाटीको माध्यमबाट सार्वजनिक गरिनेछ ।

१९७. कार्यालयको तर्फबाट जनहितमा जारी हुने सूचना तथा सन्देशहरू सम्भव भएसम्म स्थानीय स्तरका राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा अनलाइन पत्रिकाहरूको माध्यमबाट प्रकाशन गरिनेछ ।

१९८. गाउँपालिकासँग सम्बन्धित तथ्याङ्कहरूलाई एकिकृत गरी तथ्याङ्क बैंक निर्माण गरी गाउँपालिकाका गतिविधीहरू सहितको तथ्याङ्क सबैको पहुँचमा हुने गरी वेवसाइटमा राख्ने व्यवस्था मिलाइनेछ ।

१९९. गाउँपालिकाका क्रियाकलापहरूलाई जवाफदेही, पारदर्शी बनाउन नियमित रूपमा सार्वजनिक सुनुवाई गरिनेछ । सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा, सल्लाह, सुझावहरूलाई सबैले देख्ने गरी प्रतिवेदनको रूपमा सार्वजनिक गरिनेछ ।

२००. गाउँपालिकाका समस्त गतिविधीहरूको वृत्तचित्र तयार गरी प्रसारणको व्यवस्था मिलाइने छ । सामाजिक परीक्षण स्वतन्त्र निकायबाट गर्ने व्यवस्था मिलाइनेछ । प्राप्त सुझावहरूको कार्यान्वयनमा विशेष ध्यान दिइनेछ ।

अन्त्यमा,

यस गरिमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रमको सफलता यसको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित हुने भएकोले दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममा समेटिएका सबै व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि सबै जनप्रतिनिधी, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, बुद्धिजिवी, समाजसेवी सबैबाट आवश्यक सहयोग हुनेछ भन्ने अपेक्षा गरेको छु । सबैको ऐक्यवद्धता, पारस्परिक सहयोग र समर्थनबाट मात्र प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गरी **"समुन्नत दंगीशरण, सुखी दंगीशरणवासी"** को लक्ष्य हासिल हुने अपेक्षा गरेको छु ।

२८औं गाउँ सभाको
बैठक संख्या: ...
मिति २०८२/०३/१०
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

प्रस्तुत नीति तथा कार्यक्रमको तयारीमा अहोरात्र खटि कार्य गर्नुहुने सबै जनप्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

शम्भु गिरी

(अध्यक्ष)

शम्भु गिरी
अध्यक्ष

२०८२ साल असाढ ८ गते

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७४

३८औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२।०३।१०
निर्णय प्रमाणित।

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१९ औं गाउँ सभा

## कार्यसूची र समयतालिका

बैठक संख्याः ३ (तीन) मितिः २०८२/०३/१०

गाउँ सभाको बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

बैठक बस्ने मितिः २०८२/०३/१२ समयः दिनको १.०० बजे

अध्यक्षताः श्री शम्भु गिरी

| क.सं. | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | प्रस्तावको विषय | कैफियत |
|---|---|---|---|---|
| १ | सभा प्रारम्भ | | अध्यक्ष | |
| २ | दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममाथि छलफल गरी पारित गरियोस् । | | अध्यक्ष | निर्णयार्थ |
| ३ | दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८२ माथि छलफल गरी पारित गरियोस् । | | अध्यक्ष | निर्णयार्थ |
| ४ | दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८२ माथि छलफल गरी पारित गरियोस् । | | अध्यक्ष | निर्णयार्थ |
| ५ | दंगीशरण गाउँपालिकाको महटवाँ प्रणालीको संरक्षण, प्रवर्द्धन र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ माथि छलफल गरी पारित गरियोस् । | | अध्यक्ष | निर्णयार्थ |
| ६ | दंगीशरण गाउँ कार्यपालिका बैठकबाट १८ औं अधिवेशनदेखि हालसम्म पारित गरेका निर्णयहरू अनुमोदन गरियोस् । | | अध्यक्ष | निर्णयार्थ |
| ७ | सभाको समापन | | | |

प्रस्ताव/कार्यसूचि बुझेको भरपाई

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री पिमाकुमारी वली खड्का | गाउँसभा सदस्य | | |
| २ | श्री रमेश भण्डारी | गाउँसभा सदस्य | | |
| ३ | श्री डम्बर खत्री | गाउँसभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री सुकलाल चौधरी | गाउँसभा सदस्य | | |
| ५ | श्री कमल थारू | गाउँसभा सदस्य | | |
| ६ | श्री निरज बस्नेत | गाउँसभा सदस्य | | |
| ७ | श्री रोशन जङ्ग शाह | गाउँसभा सदस्य | | |
| ८ | श्री रेशम बहादुर वली | गाउँसभा सदस्य | | |
| ९ | श्री मिना चौधरी | गाउँसभा सदस्य | | |
| १० | श्री द्रौपदी चौधरी | गाउँसभा सदस्य | | |
| ११ | श्री टंकी भण्डारी | गाउँसभा सदस्य | | |
| १२ | श्री चन्दा योगी | गाउँसभा सदस्य | | |
| १३ | श्री कृष्ण कामी | गाउँसभा सदस्य | | |
| १४ | श्री सितारा नेपाली | गाउँसभा सदस्य | | |
| १५. | श्री हुमा गिरी | गाउँसभा सदस्य | | |
| १६ | श्री लक्ष्मी परियार | गाउँसभा सदस्य | | |
| १७ | श्री चन्द्रलाल चौधरी | गाउँसभा सदस्य | | |
| १८ | श्री लुमा चौधरी | गाउँसभा सदस्य | | |
| १९ | श्री अन्जना बि.क. | गाउँसभा सदस्य | | |
| २० | श्री मोहन बि.क. | गाउँसभा सदस्य | | |
| २१ | श्री लाल बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| २२ | श्री रामकली चौधरी | गाउँसभा सदस्य | | |
| २३ | श्री सरिता बि.क. | गाउँसभा सदस्य | | |
| २४ | श्री लक्ष्मणदास चौधरी | गाउँसभा सदस्य | | |
| २५ | श्री तेजकुमारी नेपाली | गाउँसभा सदस्य | | |
| २६ | श्री देवराज रेउले | गाउँसभा सदस्य | | |
| २७ | श्री सिताराम चौधरी | गाउँसभा सदस्य | | |
| २८ | श्री ममता चौधरी | गाउँसभा सदस्य | | |
| २९ | श्री सुमित्रा बि.क. | गाउँसभा सदस्य | | |
| ३० | श्री कमल वली | गाउँसभा सदस्य | | |
| ३१ | श्री भुम प्रसाद देवकोटा | गाउँसभा सदस्य | | |
| ३२ | श्री उर्मिला परियार | गाउँसभा सदस्य | | |
| ३३ | श्री कान्छुराम चौधरी | गाउँसभा सदस्य | | |
| ३४ | श्री शम्सेर बहादुर रावत | गाउँसभा सदस्य | | |
| ३५ | श्री जापानी दमेनी | गाउँसभा सदस्य | | |
| ३६ | श्री किरिम बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| ३७ | श्री भूप बहादुर खड्का | गाउँसभा सदस्य | | |

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## १९ औं गाउँ सभाको बैठकको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

बैठक सख्याः ३ (तीन)

मितिः २०८२/०३/१२

समयः दिनको १.०० बजे

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री शम्भु गिरी | अध्यक्ष | | |
| २ | श्री पिमाकुमारी वली खड्का | गाउँसभा सदस्य | | |
| ३ | श्री कर्ण बहादुर नेपाली | सचिव | | |
| ४ | श्री रमेश भण्डारी | गाउँसभा सदस्य | | |
| ५ | श्री डम्बर खत्री | गाउँसभा सदस्य | | |
| ६ | श्री सुकलाल चौधरी | गाउँसभा सदस्य | | |
| ७ | श्री कमल थारू | गाउँसभा सदस्य | | |
| ८ | श्री निरज बस्नेत | गाउँसभा सदस्य | | |
| ९ | श्री रोशन जङ्ग शाह | गाउँसभा सदस्य | | |
| १० | श्री रेशम बहादुर वली | गाउँसभा सदस्य | | |
| ११ | श्री मिना चौधरी | गाउँसभा सदस्य | | |
| १२ | श्री दुर्पती थरूनी | गाउँसभा सदस्य | | |
| १३ | श्री टंकी भण्डारी | गाउँसभा सदस्य | | |
| १४ | श्री चन्दा योगी | गाउँसभा सदस्य | | |
| १५ | श्री कृष्ण कामी | गाउँसभा सदस्य | | |
| १६ | श्री सितारा नेपाली | गाउँसभा सदस्य | | |
| १७ | श्री हुमा गिरी | गाउँसभा सदस्य | | |
| १८ | श्री लक्ष्मी परियार | गाउँसभा सदस्य | | |
| १९ | श्री चन्द्रलाल चौधरी | गाउँसभा सदस्य | | |
| २० | श्री लुमा चौधरी | गाउँसभा सदस्य | | |
| २१ | श्री अन्जना बि.क. | गाउँसभा सदस्य | | |
| २२ | श्री मोहन बि.क. | गाउँसभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्री लाल बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| २४ | श्री रामकली चौधरी | गाउँसभा सदस्य | | |
| २५ | श्री सरिता बि.क. | गाउँसभा सदस्य | | |
| २६ | श्री लक्ष्मणदास चौधरी | गाउँसभा सदस्य | | |
| २७ | श्री तेजकुमारी नेपाली | गाउँसभा सदस्य | | |
| २८ | श्री देवराज रेउले | गाउँसभा सदस्य | | |
| २९ | श्री सिताराम चौधरी | गाउँसभा सदस्य | | |
| ३० | श्री ममता चौधरी | गाउँसभा सदस्य | | |
| ३१ | श्री सुमित्रा बि.क. | गाउँसभा सदस्य | | |
| ३२ | श्री कमल वली | गाउँसभा सदस्य | | |
| ३३ | श्री भुम प्रसाद देवकोटा | गाउँसभा सदस्य | | |
| ३४ | श्री उर्मिला परियार | गाउँसभा सदस्य | | |
| ३५ | श्री कान्छुराम चौधरी | गाउँसभा सदस्य | | |
| ३६ | श्री शम्सेर बहादुर रावत | गाउँसभा सदस्य | | |
| ३७ | श्री जापानी दमेनी | गाउँसभा सदस्य | | |
| ३८ | श्री किरिम बहादुर चौधरी | गाउँसभा सदस्य | | |
| ३९ | श्री भूप बहादुर खड्का | गाउँसभा सदस्य | | |

आमन्त्रित

श्री टोपाराम चौधरी सदस्य जि.स.स. दाङ

गाउँकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७४

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## १९ औं गाउँ सभामा कर्मचारीहरूको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

मितिः २०८२/०३/१२

समयः दिनको १.०० बजे

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | के बहादुर खत्री | प्र.प्र.अ. | [illegible] | |
| २ | विनोद अधिकारी | | [illegible] | |
| ३ | भगवती चौधरी | प्र.कम्प्युटर अधिकृत | [illegible] | |
| ४ | उमा के.सी. | प्रा.स. | [illegible] | |
| ५ | रविता लामिछाने | खे.चा. | [illegible] | |
| ६ | प्रमोद गिरी | वडा सचिव | [illegible] | |
| ७ | विनिता गिरी | अमिन | [illegible] | |
| ८ | पुजा चौधरी | CBR सहजकर्ता | [illegible] | |
| ९ | मालिका पाण्डे | अ.हे.व. | [illegible] | |
| १० | छत्तराम रोका | प.वे.प्रा | [illegible] | |
| ११ | चुडामणी देवकोटा | वडा सचिव | [illegible] | |
| १२ | एकराज सुवेदी | प.स्वा.प्रा | [illegible] | |
| १३ | सन्तोष चौधरी | ओ.स. | [illegible] | |
| १४ | लता घिमिरे | ना.प्रा.स.कृषि | [illegible] | |
| १५ | शान्ती पुन मगर | सि.अ.हे.व | [illegible] | BHSC मौली |
| १६ | योगमाया कँवर | कृषि प्राविधिक | [illegible] | |
| १७ | [illegible] अर्याल | अधिकृत सातौं | [illegible] | |
| १८ | दीपा आचार्य | कोष अधिकृत | [illegible] | |
| १९ | प्रदिप योगी | ज.स्वा.नि. | Pradip | |
| २० | दामोदर शर्मा | सि.अ.हे.व.अ. | [illegible] | |
| २१ | सञ्जय घिताल | अ.हे.व. | Sanjay | |
| २२ | रेणुका चौधरी | अ.न.मी. | [illegible] | |

| | | | | |
|---|---|---|---|---|
| २३ | दिलमाया खत्री | स्टाफ नर्स | | |
| २४ | पार्वती के.सी. | [illegible] | | |
| २५ | कल्पना थिटर | स. पार्वा | | |
| २६ | युवराज रिजाल | प्र.प्र.अ. | | |
| २७ | हिरराम चौधरी | अधिकृत | | |
| २८ | सुन कुमारी घर्ति | स.म.वि.नि. | | |
| २९ | प्रेम प्रकाश चौधरी | वडा सचिव ५२६ | | |
| ३० | कालु राम थारु | अ.हे.ब. | | |
| ३१ | तेजेन्द्र कुमार खत्री | अ.स.ई. | | |
| ३२ | अनुप चौधरी | अ.स.ई. | | |
| ३३ | कालुराम चौधरी | पाँचौं | | |
| ३४ | प्रहलाद चौधरी | ज.स्वा.नि. | | |
| ३५ | गुरु प्र. चौधरी | स्वा. प्रमि. | | |
| ३६ | ध्रुव बहादुर डाँगी | नि. चौथो | | |
| ३७ | मान बहादुर डाँगी | [illegible] | | |
| ३८ | रोशन गिरी | डा.शि.व.अ.सं.अ. | | |
| ३९ | दिपक के.सी. | ६ नं. वडा | | |
| ४० | भरत मणि आचार्य | पू. ने. वडा | | |
| ४१ | टिकाराम चौधरी | रेकर्ड चालक | Tikaram | |
| ४२ | रूपमा चौधरी | का.स | | |
| ४३ | राजेन्द्र चौधरी | को.ल. | | |
| ४४ | पूर्ण चौधरी | का.स. | | |
| ४५ | गणेश डि.सी. | सब-ई | Ganesh | |
| ४६ | गिरीश कट्टेल | प.चि. | | |
| ४७ | शारदा के.सी. | सामाजिक परिचालक | | |
| ४८ | राधा शर्मा | सि.अ.न.मि.मि. | | |
| ४९ | विनोद चौधरी | चालक | | |
| ५० | शमन ओली | अ.सब इ. | | |
| ५१ | | | | |
| ५२ | | | | |
| ५३ | | | | |

गाउँपालिका कार्यपालिकाको कार्यालय ... प्रदेश, नेपाल

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१९ औं गाउँ सभा

**कार्यसूची र समयतालिका**

बैठक संख्याः ३ (तीन) मितिः २०८२/०३/१२

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

समयः दिनको १.०० बजे

अध्यक्षताः श्री शम्भु गिरी

| क.सं. | कार्यसूची | | कार्यसूची प्रस्तुतकर्ता | प्रस्तावको विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | सभा प्रारम्भ | | अध्यक्ष | | |
| २ | दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममाथि छलफल गरी पारित गरियोस् । | | अध्यक्ष | निर्णयार्थ | |
| ३ | दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८२ माथि छलफल गरी पारित गरियोस् । | | अध्यक्ष | निर्णयार्थ | |
| ४ | दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८२ माथि छलफल गरी पारित गरियोस् । | | अध्यक्ष | निर्णयार्थ | |
| ५ | दंगीशरण गाउँपालिकाको महटवाँ प्रणालीको संरक्षण, प्रवर्द्धन र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ माथि छलफल गरी पारित गरियोस् । | | अध्यक्ष | निर्णयार्थ | |
| ६ | दंगीशरण गाउँ कार्यपालिका बैठकबाट १८ औं अधिवेशनदेखि हालसम्म पारित गरेका निर्णयहरू अनुमोदन गरियोस् । | | अध्यक्ष | निर्णयार्थ | |
| ७ | सभाको समापन | | | | |

प्रमाणित गर्नेः

शम्भु गिरी
अध्यक्ष

## मिति २०८२ साल असाढ १२ गतेको दंगीशरण गाउँसभाको १९ औं अधिवेशनको तेश्रो बैठकका निर्णयहरू

**कार्यसूचि नं.** २ दंगीशरण गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममाथि छलफल गरी पारित गरियोस् ।

**निर्णय नं. १**

नेपालको संविधान २०७२ को धारा २३० तथा दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) र (२) बमोजिम दंगीशरण गाउँपालिकाका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूले मिति २०८२ साल असाढ १० गतेका दिन सभा समक्ष पेश गर्नु भएको दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममाथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनि मतका आधारमा संशोधन सहित सर्वसम्मतिबाट पारित गरियो ।

**कार्यसूचि नं. ३** दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८२ माथि छलफल गरी पारित गरियोस् ।

**निर्णय नं.** २ दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) र (२) बमोजिम दंगीशरण गाउँपालिकाका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूले मिति २०८२ साल असाढ १० गतेका दिन सभा समक्ष पेश गर्नु भएको दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८२ माथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनि मतका आधारमा सर्वसम्मतिबाट पारित गरियो ।

**कार्यसूचि नं. ४** दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८२ माथि छलफल गरी पारित गरियोस् ।

**निर्णय नं. ३** दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) र (२) बमोजिम दंगीशरण गाउँपालिकाका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूले मिति २०८२ साल असाढ १० गतेका दिन सभा समक्ष पेश गर्नु भएको दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८२ माथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनि मतका आधारमा सर्वसम्मतिबाट पारित गरियो ।

**कार्यसूचि नं. ५** दंगीशरण गाउँपालिकाको महटवाँ प्रणालीको संरक्षण, प्रवर्द्धन र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ माथि छलफल गरी पारित गरियोस् ।

**निर्णय नं.** ४ दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) र (२) बमोजिम दंगीशरण गाउँपालिकाका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली

१९ औं गाउँ सभाको
बैठक संख्या: ३
मिति २०८२।०३।१२ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

खड्काज्यूले मिति २०८२ साल असाढ १० गतेका दिन सभा समक्ष पेश गर्नु भएको दंगीशरण गाउँपालिकाको महटवाँ प्रणालीको संरक्षण, प्रवर्द्धन र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ माथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनि मतका आधारमा सर्वसम्मतिबाट पारित गरियो।

**कार्यसूचि नं. ६** दंगीशरण गाउँपालिकाको १८ औं गाउँ सभादेखि हालसम्म गाउँ कार्यपालिकाको बैठकले पारित गरेका निर्णयहरू अनुमोदन गरियोस्।

**निर्णय नं. ५**

दंगीशरण गाउँपालिकाको १८ औं गाउँ सभादेखि हालसम्म गाउँ कार्यपालिकाको बैठकले पारित गरेका निर्णयहरू अनुमोदन गरियोस् भनि सभाध्यक्ष श्री शम्भु गिरीज्यूले सभा समक्ष राख्नु भएको प्रस्तावमाथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनिमतका आधारमा सर्वसम्मतिबाट अनुमोदन गरियो।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

१८औं गाउँ सभाको
बैठक संख्या: ३
मिति २०८२।०३।१२
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

# दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक,२०८२

गाउँ सभामा पेश भएको मितिः २०८२/०३/१०

गाउँ सभाबाट पारित भएको मितिः २०८२/०३/१२

**प्रस्तावना**:

दंगीशरण गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को अर्थसम्वन्धी प्रस्तावलाई कार्यन्वयनको लागि स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम दंगीशरण गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८२ रहेको छ।

(२) यो ऐन सम्वत् २०८२ साल साउन महिनाको १ गतेदेखि दंगीशरण गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

**२. सम्पत्ति कर :** दंगीशरण गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिमको घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गरिनेछ। घरको मुल्याङ्कन अनुसूची (२) अनुसार र घर वनोटको आधारमा ह्रास कट्टी अनुसूची (३) र जग्गाको मुल्याङ्कन अनुसूची (४) बमोजिम गरिने छ।

**३. भूमी कर (मालपोत) :** दंगीशरण गाउँपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमी बाहेकको अन्य जग्गामा अनुसूची (५) बमोजिमको भूमी कर (मालपोत) लगाई असुल उपर गरिनेछ।

**४. घर बहाल कर :** दंगीशरण गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, सेड, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची (६) बमोजिम बहाल कर लगाई असुल उपर गरिनेछ।

**५. व्यवसाय कर :** (१) दंगीशरण गाउँपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यावसाय, सेवा र यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति, संघसस्था वा निकायलाई पूँजीगत लगानी र व्यावसायिक कारोवारको आधारमा व्यावसायिक कर लगाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम व्यावसायिक कारोवारको मुल्याङ्कन गर्दा व्यवसायको प्रकृति, वार्षिक कारोवार अङ्क, व्यावसाय रहेको स्थान र लगानीको परिमाणलाई समेत विष्लेषण गरी अनुसूची (७) बमोजिमको व्यवसाय कर लगाईनेछ। त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तिय संस्था र सुपरमार्केटको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारका आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ।

**६. जडिवुटी, कवाडी र जीवजन्तु कर :** दंगीशरण गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, बनकस कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता बस्तुको ब्यावसायिक कारोवार गरेवापत अनुसूची (८) बमोजिमको कर लगाई असुल उपर गरिनेछ।

**७. सवारी साधन कर:** दंगीशरण गाउँपालिका भित्र दर्ता तथा ईजाजत प्राप्त गरी सञ्चालन हुने ई-रिक्शा, अटोरिक्सा, टाँगा, ठेला आदि सवारी साधनमा अनुसूची (९) बमोजिमको कर लगाई असुल उपर गरिनेछ।

**८. विज्ञापन कर:** दंगीशरण गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (१०) बमोजिम कर लगाई असुल उपर गरिनेछ।

**९. मनोरञ्जन कर:** दंगीशरण गाउँपालिका क्षेत्रभित्र रहने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन

**१०. बहाल विटौरी शुल्कः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको बजार वा पसल वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा सडक वा बाटो किनारामा बनेको संरचनामा वन विशेष मेला पर्वमा अनुसूची (११) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

**११. सवारी साधन पार्किङ्ग शुल्कः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची (१२) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ । कुनै पनि पार्किङ्ग व्यावसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले दंगीशरण गाउँपालिकाको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ ।

**१२. सेवा शुल्क, दस्तुरः** दंगीशरण गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१३) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा ब्यवस्था भएअनुसार शुल्क लगाई असुल उपर गरिनेछ ।

**१३. घरजग्गा रजिष्ट्रेशन शुल्कः** दंगीशरण गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

**१४. पर्यटन शुल्कः** दंगीशरण गाउँपालिकाले तोकेको स्थानमा पर्यटक प्रवेश गर्दा कार्यपालिकाले तोकेको दरमा पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ ।

**१५. जरिवाना :** दंगीशरण गाउँपालिका क्षेत्रभित्र प्रचलित कानुनको बर्खीलाप हुने गरी कार्य गर्नेलाई अनुसूची (१४) बमोजिम जरिवाना हुनेछ ।

**१६. घर नक्सापास दस्तुरः** दंगीशरण गाउँपालिका भित्र निर्माण हुने घर नक्सापासको लागि अनुसूची (१५) बमोजिम दस्तुर लगाई असुल उपर गरिनेछ ।

**१७. कर छुट तथा प्रोत्साहन सम्वन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कर छुट दिईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समावेशी विकासको अबधारणालाई दृष्टिगत गरी गाउँ कार्यपालिकाले औचित्य स्पष्ट पारी सर्वसम्मत निर्णयले बढीमा अनुसूची (१६) मा लेखिए बमोजिम कर छुट दिने निर्णय गर्न सक्नेछ र त्यस्तो निर्णयबाट आर्थिक बर्ष भरीमा दिईएको कर छुटको क्षेत्र र रकम सहित उल्लेख गरी छुट्टै प्रतिवेदन बनाई आगामी गाउँसभामा पेश गर्नु पर्नेछ ।

(३) गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर नतिर्ने व्यक्ति तथा संस्थाको हकमा नागरिकता सिफारिस र व्यक्तिगत घटना दर्ता बाहेक गाउँपालिकाले प्रदान गर्ने अन्य सेवा सुविधाबाट बञ्चित गर्ने गरी कार्यपालिकाले निर्णय गर्नसक्नेछ ।

(४) दंगीशरण गाउँपालिका क्षेत्रभित्र अबैध रूपमा नदिजन्य पदार्थको ओसार पसार गर्न पाईने छैन ।

(५) उपदफा (४) को विपरित कार्य गर्नेलाई जरिवाना गर्न सहयोग गर्ने प्रहरी संगठनलाई अनुसूची (१६) बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

**१८. सहकार्यमा राजस्व संकलन गर्न सकिनेः** कवाडी कर लगाएत राजस्व संकलन गर्दा जिल्लाका अन्य स्थानीय तहका साथै सेवा प्रदायकहरूसँगको सहकार्य प्रभावकारी हुने देखिएमा गाउँ कार्यपालिकाले निर्णय गरी सहकार्यमा राजस्व संकलन गर्न सकिनेछ ।

**१९. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

शम्भु गिरी
अध्यक्ष

## अनुसूचि-१

## सम्पत्ति करको दर

(दंगीशरण गाउँपालिकाको आर्थिक ऐन,२०८२ को दफा २ सँग सम्बन्धित)

| क्र.सं. | सम्पत्तिको मुल्याङ्कन विवरण | बार्षिक करको दर रु.= |
|---|---|---|
| १. | १ लाख सम्म | ५०/- |
| २. | १ लाख माथि १० लाख सम्म | थप प्रति हजार।२० पैसा |
| ३. | १० लाख माथि २० लाख सम्म | थप प्रति हजार।२५ पैसा |
| ४. | २० लाख माथि ४० लाख सम्म | थप प्रति हजार।३० पैसा |
| ५. | ४० लाख माथि ६० लाख सम्म | थप प्रति हजार।३५ पैसा |
| ६. | ६० लाख माथि १ करोड सम्म | थप प्रति हजार।४० पैसा |
| ७. | १ करोड माथि २ करोड सम्म | थप प्रति हजार।४५ पैसा |
| ८. | २ करोड माथि ५ करोड सम्म | थप प्रति हजार।५० पैसा |
| ९. | ५ करोड माथि १० करोड सम्म | थप प्रति हजार।६० पैसा |
| १०. | १० करोड माथि जतिसुकै सम्म | थप प्रति हजार।७० पैसा |

## अनुसूचि-२

## भवन वा संरचनाको मूल्याङ्कन दर

(दंगीशरण गाउँपालिकाको आर्थिक ऐन,२०८२ को दफा २ सँग सम्बन्धित)

| क्र.सं. | भवन वा संरचनाको विवरण | प्रति वर्गफिट मुल्याङ्कन रु. | कैफियत |
|---|---|---|---|
| १. | आर.सि.सि.फ्रेम स्ट्रक्चर | २०००/- | |
| २. | सिमेन्ट मसलाको जोडाई | ९००/- | |
| ३. | माटोको जोडाई | ४००/- | |
| ४. | बारेको खरको छाना र माथि खुल्न नसकेका अन्य सबै | १००/- | |

## अनुसूचि-३

## भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि दर

(दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा २ सँग सम्बन्धित)

भवनको वनोट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (Straight Line Method) अनुसार हुनेछ। यसको गणना देहाय बमोजिम गरिनेछ।

| क्र.सं. | भवनको प्रकार/बनावट | वार्षिक ह्रास | ह्रास कट्टी अवधि |
|---|---|---|---|
| १. | आर.सि.सि.फ्रेम स्ट्रक्चर | १ % | ७५ वर्ष |
| २. | सिमेन्ट मसलाको जोडाई | १.५ % | ५० वर्ष |
| ३. | माटोको जोडाई | ३% | २५ वर्ष |
| ४. | बारेको खरको छाना र माथि खुल्न नसकेका अन्य सबै | ३% | २५ वर्ष |

दंगीशरण गाउँपालिका कार्यपालिकाको कार्यालय

१८औं गाउँ सभाको
बैठक संख्या: ३
मिति: २०८२।०३।१२ को

शम्भु गिरी
अध्यक्ष

अनुसूचि-४

## सम्पत्ति कर प्रयोजनको लागि जग्गाको मूल्याङ्कन दर

(दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दफा २ सँग सम्बन्धित)

| क्र.सं. | विवरण | न्यूनतम् दर प्रति कट्ठा |
|---|---|---|
| **१ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | | |
| १ | बखरिया बुट्केसाल सडक १० मिटर | ४०००००/- |
| २ | स्यानोधारा गनारी, छरकट्टा, प्रहरी चौकी गौडा, झोलुङ्गे पुल, पुन टोल, रामपुर टोलको सडक, पदमपुर रहरपुर बैवाङ्गजाने सडक (७ मिटर) | २०००००/- |
| ३ | जुंगे खोला शिवपुरी, भरैया, भुयाँरथान, छहरेखोला, धनटाकुरा, बुट्केसाल, रहरपुर पुल देखि पश्चिम जाने बाटो, स्कुल चोक पुल देखि रहरपुर जानेबाटो, अन्य भित्रि सडक सबै | १०००००/- |
| ४ | फुर्केसल्ली | ३००००/- |
| ५ | अन्य स्थान | ५००००/- |
| ६ | बखरिया बुट्केसाल सडक १० मिटर | ४०००००/- |
| **२ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | | |
| ७ | बंगलापुर बुर्केसाल दमार गाउँ गोल्टाकुरी सडक १० मिटर | ४०००००/- |
| ८ | सरुवाडाँडा, कौवाघारी, बंगलापुर, कौवाघारी प्रा.वि.को घारी सडक बंगलापुर सरुवाडाँडा, कौवाघारी, सिमलकुना, सरुवाडाँडा, स्यानोधारा, माथिल्लो सडक ७ मिटर डाँगीचौरदेखि माथिल्लो सडक, बंगलापुर रिङ्गरोड, कौवाघारी रिङ्गरोड, अन्यभित्रि सडक सबै | २०००००/- |
| ९ | अन्य स्थान | ५००००/- |
| **३ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | | |
| १० | हेकुली कुलो चौकदेखि हेकुली स्कुल चौक सडक १२ मिटर | ८०००००/- |
| ११ | चखौरादेखि दामोदर सडक १० मिटर | ३५००००/- |
| १२ | दामोदर सडक | ५०००००/- |
| १३ | हेकुली चौक चिरागार, चखौरादेखि मायाखोला, नयाँ बस्ती बाटो ,अन्य भित्रि सडक सबै | २०००००/- |
| १४ | अन्य स्थान | १०००००/- |
| **४ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | | |
| १५ | हेकुली चौकदेखि बैवाङ्ग ओरालो सम्म | ८०००००/- |
| १६ | हेकुली चौक शिवमन्दिर सम्म | ८०००००/- |
| १७ | दामोदर सडक | ५०००००/- |
| १८ | सुकदेवादेखि मौलि हुदै ५ नं सिमाना सम्म | ३०००००/- |
| १९ | बैवाङ्ग ओरालोदेखि बबई | ४०००००/- |
| २० | कृषि सडक | २५००००/- |
| २१ | मौली, सरैया, सतीमन्दिर, मौनवा, कुरेवा टोल, शिव मन्दिर कुकुर खैला बेलझुण्डी कनरिया टोल ठूलो खल्यान, सलौरा स्कुल, बालुवा टोल ७ मी. र अन्य भित्री सडक | २०००००/- |
| २२ | अन्य स्थान | १०००००/- |
| **५ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | | |

| | | |
|---|---|---|
| २३ | सुर्खेत सडक खण्ड ३० मीटर | १०००००/- |
| २४ | गाउँपालिका जाने बाटो १२ मीटर | ८०००००/- |
| २५ | नन्द्रागाउँ कृषि सडक, डाँडागाउँ कुर्री, पोटली सलौरा, मिरौली, रावतगाउँ सडक खण्ड, डाँडाचिस सलौरा, लौबस्ता, खलुवाचिस सलौरा सडक १० मी. | ३०००००/- |
| २६ | घडेरी टोल जाने बाटो, कुमलगढी मायाखोला जाने बाटो, खलुवाचिस देवीगञ्ज सलौरा लगाएत बस्ती भित्रका भित्री बाटाहरु ८ मी., अन्य सबै भित्री सडक | २०००००/- |
| २७ | अन्य स्थान | १०००००/- |
| **६ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | | |
| २८ | सुर्खेत सडक खण्ड ३० मीटर | १००००००/- |
| २९ | बागर थपगाउँ सडक | ४०००००/- |
| ३० | दामोदर सडक | ४०००००/- |
| ३१ | बागर डाँडाकुलो नयाँ बस्ति, राजपुर भित्री सडक, प्रसडुवा ढुकुरेडाँडा बुराडावर मैरवा भण्डारी टोल, गिरी टोल, खड्का टोल, लेटार पूर्वी टोल, मध्यटोल, खडकपुर टोल थपगाउँ रिङ्गरोड ७ मी., अन्य भित्री सडक सबै | २५००००/- |
| ३२ | अन्य स्थान | १०००००/- |
| **७ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | | |
| ३२ | सुर्खेत सडक खण्ड ३० मीटर | १००००००/- |
| ३३ | दामोदर सडक थपगाउँ देखि कोईराल डाँडा १० मी. | ५०००००/- |
| ३४ | सुर्खेत सडकदेखि बुटनिया सम्म ९ मी. | ४०००००/- |
| ३५ | बुद्दीपुर; मन्त्री डाँडा, बाँका दुविचौर, बाँका रजपल, श्रीगाउँ रजपल, कोईराल डाँडा, बुढाडावर, गोरक्ष टोल पूर्व रजपल सम्मका ७ मी.का सडक खण्डहरु, अन्य भित्रि सडक सबै | ३०००००/- |
| ३६ | अन्य स्थान | १०००००/- |

अनुसूचि-५

## भूमि कर

(दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दफा ३ सँग सम्बन्धित)

गाउँपालिका क्षेत्रभित्रका जग्गाहरूलाई देहायबमोजिम वर्गीकरण गरिएको छ

| जग्गाको वर्ग | जग्गाको विवरण |
|---|---|
| "क" | वडा नं.५,६ र ७ को तुलसीपुर पुरन्धारा सडकमा पर्ने जग्गा |
| ४५ | २८२१९ अन्य फिर्ता | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ०.०० | ०.०० | १२,६०,०००.०० | ०.०० | १२,६०,०००.०० |
| ४६ | ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| ४७ | ३११२१ सवारी साधन | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ०.०० | ०.०० | ०.०० | ५२,०३,५१७.०० | ५२,०३,५१७.०० |

गाउँ सभाको

# दंगीशरण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, दाङ
**कार्यालयको कोड : ८०५५६५०२३००**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५४,४७,०००.०० | ०.०० | ०.०० | ०.०० | ५४,४७,०००.०० |
| | | लुम्बिनी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ०.०० | ४,९०,०००.०० | ०.०० | ०.०० | ४,९०,०००.०० |
| | | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ०.०० | ०.०० | ८,००,०००.०० | ०.०० | ८,००,०००.०० |
| ४९ | ३११२३ फर्निचर तथा फिक्चर्स | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ०.०० | ०.०० | १५,००,०००.०० | ०.०० | १५,००,०००.०० |
| ५० | ३११३१ पशुधन तथा बागवानी विकास खर्च | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,२०,०००.०० | ०.०० | ०.०० | ०.०० | ३,२०,०००.०० |
| ५१ | ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ५०,०००.०० |
| ५२ | ३११३५ पूँजीगत परामर्श खर्च | लुम्बिनी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ०.०० | १,७५,०००.०० | ०.०० | ०.०० | १,७५,०००.०० |
| ५३ | ३११५१ सडक तथा पूल निर्माण | | | | ५,६२,२८,३९१.०० | १,०४,००,०००.०० | ०.०० | २,०४,००,०००.०० | ८,७०,२८,३९१.०० |
| | | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,८४,२८,३९१.०० | ०.०० | ०.०० | ०.०० | ३,८४,२८,३९१.०० |
| | | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ८१,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ८१,००,०००.०० |
| | | नेपाल सरकार | समपुरक अनुदान पुँजीगत | नगद अनुदान | ९७,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ९७,००,०००.०० |
| | | लुम्बिनी प्रदेश | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ०.०० | २९,००,०००.०० | ०.०० | ०.०० | २९,००,०००.०० |
| | | लुम्बिनी प्रदेश | समपुरक अनुदान पुँजीगत | नगद अनुदान | ०.०० | ७५,००,०००.०० | ०.०० | ०.०० | ७५,००,०००.०० |
| | | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ०.०० | ०.०० | ०.०० | २,०४,००,०००.०० | २,०४,००,०००.०० |
| ५४ | ३११५३ विद्युत संरचना निर्माण | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८,९०,०००.०० | ०.०० | ०.०० | ०.०० | ८,९०,०००.०० |
| ५५ | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | | | | ३७,३०,०००.०० | १०,००,०००.०० | ०.०० | ०.०० | ४७,३०,०००.०० |
| | | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३७,३०,०००.०० | ०.०० | ०.०० | ०.०० | ३७,३०,०००.०० |
| | | लुम्बिनी प्रदेश | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ०.०० | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| ५६ | ३११५५ सिंचाई संरचना निर्माण | | | | १,०९,००,०००.०० | ९,००,०००.०० | ०.०० | ०.०० | १,१८,००,०००.०० |
| | | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ९७,२५,०००.०० | ०.०० | ०.०० | ०.०० | ९७,२५,०००.०० |

# दंगीशरण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, दाङ
**कार्यालयको कोड : ८०५५६५०२३००**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | ११,७५,०००.०० | ०.०० | ०.०० | ०.०० | ११,७५,०००.०० |
| | | लुम्बिनी प्रदेश | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ०.०० | ९,००,०००.०० | ०.०० | ०.०० | ९,००,०००.०० |
| ५७ | ३११५६ खानेपानी संरचना निर्माण | | | | ४,५०,०००.०० | ०.०० | ०.०० | ५०,०००.०० | ५,००,०००.०० |
| | | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ४,५०,०००.०० |
| | | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ०.०० | ०.०० | ०.०० | ५०,०००.०० | ५०,०००.०० |
| ५८ | ३११५७ वन तथा वातावरण संरक्षण | | | | ५०,०००.०० | १५,००,०००.०० | ०.०० | ०.०० | १५,५०,०००.०० |
| | | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ५०,०००.०० |
| | | लुम्बिनी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ०.०० | १५,००,०००.०० | ०.०० | ०.०० | १५,००,०००.०० |
| ५९ | ३११५९ अन्य सार्वजनिक निर्माण | | | | ५,२२,८८,०००.०० | ४५,००,०००.०० | १,००,०००.०० | ०.०० | ५,६८,८८,०००.०० |
| | | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,४५,८८,०००.०० | ०.०० | ०.०० | ०.०० | १,४५,८८,०००.०० |
| | | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ३,०८,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ३,०८,००,०००.०० |
| | | नेपाल सरकार | विषेश अनुदान पुँजीगत | नगद अनुदान | ६९,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ६९,००,०००.०० |
| | | लुम्बिनी प्रदेश | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ०.०० | २७,००,०००.०० | ०.०० | ०.०० | २७,००,०००.०० |
| | | लुम्बिनी प्रदेश | विषेश अनुदान पुँजीगत | नगद अनुदान | ०.०० | १८,००,०००.०० | ०.०० | ०.०० | १८,००,०००.०० |
| | | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ०.०० | ०.०० | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| ६० | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ४,००,०००.०० |
| | | | | जम्मा | २८,४२,००,०००.०० | २,३१,३८,०००.०० | ११,०६,७२,३८३.०० | ३,४०,९०,५१७.०० | ४५,२१,००,९००.०० |

श्री शम्भु गिरी
अध्यक्ष

शम्भु गिरी
अध्यक्ष

बोधार्थ :
श्री महालेखा परीक्षकको कार्यालय, काठमाडौँ
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौँ
श्री महालेखा नियन्त्रक कार्यालय, काठमाडौँ

३६औं गाउँ सभाको
बैठक संख्या: २

# दंगीशरण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, दाङ
**कार्यालयको कोड : ८०५५६५०२३००**

पत्र संख्या : २०८२/०८३
च. नं. :

**अत्यन्त जरुरी**
**गोप्य**

(छाप: दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बेलुवा, दाङ, लुम्बिनी प्रदेश, नेपाल २०७३)

मिति :

श्री श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु ,
दंगीशरण गाउँपालिका, दाङ,
लुम्बिनी प्रदेश, दाङ।

**विषय : आर्थिक वर्ष २०८२/८३ को खर्च गर्ने अख्तियारी।**

आर्थिक बर्ष २०८२/८३ को विनियोजन ऐन बमोजिम ब.उ.शी.नं. [B] तर्फ रू. [RS] (अक्षरेपीः [RsT] मात्र) र सो मा थपघट हुने रकम समेत प्रचलित कानून अनुसार निकासा लिई खर्च गर्न गराउन र त्यस्तो खर्चको लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी प्रदेश आर्थिक कार्यविधि ऐन , सो अन्तर्गत बनेको नियम तथा निर्देशिकाहरूमा व्यवस्थित प्रावधान बमोजिम यहाँलाई अख्तियारी प्रदान गरेको छु । बजेट तथा कार्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा गर्ने सम्बन्धमा जारी भएका तथा हुने निर्देशनका व्यहोराहरूलाई विषेश ध्यान दिई संलग्न बाँडफाँड बमोजिम खर्च गर्नु हुन ।

| क्र.सं. | बजेट उपशीर्षक | चालु | पूंजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | ८०५५६५०२१०१ दंगीशरण गाउँपालिका | ९,९२,४४,१८०.०० | ५,३९,३८,५१७.०० | १५,३१,८२,६९७.०० |
| २ | ८०५५६५०२१०२ गत आ.व.मा भुक्तानी हुन बाँकी | ९०,८१२.०० | ३२,४५,७२४.०० | ३३,३६,५३६.०० |
| ३ | ८०५५६५०२१०५ सामाजिक विकास | २,२३,९०,०००.०० | ७५,०००.०० | २,२४,६५,०००.०० |
| ४ | ८०५५६५०२१०६ आर्थिक विकास | ५२,१०,०००.०० | ६,४०,०००.०० | ५८,५०,०००.०० |
| ५ | ८०५५६५०२१०७ कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास साझेदारी परियोजना | ४२,४०,०००.०० | ७३,६०,०००.०० | १,१६,००,०००.०० |
| ६ | ८०५५६५०२२०१ दंगीशरण गाउँपालिकावडा नं.१ | १४,७०,०००.०० | ३६,३०,०००.०० | ५१,००,०००.०० |
| ७ | ८०५५६५०२२०२ दंगीशरण गाउँपालिकावडा नं.२ | १६,००,०००.०० | ३५,००,०००.०० | ५१,००,०००.०० |
| ८ | ८०५५६५०२२०३ दंगीशरण गाउँपालिकावडा नं.३ | १२,९०,०००.०० | ३८,१०,०००.०० | ५१,००,०००.०० |
| ९ | ८०५५६५०२२०४ दंगीशरण गाउँपालिकावडा नं.४ | ९,४१,०००.०० | ४१,५९,०००.०० | ५१,००,०००.०० |
| १० | ८०५५६५०२२०५ दंगीशरण गाउँपालिकावडा नं.५ | १५,१०,०००.०० | ३५,९०,०००.०० | ५१,००,०००.०० |
| ११ | ८०५५६५०२२०६ दंगीशरण गाउँपालिकावडा नं.६ | १५,४३,०००.०० | ३५,५७,०००.०० | ५१,००,०००.०० |
| १२ | ८०५५६५०२२०७ दंगीशरण गाउँपालिकावडा नं.७ | १९,७५,०००.०० | ३१,२५,०००.०० | ५१,००,०००.०० |
| १३ | ८०५५६५०२५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १३,२५,२५,०००.०० | ४,००,७५,०००.०० | १७,२६,००,०००.०० |
| १४ | ८०५५६५०२५१२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ०.०० | ६९,००,०००.०० | ६९,००,०००.०० |
| १५ | ८०५५६५०२५१३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | ०.०० | १,६१,६६,६६७.०० | १,६१,६६,६६७.०० |
| १६ | ८०५५६५०२५२१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ०.०० | ७५,००,०००.०० | ७५,००,०००.०० |
| १७ | ८०५५६५०२५२२ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ०.०० | १८,००,०००.०० | १८,००,०००.०० |
| १८ | ८०५५६५०२५२३ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | ०.०० | १,५०,००,०००.०० | १,५०,००,०००.०० |
| | जम्मा | २७,४०,२८,९९२.०० | १७,८०,७१,९०८.०० | ४५,२१,००,९००.०० |

कुल जम्मा रकम रु : ४५,२१,००,९००.०० अक्षरेपी : रुपैयाँ पैतालिस करोड एक्काइस लाख नौ सय मात्र।

१८औं गाउँ सभाको
बैठक संख्याः ..........
मिति २०८२।०३।१२ को
निर्णय अनुमोदित।

श्री शम्भू गिरी
अध्यक्ष
(छाप: शम्भु गिरी अध्यक्ष)

बोधार्थ :
श्री महालेखा परीक्षकको कार्यालय, काठमाडौँ
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौँ
श्री महालेखा नियन्त्रक कार्यालय, काठमाडौँ

## दंगीशरण गाउँपालिकाको मटावाँ प्रणाली संरक्षण, प्रवर्द्धन र विकास ऐन, २०८२

| | |
|---|---|
| आ.व. २०८१/०८२ को विधेयक नं. | ६ |
| सभामा पेस भएको मिति | २०८२/०३/१० |
| सभाबाट पारित भएको मिति | २०८२/०३/१२ |

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
आ.व. २०८१/०८२

८९औं गाउँ सभाको
बैठक संख्या: ३
मिति २०८२/०३/१२
निर्णय प्रमाणित।

प्रमाणित
2082/03/18
शम्भु गिरी
अध्यक्ष

# दंगीशरण गाउँपालिकाको मटावाँ प्रणालीको संरक्षण, प्रवर्द्धन र विकास गर्न बनेको विधेयक
## २०८२

गाउँ सभामा पेस भएको मितिः- २०८२/०३/१०

गाउँसभाबाट पारित भएको मितिः- २०८२/०३/१२

प्रस्तावनाः दंगीशरण गाउँपालिका क्षेत्रभित्र प्रचलनमा रहेको आदिवासी थारूहरूको सामुदायिक सङ्गठन तथा प्रथाजनित मटावाँ प्रणालीलाई अभिलेखीकरण, संरक्षण, प्रवर्द्धन, विकास र अभ्यासमा टेवा पुर्याउन वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी दंगीशरण गाउँ सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र परिभाषा**: (१) यस ऐनको नाम "दंगीशरण गाउँपालिका मटावाँ प्रणाली संरक्षण, प्रवर्द्धन र विकास गर्न बनेको ऐन, २०८२" रहेको छ।

(२) यो ऐन दंगीशरण गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यस ऐनमाः

(क) "**अगह्वा**" भन्नाले गाउँको भौतिक विकास निर्माणको कामलाई व्यवस्थित गर्न कामको बाँडफाँट र निरीक्षण गर्ने गरी जिम्मेवारी दिइएको व्यक्ति सम्झनुपर्छ।

(ख) "अध्यक्ष" भन्नाले दंगीशरण गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ग) "**अगुवाई**" भन्नाले गाउँ वस्ति स्तरमा विकास निर्माण सँग सम्वन्धित सार्वजनिक सरोकारको विषयमा विना शुल्क सामाजिक काममा समुदायलाई परिचालन गर्ने प्रमुख व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले दंगीशरण गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ङ) "**कचहरी**" भन्नाले सामाजिक रुपमा हुने विवादको मेलमिलाप प्रयोजनाका लागि बस्ने गाउँको भेलालाई सम्झनुपर्छ।

(च) "केसौका" भन्नाले परम्परागत रुपमा चल्ने पुजा लगायतका कार्यमा गुर्वाको सहयोगी सम्झनुपर्छ।

(छ) "**ख्याल**" भन्नाले गाउँको मटवाँको नेतृत्वमा हुने छलफल (बैठक) सम्झनुपर्छ।

(ज) "**गरढुरीया**" भन्नाले घरको अभिभावक, मूली, व्यवस्थापक, आफ्नो कुल देवताका पुजारी सम्झनुपर्छ।

(झ) "गाउँ" भन्नाले दंगीशरण गाउँपालिकाको प्रदेशिक क्षेत्र भित्र बसोवास गर्ने, समुदायले नामाकरण गरी विगत देखि अस्तित्वमा रहेको भुह्यार थान भएको वस्ती र सो वस्तिलाई गाउँपालिकामा दर्ता हुनका एउटै भूगोलभित्र रहेका घरधुरीले टोल

१ऽऔं गाउँ सभाको
बैठक संख्या: ९
मिति २०८२।०३।१२

अध्यक्ष

वस्तिको नामाकरण गरी गाउँ बखेरीले सर्वसम्मत रूपमा निर्णय गरी वडा कार्यालयको सिफारिसमा गाउँपालिकामा दर्ता भएको गाउँवस्तिलाई सम्झनुपर्छ।

(ञ) "गाउँपालिका" भन्नाले दंगीशरण गाउँपालिका सम्झनुपर्छ।

(ट) "गाउँपालिका **मटावाँ**" भन्नाले यस ऐनको दफा ६ बमोजिम दंगीशरण गाउँपालिकाभरि प्रतिनिधित्व गर्ने गरी छनौट भएका मटावाँ सम्झनुपर्छ।

(ठ) **"चौकीदार"** भन्नाले गाउँको चौकीदारी गर्ने, रेखदेख, सूचना प्रवाह र आपत विपद्को बेलामा सहयोग गर्ने कार्यका लागि बखेरीबाट मनोनयन गरिएका व्यक्ति सम्झनुपर्छ।

(ड) **"झराली"** भन्नाले मटावाँको नेतृत्वमा गाउँको सार्वजनिक कामका लागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी वा आलोपालो गरी उपस्थित भई निःशुल्क श्रमदान वा सिप दान वा सामुहिक रूपमा गरिने कार्य सम्झनुपर्छ।

(ढ) **"टिहाई" भन्नाले** गाउँको सार्वजनिक पदमा काम गरेबापत पारिश्रमिक स्वरूप घरधुरीबाट गाउँ बखेरीको निर्णय अनुसार सङ्कलन गरिने अन्न वा नगद सम्झनुपर्छ।

(ण) **"टोल"** भन्नाले दंगीशरण गाउँपालिकामा दर्ता भएको गाउँको सिमानाभित्रको गाउँको बखेरीले मान्यता प्रदान गरेको क्षेत्र सम्झनुपर्छ।

(त) **"टोल मटावाँ"** भन्नाले गाउँको मूल मटावाँलाई सहयोग गर्ने र आवश्यकता अनुसार आफ्नो टोलको नेतृत्व गर्ने मटावाँ सम्झनुपर्छ।

(थ) **"डेशबन्द्या गुर्वा"** भन्नाले निश्चित क्षेत्रमा सर्वोत्कृष्ट धार्मिक अनुष्ठान सम्हाल्ने विशेष थरका थारू गुर्वा (मूल पुरोहित) ज्ञानी क्षेत्राधिपती, क्षेत्रीय धार्मिक नियन्त्रक, थारू सभ्यतामा चलेको तन्त्रमन्त्र परम्पराका निर्देशक भन्ने सम्झनुपर्छ।

(द) **"ढनहेर्वा"** भन्नाले मटावाँ प्रणालि अन्तर्गत कोषको लेखाजोखा राख्ने व्यक्तिलाई सम्झनुपर्छ।

(ध) **"पुजाआँटी"** भन्नाले निश्चित प्रयोजनको लागि परम्परा अनुसार गरिने विभिन्न पुजापाठ सम्झनुपर्छ।

(न) "**प्रगन्ना**" भन्नाले **परापूर्व** कालदेखि चलि आएको विशेष थरका थारूहरूको सांस्कृतिक बाहुल्यता रहेको क्षेत्र (दाङ उपत्यकामा अग्ला सवारीः कट्‌कटवा, मड्‌वा, पछला सवारीः जिन्गुनी मड्‌वा, छिल्लीः डहिट, पाटुः पछलडङ्ग्या (खरगी) र पछला प्रगन्नाः पछलडङ्ग्या) रहेको क्षेत्र सम्झनुपर्छ।

(न) **"प्रगन्ना बखेरी"** भन्नाले पछला प्रगन्नाको माघमा बस्ने बखेरी सम्झनुपर्छ।

(प) **"प्रणाली"** भन्नाले मटावाँ प्रणाली सम्झनुपर्छ।

(प) **"प्रथा"** भन्नाले परम्परागत रूपमा चलिआएको आदिबासी थारू जातिको संस्कृति, परम्परा, प्रचलन र अभ्यास सम्झनुपर्छ।

(फ) **"मटावाँ वर्ष"** भन्नाले माघ १ गतेदेखि सुरु भई पुस मसान्तसम्मको अवधि सम्झनुपर्छ।

गाउँपालिका
कार्यपालिकाको कार्यालय
दाङ

१८औं गाउँ सभाको
बैठक संख्या: ३
मिति २०८२।०३।१२ को

शम्भु गिरी
अध्यक्ष

(भ) **"मटावाँ प्रणाली"** भन्नाले थारू समुदायले परम्परादेखि चलाउदै आएको सामानजिक मूल्य मान्यताका आधारमा आफ्नो प्रथा र प्रथाजनित अभ्यासमा ल्याएको मौलिक प्रणालीलाई सम्झनुपर्छ।

(म) **"माघीडेवानी"** भन्नाले मटवाँ प्रणाली अन्तर्गत चयन भएका पदाधिकारीहरूले वार्षिक रुपमा कार्यसम्पादन गरेको मूल्याङ्कन गर्न र आवश्यकताका आधारमा योग्य र उपयुक्त व्यक्ति छनौट गर्न, गाउँको योजना बनाउने रीतिथितिका आधारमा आगामी वर्षमा सम्पादन गरिने कार्य वा प्रक्रियालाई सम्झनुपर्छ।

(य)**"बखेरी"** भन्नाले प्रत्येक वर्ष माघ महिनाभित्र गरिने गाउँको वार्षिक सभा सम्झनुपर्छ।

(ल)**"मेलमिलाप कर्ता"** भन्नाले दंगीशरण गाउँपालिकाको न्यायिक समितिमा सूचीकृत भएका व्यक्तिलाई सम्झनुपर्छ।

(व)**"मुह्रा मटावाँ" भन्नाले** मटावाँ प्रणालीको नेतृत्व गर्ने मूल मटवाँ, गाउँको प्रमुख, गाउँको भुइह्याँर थान (ग्राम देवता) का प्रमुख पुजारी (जसका नाममा भुइह्याँर थानमा मौलो गाडिएको हुन्छ) लाई सम्झनुपर्छ।

(श)**"लिखण्डार"** भन्नाले मटावाँ प्रणालीमा लेखापढिको काम गर्ने गरी तोकिएको व्यक्ति सम्झनुपर्छ।

(ष)**"वडाध्यक्ष"** भन्नाले दंगीशरण गाउँपालिकाभित्र रहेका वडाको अध्यक्ष सम्झनुपर्छ।

(स)**"वडा मटावाँ"** भन्नाले यस ऐनको दफा ७ बमोजिम दंगीशरण गाउँपालिकाभित्र रहेका वडा स्तरको प्रतिनिधित्व गर्ने गरी छनौट भएका मटावाँ सम्झनुपर्छ।

(ह)**"सहायक मटावाँ"** भन्नाले गाउँ मटवाँ प्रणालीलाई नेतृत्व गर्ने मूल मटवाँलाई सहयोग गर्न नियुक्त उपमटावाँ सम्झनुपर्छ।

(क्ष)**"सहायक लिखण्डार"** भन्नाले मटावाँ प्रणालीमा लेखापढीको काम गर्ने लिखण्डारलाई सहयोग गर्ने गरी नियुक्त गरिएका व्यक्ति सम्झनुपर्छ।

## परिच्छेद-२

## गाउ मटवाँ, वडा मटवाँ र पालिका मटवाँ गठन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**३.मटावाँ संगठन प्रणाली** (१) गाउँपालिका स्तरको मटावाँ संगठन प्रणाली अनुसूची १ बमोजिम हुनेछ ।

(२) मटावाँ प्रणाली गाउ स्तरीय संगठीत संस्था हो । यसर्थ गाउँ मटावाँले आफ्ना परम्परागत धार्मिक सांस्कृतिक कार्यहरू गर्न स्वतन्त्र रहनेछ तर विकास निर्माणका कार्यहरू गर्दा वडा कार्यालय वा गाउँपालिकासँग समन्वय र सहकार्य गर्नेछ।

(३) गाउँ मटावाँ प्रणालीले वडा कार्यालय र सो वडाभित्र रहेको गाउँ मटावाँसँग समन्वय गरेर कार्य गर्नेछ।

**४. गाउँ मटावाँ गठन** (१) गाउँ मटावाँको सिमाना भित्र पर्ने प्रत्येक घरधुरीबाट कम्तीमा एक जना गढुर्या प्रतिनिधित्व भएको बखेरीबाट गाउँ मटावाँ गठन गरिने छ । यो बखेरी मटावाँ प्रणालीको सर्वोच्च अंग हुनेछ ।

२८औं गाउँ सभाको
बैठक संख्याः ३
मिति २०८१।०३।१२

शम्भु गिरी
अध्यक्ष

(२) उपदफा १ बमोजिम गठन हुने गाउँ मटावाँ प्रणाली अन्तर्गतका देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहने छन् ।

क. मुह्रा मटावाँ १ जना

ख. सहायक मटावाँ २ जना (१ जना महिला अनिवार्य)

ग.ढनहेर्वा १ जना

घ. लिखन्डार १ जना

ङ. सहायक लिखन्डार १ जना

च. टोल मटावाँ/अगह्वा (१ देखि ६ जना सम्म) आवश्यकता अनुसार

छ. चौकीदार १ जना

(३) उपदफा २ बमोजिम गाउँ मटावाँ समिति गठन गर्दा मुह्रा मटावाँ, ढनहेर्वा र लिखण्डार मध्ये एकजना अनिवार्य रूपमा महिला हुनु पर्नेछ,

(४) उपदफा (२) बमोजिम गाउँ मटावाँ गठन गर्दा गाउँ बस्ती भित्रका एक घरधुरीबाट एक जना भन्दा बढी नपर्ने गरि पहिचानमा रहेका गाउँको सिमाना भित्रका नागरिकहरुको बखेरीबाट सर्वसम्मत गाउँ मटावाँ कार्य समिति गठन हुनेछ । तर यस दफा बमोजिम गाउँ बखेरीबाट सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट गाउँ मटावाँ कार्य समिति गठन गर्न बाधा पर्ने छैन ।

(५) उपदफा (२) बमोजिम गठन भएको गाउँ मटावाँ कार्य समितिको कार्यकाल गठन भएको मितिले एक बर्षको हुनेछ । कार्यकाल समाप्त भएपछि गाउँ बखेरीले सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्य समिति छनौट गर्नेछ।

(६) गाउँ मटावाँ प्रणाली बमोजिम गठन हुने गाउँ मटावाँ कार्य समितिमा ३३ प्रतिशत महिला हुनु पर्नेछ ।

(७) गांउँमा बसाइ सरी आएमा र घर भिन्न भइ बसेमा उक्त घरधुरीलाइ नयाँ सदस्यको रुपमा समावेश गराउनु पर्नेछ ।

(८) घरधुरीको अभिलेखिकरण अनुसूची २ बमोजिमको ढाँचामा तयार गरिने छ ।

(९) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखीएको भएता पनि पहिचानमा रहेको गाउँमा एक भन्दा बढी गाँउ मटावाँ दर्ता गर्न सकिने छैन । एउटा घरधुरी एक भन्दा बढी गाउँको सदस्य बन्न सक्ने छैन ।

**५. वडा मटावाँ गठन** (१) गाउँ पालिकामा दर्ता भएका वडा भरीका गाउँ मटावाँको मुह्रा मटावाँ र गांउँ मटावाँ बखेरीले २ जना महिला र २ जना पुरुष गरी जम्मा ५ जनाका दरले छनौट भएका प्रतिनिधिहरुबाट वडा मटावाँ बखेरी गठन गरिने छ । यसरी गठन भएको बखेरी वडा मटावाँको छाता संगठनको रुपमा मान्य हुनेछ । यो बखेरी वडा मटावाँ प्रणालीको प्रमुख निकायको रुपमा हुनेछ र यसले वडा मटावाँ कार्य समितिको गठन गर्नेछ ।

गौरीशरण गाउँपालिका कार्यपालिकाको कार्यालय, बेकुवाँ, दाङ, लुम्बिनी प्रदेश, नेपाल

२६औं गाउँ सभाको बैठक संख्या: ३ मिति २०८१.०३.१२

शम्भु गिरी
अध्यक्ष

(२) उपदफा १ बमोजिम गठन भएको बखेरीले देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु चयन गर्ने छ ।

क. वडा मटावाँ १ जना

ख. वडा सहायक मटावाँ २ जना (१ जना महिला अनिवार्य)

ग. वडा लिखन्दार १ जना

घ. वडा ढनहेर्वा १ जना

ङ. वडा अगह्वा (१ देखि ६) जना सम्म

(३) दफा ५ को उपदफा २ बमोजिम वडा मटावाँ समिति गठन गर्दा मुह्वा मटावाँ, ढनहेर्वा र लिखण्डार मध्ये एक जना अनिवार्य रूपमा महिला हुनु पर्नेछ,

**६. पालिका मटावाँ गठन** (१) गाउँपालिका भित्र दर्ता भएका प्रत्येक गाउँ मटावाँको मुह्वा मटावाँ र गाउँ मटावाँको बखेरीले १ जना महिला र १ जना पुरुष गरी ३/३ जना छनौट गरी पठाएको प्रतिनिधीहरुबाट गाउँ मटावाँको छाता संगठनको रुपमा पालिका मटावाँ बखेरी गठन गरिने छ । यो बखेरी पालिका मटावाँ प्रणालीको सर्वोच्च अंग हुनेछ र उक्त बखेरीले पालिका मटावाँ समितिको गठन गर्नेछ ।

(२) उपदफा १ बमोजिम गठन हुने पालिका मटावाँ गाउँ प्रणाली अन्तर्गतका देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहने छन् ।

क. पालिका मटावाँ १ जना

ख. पालिका सहायक मटावाँ २ जना (१ जना महिला अनिवार्य)

ग. पालिका ढनहेर्वा १ जना

घ. पालिका लिखन्डार १ जना

ङ. पालिका सहायक लिखन्डार १ जना

च. पालिका अगह्वा (१ देखि ७) जना सम्म

(३) उपदफा २ बमोजिम पालिका मटावाँ समिति गठन गर्दा मुह्वा मटावाँ, ढनहेर्वा र लिखण्डार मध्ये एकजना अनिवार्य रूपमा महिला हुनु पर्नेछ ।

<u>७. गाउँ मटावाँ दर्ता तथा प्रमाणपत्र सम्बन्धी व्यवस्था:</u> (१) यस ऐन बमोजिम गाउँपालिकामा मटावाँ प्रणाली अन्तर्गत दर्ता हुन चाहने गाउँहरूलाई पालिकाले दर्ता प्रमाणपत्र जारी गर्नु पर्नेछ । गाउँ मटावाँ दर्ताको लागि ख्यालबाट निर्णय गरी अनुसुची -३ बमोजिमका कागजातहरु संलग्न गरी दर्ताको लागि गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।यसरी दर्ता हुन आएको निवेदनको टुङ्गो पन्ध्र दिन भित्र लगाई सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि गाउँपालिकाले पहिचानमा रहेको गाउँ भित्रका सबै घरधुरी समावेश गरे नगरेको हेरी अनुसुची -४ बमोजिमको ढाँचामा गाउँ मटावाँ दर्ता प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

२४औं गाउँ सभाको
बैठक संख्याः ...२...
मिति २०८०।०३।१२ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन बमोजिम दर्ताकाको लागि प्राप्त भएको गाउँ मटावाँ प्रणालीमा समावेश हुनु पर्ने घरधुरी समावेश गर्न छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी समावेश गरी दर्ताको लागि पुन पेश गर्नको लागि गाउँपालिकाले निर्देशन गर्न सक्नेछ ।

(४) गाउँपालिकाले यस दफा बमोजिम गाउँ मटावाँ दर्ता भएको अभिलेख अनुसुची (५) बमोजिमको ढाँचामा राख्नु पर्ने छ ।

## परिच्छेद-३

## मटावाँ प्रणालीभित्रको पदका लागि चाहिने योग्यता, पदीय मर्यादा तथा आचरण सम्बन्धी व्यवस्था

८. **मटावाँ सङ्गठन प्रणालीका पदाधिकारीहरूको पदिय मर्यादा र आचरण:** (१) समुदायको हकहित, संरक्षण, प्रवर्द्धन, सशक्तीकरणको लागि स्वतन्त्र, निष्पक्ष र जवाफदेहितापूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्नेछ।

(२) समाजमा बस्ने विभिन्न समुदाय तथा सम्प्रदाय बिचको सम्बन्ध सुमधुर बनाउने कार्य गर्नु पर्नेछ।

(३) समुदायको प्रथा, परम्परा, प्रथाजनित सामाजिक मूल्यमान्यतालाई उच्च सम्मान गर्नुपर्नेछ।

९. **मटावाँ प्रणाली भित्रको पदका लागि चाहिने योग्यता:**

**(१) मुह्रा मटावाँ, सहायक मटावाँ हुनका लागि योग्यता:-**

(क) नेपाली नागरिक,
(ख) गाउँमा कम्तीमा पाँच वर्षदेखि स्थायी रूपमा बसोवास गर्दै आएको,
(ग) गाउँ समुदायको अगुवाई गर्न सक्ने,
(घ) सामाजिक मूल्यमान्यता थारु समूदायको रिति संस्कृति बुझेको
(ङ) फौजदारी अभियोगमा कसुरदार ठहर नभएको ।

**(२) ढनहेर्वा, लिखण्डार र सहायक लिखण्डार हुनका लागि योग्यता:**

(क) नेपाली नागरिक,
(ख) गाउँमा कम्तीमा पाँच वर्षदेखि स्थायी रूपमा बसोवास गर्दै आएको,
(ग) गाउँ समुदायको अगुवाई गर्न सक्ने,
(घ) सामाजिक मूल्यमान्यता रिति संस्कृति जुझेको
(ङ) फौजदारी अभियोगमा कसुरदार ठहर नभएको ।
(च) आर्थिक करोवारको हरहिसाब र लेखपढ एवं प्रतिवेदन समेत तयार गर्न सक्ने
(छ) फौजदारी अभियोगमा कसुरदार ठहर नभएको ।

**(३) चौकीदार हुनको लागि योग्यता:**

(क)नेपाली नागरिक,

१८औं गाउँ सभाको
बैठक संख्या: ३
मिति: २०८१/०३/१२
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

(ख)गाउँमा कम्तीमा पाँच वर्षदेखि स्थायी रूपमा बसोवास गर्दै आएको,
(ग) गाउँ समुदायको अगुवाई गर्न सक्ने,
(घ) सामाजिक मूल्यमान्यता रिति संस्कृति बुझेको
(ङ) फौजदारी अभियोगमा कसुरदार ठहर नभएको ।

**(४) डेशबन्ढ्या गुर्वा लागि योग्यता:**

(क) नेपाली नागरिक,
(ख) पछला प्रगन्नाका लागि पछलडङ्ग्या थरको सम्पूर्ण धार्मिक अनुष्ठानहरू विधिपूर्वक सम्पन्न गर्न सक्ने र तन्त्र मन्त्र विद्यामा पारङ्गत,
(ग) गाउँको परम्परा र संस्कृति जानेको, बुझेको र अनुभव रहेको,
(घ) बिरामीलाई मानसिक रुपमा भावनात्मक रुपमा प्रभाव पारी वैज्ञानिक उपचारको पद्यतीमा जाने थप प्रेरणा गर्न सक्ने ।
(ङ) भ्रष्टाचार वा अन्य फौजदारी अभियोगमा कसुरदार नभएको ।

**(५) टोल मटावाँ /अगह्वा हुनका लागि योग्यता:**

(क) नेपाली नागरिक,
(ख) गाउँमा नियमित बसोवास गर्ने,
(ग) एक्काइस वर्ष उमेर पुरा भइ साठी वर्ष ननाघेको
(घ) गाउँको अगुवाई गर्न सक्ने,
(ङ) गाउँ समुदायको धर्म, संस्कृति अनुसारको पूजा पाठ गर्न जानेको,
(क) चोखो आगोको व्यवस्था गर्ने प्रविधि, सामग्री सम्बन्धी ज्ञान र अभ्यास गरेको।
(ख) भ्रष्टाचार वा अन्य फौजदारी अभियोगमा कसुरदार नभएको ।

**१०. गाउँ मटावाँ कार्य समिति पद रिक्त सम्बन्धि व्यवस्था** (१) ऐनको दफा ३ बमोजिम गठन भएको गाउँ मटावाँ कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ ।

(क) मुह्वा मटावाँले सहायक मटावाँ मार्फत कार्यसमितिको ख्यालमा र सहायक मटावाँ सहित अन्य सदस्यहरुले मुह्वा मटावाँलाई राजिनामा दिएमा।
(ख) कार्यकाल समाप्त भएमा,
(ग) फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,
(घ) निजको मृत्यु भएमा,
(ङ) खराब आचरणका कारण निजलाई मटावाँ पदमा राखिराख्न उचित नभएको गाउँ ख्यालको दुई तिहाई मत जाहेर भएमा,
(च) अशक्त, अस्वस्थ भई मटावाँको जिम्मेवारी पूरा गर्न नसक्ने भएमा,

(२) उपदफा (१) बमोजिम मुह्वा मटावाँको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधीको लागि सहायक मटावाँले मुह्वा मटावाँ भइ कामकाज गर्ने छ । अन्य सदस्यको हकमा कार्य समितिले बाँकी अवधीको लागि सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ ।

६

गाउँ सभाको
बैठक संख्या: २

शम्भु गिरी
अध्यक्ष

## परिच्छेद ४

## गाउँ, वडा र पालिका बखेरी तथा माघी डेवानी सम्बन्धी व्यवस्था

**११. गाउँ बखेरी:** (१) गाउँ मटावाँको सिमानाभित्र पर्ने प्रत्येक घरधुरीबाट कम्तिमा महिला वा पुरूष एक जना प्रतिनिधित्व भएको गाउँ बखेरी गठन हुनेछ। यो बखेरी मटावाँ प्रणालीको सर्वोच्च अङ्ग हुनेछ।

(२) मटावाँ वर्षको माघ महिनाको पहिलो हप्तामा गाउँका सबै घरधुरीबाट प्रतिनिधित्व भएको गाउँ बखेरी बस्नेछ।यो बखेरीले सर्वसम्मत नभए उपस्थित संख्याको बहुमतले ऐनको दफा ३ को उपदफा (२) बमोजिम नयाँ नेतृत्व चयन गर्नेछ

(३) उपदफा (१) बमोजिम गठन भएको बखेरीले मटावाँ प्रणालीको पदाधिकारीहरूको कामको समीक्षा र चयन गर्ने एवं हिसाब किताबको सोधखोज र अनुमोदन गर्नेछ।

(४) गाउँ बखेरीले वडा बखेरीको लागि मुह्रा मटावाँ, २ जना महिला र २ जना पुरुष गरी जम्मा ५ जना प्रतिनिधिको चयन गर्नेछ र पालिका बखेरीको लागि गाउँ बखेरीले मुह्रा मटावाँ, १ जना महिला र १ पुरुष गरी जम्मा ३ जना प्रतिनिधी चयन गर्नेछ ।

(५) मटावाँले बखेरी बस्नको लागि कम्तीमा ७ दिन अगावै मिति, स्थान र समय तोकेर सूचना जारी गर्नु पर्नेछ।

(६) बखेरी बस्ने सूचना चौकीदार मार्फत कम्तीमा एक दिन अगावै गाउँमा सबै घरधुरीलाई पुनः सूचना दिनु पर्नेछ।

(७) गाउँ बखेरीमा सम्बन्धित वडा जनप्रतिनिधिलाई आमन्त्रण गर्नुपर्नेछ। बखेरी गाउँस्तरको योजना छनौटमा जनप्रतिनिधिहरूको उपस्थिति अनिवार्य गरिनेछ।

(८) बखेरीबाट छनौट भएका पदाधिकारीको अभिलेख अनुसुची ६ बमोजिम राख्नु पर्नेछ।

**१२. वडा बखेरी:** (१) प्रत्येक बडाभित्र रहेका दर्ता भएको गाउँ मटावाँको मुह्रा मटावाँ र गाउँ बखेरीले वडा बखेरीको लागि छनौट गरी पठाएको प्रतिनिधि सहित ५/५ जना प्रतिनिधि भएको वडा बखेरी गठन हुने छ ।

(२) उपदफा (१) बमोजिम गठन भएको बखेरीले ऐनको दफा ५ को उफा २ बमोजिम सर्वसम्मत वडा मटावाँ गठन गर्नेछ । सर्वसम्मत नभए उपस्थित संख्याको बहुमतले नयाँ नेतृत्व चयन गर्नेछ

(३) प्रत्येक गाउँको बखेरी बसिसकेपछि माघ १५ गते भित्रमा वडा बखेरी बस्नेछ।

(४) वडा बखेरी बस्दा तीन दिन अगावै गाउँ मटावाँलाई सूचना दिनु पर्नेछ।

(५) बखेरीबाट छनौट भएका पदाधिकारीको अभिलेख अनुसुची ६ बमोजिम राख्नु पर्नेछ।

(६) वडा बखेरीले आफ्नो बार्षिक कामको समिक्षा तथा आगामी योजनाहरु तयार गर्नेछ ।

**१३. पालिका बखेरी:** (१) गाउँपालिकामा दर्ता भएको प्रत्येक गाउँ मटावाँको मुह्रा मटावाँ र गाउँ बखेरीले पालिका मटावाँ बखेरीको लागि १ जना महिला र १ जना पुरुष गरी ३/३ जनाका दरले छनौट गरी पठाएको प्रतिनिधिहरु भएको पालिका मटावाँ बखेरी गठन गरिनेछ।

२८औं गाउँ सभाको
बैठक संख्या: ३
मिति २०८२।०३।३२

शम्भु गिरी
अध्यक्ष

(२) बखेरीले ऐनको दफा ६ को उपदफा २ बमोजिम पालिका मटावाँ समिति गठन गर्नेछ । सर्वसम्मत नेतृत्व चयन हुन नसकेमा उपस्थित संख्याको बहुमतबाट चयन गर्नेछ

(३) पालिका बखेरी सामान्यतया: माघ महिनामा बस्नेछ।

(४) पालिका बखेरी बस्दा सात दिन अगावै वडा र गाउँ मटावाँलाई सूचना दिनु पर्नेछ।

(५) बखेरीबाट छनौट भएका पदाधिकारीको अभिलेख अनुसुची ६ बमोजिम राख्नु पर्नेछ।

(६) पालिका बखेरीले आफ्नो कामको समिक्षा एवं आगामी बर्षको योजना बनाउने छ ।

**१४. बखेरीको काम, कर्तव्य र अधिकार:-** गाउँ बखेरीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) गाउँमा वर्षभरि भए गरेका कामको समीक्षा गर्ने,

(ख) गाउँको वर्षभरिको लागि योजना निर्माण गरी सम्बन्धित वडा र गाउँपालिकाको कार्यालयमा पेश गर्ने,

(ग) गाउँ चलाउनको लागि गाउँको मूल्य, मान्यता, परम्परा, नियम र सामाजिक मूल्य मान्यता सम्वन्धित आचारसंहिता बनाउने,

(घ) मटावाँ प्रणाली अन्तर्गतका पदहरू जस्तोः मुहा मटावाँ, सहायक मटावाँ, टोल मटावाँ अगह्रवा, ढनहेर्वा, लिखण्डार, सहायक लिखण्डार, गुर्वा, केसौका, चौकीदार, आदि चयन गर्ने र आवश्यकता अनुसार मटावाँ समितिका सदस्यहरूको खोज्नीबोइनी गर्ने,

(ङ) वर्षभरि भएको आम्दानी र खर्चको सार्वजनिक सुनुवाई गरी पास गर्ने,

(च) आगामी वर्षका लागि आम्दानीको श्रोत पहिचान र निर्धारण, टिहाई, खारा, डाँर आदि निर्धारण गर्ने,

(छ) मटावाँ प्रणालीभित्रका पदलाई दिने सेवा, सुविधा, टिहाई निर्धारण गर्ने,

(ज) यस ऐन बमोजिम दर्ता हुने गाउँ मटावाँको विधान अनुसूचि ७ को ढाँचामा तयार गर्नुपर्ने छ । यसरी निर्माण भएको विधान संशोधन गर्ने,

(झ) नयाँ आएका घरधुरीलाई सदस्यता दिने वा दिएको सदस्यतालाई अनुमोदन गर्ने र गाउँको घरधुरी र जनसंख्या अद्यावधिक गर्ने,

(ञ) गाउँपालिका बखेरी र वडा बखेरीका लागि मुहा मटावाँ, गाउँको गरढुरिया मध्येबाट प्रतिनिधि छनौट गरी पठाउने,

(ट) वार्षिक योजना बनाउने र आवश्यक बजेट बाँडफाँट गर्ने, अनुमानित आम्दानी तथा खर्चको विवरण तयार गर्ने, पारित गर्ने र सम्बन्धित निकायमा पेश गर्ने।

**१५. गाउँ ख्याल, निर्णय प्रक्रिया र कार्यान्वयन सम्बन्धी व्यवस्था:** (१) गाउँको नियमित ख्याल सामान्यतया: महिनामा एक पटक हुनेछ। तर आवश्यक परेको बेलामा जतिसुकै पटक पनि बस्न सकिनेछ।

(२) विवाद समाधानका लागि आवश्यकता अनुसार कचहरी जुनसुकै दिन र जुनसुकै बेलामा बस्न सक्नेछ।

(३) गाउँ बखेरी, ख्याल र कचहरीले गरेका निर्णयहरू मटावाँको नेतृत्वमा पदीय जिम्मेवारी अनुसार कार्यान्वयन गरिनेछ।

(४) गाउँ बखेरी, ख्याल र कचहरीको अध्यक्षता मुह्रा मटावाँले गर्नेछ र निजको अनुपस्थितिमा सहायक मटावाँमध्ये सहमतिमा एकजनाले अध्यक्षता गर्नेछ।

शम्भु गिरी
अध्यक्ष

८८औं गाउँ सभाको
बैठक संख्या: ३
मिति २०८१/०३/१२

(५) गाउँ बखेरीले आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ ।

## परिच्छेद ५

## गाउँ मटावाँ संस्थाको काम कर्तव्य र अधिकार

१६. **गाउँ मटावाँ संस्थाको काम, कर्तव्य र अधिकारः** यस ऐन बमोजिम गाउँ मटावाँको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँको संस्कृति संरक्षण, सांस्कृतिक निरन्तरताका साथै सामाजिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने,

(ख) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने,

(ग) गाउँमा सञ्चालन हुने विकास निर्माणका योजनाहरूको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने,

(घ) गाउँमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने,

(ङ) गाउँमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरूको संरक्षण गर्ने तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने,

(च) गाउँमा विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने,

(छ) गाउँको सरसफाइ व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने गराउने,

(ज) छाडा पशु चौपायां व्यवस्थापनमा सहयोग गर्ने गराउने,

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग गर्ने,

(ञ) कानुन बमोजिम तिर्नुपर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने,

(ट) गाउँमा बसोवास गर्ने गरिब, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरूको तथ्याङ्क सङ्कलन कार्यमा सहयोग गर्ने,

(ठ) गाउँमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने,

(ड) जन्म, विवाह, बसाइ-सराइ, सम्बन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि स्थानियवासीलाई उत्साहित र सहजीकरण गर्ने,

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने,

(ण) विद्युत चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने,

(त) गाउँमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने,

(थ) उपभोक्ता हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिवृद्धि गर्ने,

(द) गाउँमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने,

(ध) स्थानीय आर्थिक विकासका सम्भावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने,

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि प्रोत्साहित गर्ने,

८५३औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२/०३/१८ को

शम्भु गिरी
अध्यक्ष

(न) गाउँमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरूलाई निर्णय प्रक्रिया र श्रोत परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने,

(प) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाइ, लैङ्गिक हिंसा उन्मूलन जस्ता राष्ट्रिय अभियानहरूमा सहयोग र समन्वय गर्ने,

(फ) घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, लगायतका सामाजिक अपराध तथा खराबीहरू अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने,

(ब) गाउँमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,

(भ) गाउँको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने,

(म) गाउँमा सरकारी निकाय तथा गैरसरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग गर्ने,

(य) आफ्नो गाउँलाई वातावरणमैत्री, बालमैत्री, पोषणमैत्री, पूर्ण सरसफाइयुक्त, घरमा सुत्केरी हुने दरलाई शून्य बनाउने कार्यक्रमहरू सञ्चालन गर्ने तथा वडा कार्यालय र गाउँपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने,

(र) वडा कार्यालय, गाउँपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरू गर्ने।

## परिच्छेद-६

## मुह्रा मटावाँ, सहायक मटावाँ, टोल मटावाँ, ढनहेर्वा, लिखण्डार, अगह्रा, चौकीदार, गुर्वा, केसौकाको काम, कर्तव्य र अधिकार

**१७. मुह्रा मटावाँको काम, कर्तव्य र अधिकारः** (१) यस ऐन तथा प्रथाजनित परम्परा अनुसार मुह्रा मटावाँको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) संरक्षकको भूमिकाः

१. मटावाँले गाउँका सबै मानव, चराचर, पशुपन्छी, बालीनालीको प्रमुख संरक्षकको रूपमा भूमिका निर्वाह गर्नु पर्ने,

२. कसैमाथि अन्याय परेमा गाउँको ख्याल बोलाई देवानी विवादको विषयमा छलफल गरी आवश्यक सल्लाह सुझाव दिने,

३. गाउँभित्र कुनै घर छुट्टिन चाहेमा मटावाँ वा निजको प्रतिनिधि उपस्थित भई सामाजिक न्याय कायम गर्दै मानो छुट्याउन र घर बनाउन सहयोग गर्ने,

४. विपदमा परी समस्यामा परेका व्यक्ति, घर परिवारलाई मानवीय सहयोग जुटाउने कार्य गर्ने,

५. गाउँको सार्वजनिक सम्पत्ति मठ मन्दिर, भूह्रयार थान सामुदायिक भवनको रेखदेख, संरक्षण र सदुपयोग गर्ने गराउने,

६. आधारभूत आवश्यकता अन्तर्गत सामाजिक सेवाका क्षेत्रमा विपन्न समुदायको पहुँच रहने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

७. राज्यका सबै क्षेत्रमा प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर सिर्जना गर्नका लागि आवश्यक छलफल गर्ने,

गाउँ सभाको बैठक संख्या: ३ २०८१।०३।१२

शम्भु गिरी
अध्यक्ष

८. महिला, बालबालिका र विपन्न वर्गको न्याय निरूपणमा विशेष ध्यान दिने।

**(ख) सामाजिक न्यायिक कार्य**

१. विवादका पक्षहरुमध्ये कुनै पक्षले मटावाँ समक्ष मेलमिलाप गराई पाउ भनि अर्जी गरेमा उक्त विषयमा छलफल गराउनु पर्नेछ । विवादका पक्षहरुले मेलमिलाप गर्न सहमत भएमा कम्तिमा पाँच जना स्थानीय भद्रभलादमीको रोहवरमा मेलमिलाप भएको व्यहोराको लिखत तयार पारि दिने,

२. गाउँ मटावाँ संस्थाको प्रचलित रुपमा चलि आएको सामाजिक कार्यमा विषेश परिस्थिति परेको अवस्थामा बाहेक सामाजिक कार्यमा सहभागी नहुने ब्यक्तिलाई गाउँ मटावाँको विधानमा खारा भराउने नियम बनाउनु पर्नेछ,

**(ग) विकास निर्माण सम्बन्धीं कार्य**

१. गाउँको विकास निर्माण सम्बन्धी योजना पहिचान, प्राथमिकता, छनौट गर्ने, योजना बनाउने र निर्माण कार्यमा जनप्रतिनिधीहरूसँग समन्वय गर्ने,

२. विकास निर्माण कार्यका लागि श्रोत र साधनको व्यवस्था मिलाउन विभिन्न सरकारी, गैर सरकारी संघसंस्थासँग समन्वय गर्ने,

३. गाउँको विकास निर्माणमा जनश्रमदान जुटाउन अगुवाई गर्ने,

४. गाउँको सामूहिक कार्यमा अनुपस्थित हुने घरपरिवारलाई गाउँ ख्यालको निर्णयानुसार खारा गर्ने,

५. गाउँ बखेरी, ख्यालबाट गाउँको योजना पास गराई वडा र गाउँपालिकामा लेखी पठाउने,

६. विकास निर्माणको काम सम्पन्न भई सकेपछिं सार्वजनिक परीक्षण गराई अभिलेख राख्ने, राख्न लगाउने र आवश्यकता अनुसार सम्बन्धित कार्यालयमा पठाउने,

७. गाउँको विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैर सरकारी संस्थासँग सहयोग, समन्वय र सहकार्य गर्ने।

**(घ) संस्कृति संरक्षण, प्रवर्द्धन सम्बन्धी कार्य**

१. गाउँमा वर्षभरि गर्नुपर्ने पूजाआँटी, नाचगान, परम्परा संरक्षण गर्ने वार्षिक कार्ययोजना बनाउने,

२. गाउँमा वर्षभरी मनाइने चाडपर्व र पूजाआँटीको लागि गुर्वा, केसौका र सम्बन्धित सबैको सहयोग लिएर सांस्कृतिक कार्य गर्ने गराउने,

३. मेलमिलापका साथ सामूहिक रूपमा चाडपर्व मनाउन आवश्यक व्यवस्था मिलाउने,

४. लोक नृत्य, लोक गीत, लोक बाजा, लोक संस्कृतिको संरक्षण र अभ्यासमा अग्रणी भूमिका निर्वाह गर्ने,

५. भाषा, लिपी, लोक कला, साहित्य, संस्कृति संरक्षणका निम्ति काम गर्ने,

६. प्रथाजनित कानुन, परम्परा र संस्कार अनुसार सामाजिक, सांस्कृतिक आदि कार्य गर्ने गराउने,

७. सामाजिक संस्कारगत कार्य जस्तै पक्का पोह्री, विवाह, मृत्यु संस्कार, चाडपर्वमा सक्रिय सहभागिता गराउने र आवश्यकता अनुसार जनपरिचालनको व्यवस्था मिलाउने,

८. गाउँ बखेरीको निर्णय अनुसार टिहाई सङ्कलन गर्ने र सम्बन्धित पक्षलाई बुझाउने।



१८औं गाउँ सभाको
बैठक संख्या: २
शम्भु गिरी
अध्यक्ष

(ङ) सम्पर्क र समन्वयात्मक सम्वन्धि कार्य

१. गाउँको लागि सम्पर्क र समन्वय अधिकृतको रूपमा भूमिका निर्वाह गर्ने,
२. गाउँपालिका, वडा कार्यालय, विभिन्न संघसंस्था र पक्षहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,
३. गाउँको समस्याको बारेमा स्थानीय सरकारलाई जानकारी गराउने र आवश्यक सहयोगको लागि अनुरोध गर्ने,
४. गाउँको आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक श्रोत व्यवस्थापनका लागि सम्बन्धित कार्यालय, व्यक्तिहरूसँग सम्पर्क र सहकार्य गर्ने,
५. विभिन्न सरकारी तथा गैर सरकारी संस्थाले आयोजना गर्ने गोष्ठी, सभा, सम्मेलन, बैठक, भ्रमण, तालिम आदिमा सहभागी हुने वा सहभागी पठाउने,
६. विभिन्न निकायबाट प्राप्त हुने कार्यक्रम, अनुदान र सहयोगलाई गाउँमा न्यायोचित वितरणको व्यवस्था मिलाउने,
७. गाउँको विकास, समुदायको हितमा कुनै सहयोग गर्ने सही मनसायले कुनै निकाय आएमा आवश्यक समन्वय, सहयोग र आधारभूत सूचना उपलब्ध गराउने।

(च) मटावाँको अन्य कार्यहरु

१. गाउँ समुदायलाई विपद पूर्व तयारी गराउने,
२. शिक्षा, स्वास्थ्य, सरसफाइ आदि क्षेत्रको सूचना गाउँमा सम्प्रेषणको व्यवस्था मिलाउने,
३. सामाजिक समस्या, विकृति, अन्याय र अत्याचारको विरूद्ध जनपरिचालन गर्ने, अभियान सञ्चालन गर्ने,
४. समानता, न्याय, सामाजिक, सांस्कृतिक, धार्मिक सद्भाव, एकता कायम गर्ने गराउने,
५. गाउँ बखेरीले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने।

(छ) **मटावाँसँग समन्वय गर्नुपर्ने**: स्थानीय तह वा कुनै पनि गैर सरकारी संस्थाले गाउँमा कार्यक्रम सञ्चालन गर्नु परेमा मटावाँसँग समन्वय गर्नुपर्नेछ र सोको वार्षिक सुनुवाई गाउँ बखेरीमा गर्नुपर्नेछ। मटावाँले आवश्यकता अनुसार आफू सक्रिय भएर सहयोग गर्ने वा अरू गाउँ समुदायलाई परिचालन गर्ने सक्नेछ।

**१८. सहायक मटावाँको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम सहायक मटावाँका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्

(क) मुहा मटावाँले जिम्मेवारी दिएका काम गर्ने,
(ख) मुहा मटावाँको अनुपस्थितिमा गाउँको सार्वजनिक हितको लागि नेतृत्व गर्ने,
(ग) मुहा मटावाँको अनुपस्थितिमा मुहा मटावाँले गर्ने सम्पूर्ण कार्य गर्ने,
(घ) मुहामटावाँलाई आवश्यक सहयोग गर्ने।

**१९. ढनहेर्वाको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम ढनहेर्वाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



गाउँ सभाको बैठक संख्या: २ मिति २०७२।०३।१२ निर्णय प्रमाणित।
शम्भु गिरी अध्यक्ष
गाउँपालिकाको कार्यालय

(क) गाउँ मटावाँ प्रणालीमा भएको आम्दानी र खर्चको विवरण, बिल, भरपाई र हिसाब किताव राख्ने,

(ख) आम्दानी र खर्चको सामाजिक परिक्षण गराउने ।

(ग) गाउँ मटावाँ संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिइ सुरक्षा गर्ने ।

(घ) गाउँ मटावाँ समितीले तोकेको अन्य कार्यहरु गर्ने ।

२०. **लिखण्डारको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम लिखण्डारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(ङ) गाउँको बखेरी, ख्याल, कचहरीमा उपस्थितिको अभिलेख राख्ने,

(च) गाउँ बखेरी, ख्याल, छलफल, कचहरीहरूमा भएको निर्णयको अभिलेख राख्ने,

(छ) गाउँको बखेरी, ख्याल, छलफल आदिमा सहजीकरण गर्ने,

(ज) विभिन्न संघ, संस्था, कार्यालयमा मटावाँको निर्देशन बमोजिम पत्राचार, गाउँको जानकारी, सूचना, प्रतिवेदन तयार गर्ने ।

२१. **सहायक लिखण्डारको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम सहायक लिखण्डारको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँको लेखापढी लिखण्डारलाई सहयोग गर्ने,

(ख) लिखण्डारको अनुपस्थितिमा लिखण्डारले गर्ने सबै काम गर्ने।

२२. **अगह्राको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम अगह्राको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जनश्रमदानको बेलामा मुह्रा मटावाँलाई सहयोग गर्ने,

(ख) जनश्रमदानमा काम विभाजन र नान हाल्ने एवं जनश्रमदान गर्दा जिम्मेवारी अनुसार काम भए नभएको निरीक्षण गर्ने,

(ग) कुला, पानी, सिंचाई, बाटोघाटो सरसफाइमा आवश्यक सहयोग गर्ने,

(घ) मुह्रा मटावाँले खटाएको काम गर्ने,

(ङ) गाउँमा सूचना प्रदान गर्न हाँक पार्ने, पत्र पुर्याउने,

(च) गाउँको सम्पत्तिको रेखदेख गर्ने,

(छ) पुजापाठ, भोजकाज र चाडपर्वको बेलामा चोखो वा पवित्र आगोको व्यवस्था मिलाउने।

२३. **डेशबन्ढ्या गुर्वाको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम डेशबन्ढ्या गुर्वाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँको वर्षभरि गरिने विभिन्न पूजाआँटीलाई परम्परा र विधि अनुसार सम्पन्न गर्ने,

(ख) परम्परागत रुपमा सामान्यको रुपमा चलि आएको गाउँमा हुनसक्ने हैवी, दैवी, प्रकोप, किटपतङ्ग, खराब डोख, दुष्ट नजर, रोगव्याधबाट गाउँका मानव, जीवजन्तु र बाली नालीलाई बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने,



८६औं गाउँ सभाको बैठक संख्या: ३ मिति २०८१.०३.१२ को

अध्यक्ष

(ग) गाउँ समुदायमा हुने सामाजिक, धार्मिक, संस्कार, संस्कृतिमा सरसल्लाह र सहयोग प्रदान गर्ने,

(घ) गाउँ घरमा सामाजिक सहिष्णुता र एकता कायम गर्न सहयोग गर्ने,

(ङ) बिरामी वा पीडित व्यक्ति वा पक्षको अनुरोधमा उपचार र स्वास्थ्य हितको व्यवस्था मिलाउने, पूजापाठ गर्ने गराउने,

(च) प्रगन्नाको बखेरी बोलाइ संस्कृति संरक्षण, सांस्कृतिक निरन्तरता र खराब अभ्यासहरूका बारेमा छलफल चलाउने र स्थानीय सरकारसँग समन्वय गरी लागु गराउन पहल गर्ने,

(छ) प्रगन्ना प्रमुखको हैसियतले हरेक निकायमा प्रतिनिधित्व गर्ने।

२४. <u>केसौकाको काम, कर्तव्य र अधिकार:</u> यस ऐन बमोजिम केसौकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विभिन्न पूजापाठ र कर्म गर्नको लागि गुर्वाको सहयोगीको रूपमा काम गर्ने,

(ख) गाउँका मानिस र पशुपन्छीमा कुनै रोग, व्याधले सताएमा त्यसबाट बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने।

२५. <u>चौकीदारको काम, कर्तव्य र अधिकार:</u> यस ऐनबमोजिम चौकीदारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मुह्रा मटावाँले खटाएको काम गर्ने,

(ख) गाउँमा सूचना प्रदान गर्न हाँक पार्ने; पत्र पुर्याउने,

(ग) गाउँको सार्वजनिक सम्पत्तिको रेखदेख गर्ने,

(घ) विपदमा परेका व्यक्ति, र घरपरिवारको पहिचान गर्ने,.

(ङ) गाउँ घरको सूचना नियमित रूपमा मटावाँसँग आदान प्रदान गर्ने।

२६. <u>टोल मटावाँको काम, कर्तव्य र अधिकार:</u> यस ऐन बमोजिम टोल मटावाँको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँले गरेको निर्णय टोलवासीहरूलाई जानकारी गराउने र आफ्नो टोलमा लागु गराउने,

(ख) टोलको समस्यालाई गाउँ ख्याल, बखेरीमा लैजाने र समाधानको लागि पहल गर्ने गराउने,

(ग) गाउँमा आएको योजना सम्पन्न गर्न ख्यालको निर्णय अनुसार जनपरिचालन गर्ने,

(घ) गाउँटोलमा हुने जन्म, मृत्यु, विवाह लगायत संस्कार सम्पन्न गर्न गराउन अगुवाको भूमिका निर्वाह गर्ने,

(ङ) टोलको प्रमुखको रूपमा प्रतिनिधित्व गर्ने।

३६औं गाउँ सभाको
बैठक संख्या: ३
मिति २०८१।०३।१२ को
निर्णय प्रमाणित।

गिरी
अध्यक्ष

२७. **घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँ बखेरी, ख्याल, कचहरीमा सहभागी भई आफ्नो विचार, मत दिने,

(ख) मटावाँले दिएको सार्वजनिक हितको जिम्मेवारी पूरा गर्ने,

(ग) गाउँ बखेरीको निर्णयानुसार टिहाई दिने,

(घ) मटावाँको नेतृत्वमा गाउँको विकास निर्माणमा श्रमदान, सिप दान, जिन्सी दान र नगद दान गर्ने,

(ङ) गाउँको समस्याको बारेमा गाउँ मटावाँलाई जानकारी गराउने,

(च) मटावाँले खटाएको सामूहिक हितको अन्य कार्य गर्ने,

(छ) गाउँको सामाजिक संस्कार, संस्कृति संरक्षण र प्रवर्द्धन कार्यमा सक्रिय सहभागी हुने।

## परिच्छेद-७

## प्रतिनिधित्व र सहभागिता

२८. **स्थानीय तहमा प्रतिनिधित्व र सहभागिता**: (१) गाउँपालिकाले सार्वजनिक सरोकारका विषयहरूमा समुदायको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर प्रदान गर्नेछ।

(२) गाउँपालिकाले सार्वजनिक सरोकारका विषयहरूमा सहभागी गराउँदा मटावाँ प्रणालीको प्रतिनिधित्व देहाय बमोजिम हुनेछः

**(क) योजना पहिचान, छनौट, कार्यान्वयन र प्रतिनिधित्वः**

१. गाउँस्तरको योजना छनौट गाउँको बखेरीले पास गरेको योजनालाई प्राथमिकिकरण गरी वडामा पठाइनेछ र वडास्तरीय योजना तर्जुमा गर्दा सम्बन्धित गाउँ र वडा मटावाँलाई सहभागी गराउन सकिनेछ।

३. स्थानीय तहले गाउँ, वडा र पालिकास्तरको योजना छनौट गर्दा गाउँ, वडा र पालिकास्तरका मटावाँको उपस्थितिमा पारित भएर आएका योजनाहरूलाई प्राथमिकता दिइनेछ।

४. गाउँ, वडा, गाउँपालिका बखेरीमा योजना छनौट गर्दा जनप्रतिनिधि/स्थानीय तहका कर्मचारीहरूले सहजिकरण गर्नेछन्।

५. स्थानीय तहबाट छनौट भएका गाउँस्तरका योजनाहरू सम्पन्न गराउन गाउँ मटावाँहरुको सहयोग लिन सकिनेछ।

(ख) अनुगमन

१. गाउँस्तरको योजना कार्यान्वयन गर्दा योजनाको अनुगमन तथा सुपरीवेक्षणका लागि गाउँ मटावाँ वा ख्यालले तोकेको व्यक्तिको नेतृत्वमा अनुगमन समिति गठन गरि विकास निर्माण कार्यका योजनाहरुको अनुगमन गर्न सक्नेछ ।

(घ) प्रतिनिधित्व

गाउँ सभाको
बैठक संख्याः ३
मिति
अध्यक्ष

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिमको न्यायिक समितिमा दर्ता भएका विवादको हकमा विवादका दुवै पक्ष मिलापत्र गर्न सहमत भई मटावाँको आवश्यकता देखिएमा सम्वन्धित गाउँको गाउँ मटावाँलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद-८

## आर्थिक श्रोतको व्यवस्थापन

२९. **मटावाँ सङ्गठन प्रणालीको आम्दानीको श्रोतः**(१) मटावाँ सङ्गठन प्रणालीको एक छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछः

(क) संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान,

(ख) गाउँ बखेरी र ख्यालको निर्णयानुसार प्रति घरधुरीले निश्चित प्रयोजनका लागि जम्मा गरेको नगदी र जिन्सी,

(ग) घरधुरीबाट उठेको टिहाई नगदी जिन्सी,

(घ) गाउँको पूजाआँटी गर्नको लागि घरधुरीबाट उठेको नगद,

(ङ) गाउँ बखेरीले निर्णय गरे अनुसार गाउँमा श्रमदान भौतिक श्रम गर्न नसक्ने घरधुरीबाट प्राप्त रकम,

(च) गाउँको बखेरीले निर्णय गरे अनुसार सार्वजनिक काममा उपस्थित नहुने घरधुरीबाट प्राप्त खारा रकम,

(छ) गाउँ ख्यालले निर्णय गरे अनुसारको डाँरबाट प्राप्त रकम,

(ज) गाउँमा बसाइसराइ गरी आउनेलाई गाउँको बखेरीको निर्णय अनुसारको गाउँ सदस्यता शुल्क बापतको रकम,

(झ) सामुदायिक वन समितीबाट प्राप्त विकास कार्यक्रमको अनुदान रकम,

(ञ) गाउँको सार्वजनिक स्थलमा गरिने सामुदायिक उत्पादनबाट प्राप्त रकम,

(ट) गाउँमा सामाजिक, सांस्कृतिक, रचनात्मक काम गरी प्राप्त गरेको रकम,

(ठ) विभिन्न दाताबाट प्राप्त दान दातव्य,

(ड) विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाबाट प्राप्त नगदी जिन्सी,

(ढ) गाउँ मटावाँ प्रणालीको सम्पत्तिबाट आर्जित रकम,

(ण) गाउँ बखेरीले गरेको श्रमदान नगरी सिचाई सुविधा लिने जग्गाधनीसँग पानी करबाट प्राप्त पनकर रकम।

(ख) **गाउँ मटावाँको खर्च व्यवस्थापनः** गाउँ मटावाँको देहाय बमोजिमको खर्च हुनेछ ।

(क) गाउँबाट उठेको टिहाइ मुह्रा मटावा, टोल मटावाँ, अगह्वा, चौकीदार लगायतका पदाधिकारीलाई कामकाज गरेवाफत वार्षिक रुपमा बखेरी/माघी डेवानीमा गरेको निर्णय बमोजिम टिहाइ सुबिधाको रुपमा खर्च गरिनेछ ।

(ख) मटावाँ गाउँको नियमित सन्चालन तथा कार्यलय व्यवस्थापन सम्बन्धि मटावाँ गाउँ कार्य समितिको निर्णय बमोजिम हुनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय ... लुम्बिनी प्रदेश, नेपाल २०७४

८६औं गाउँ सभाको
बैठक संख्याः ३
मितिः २०८१।०३।१२
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

(ग) परम्परागत रुपमा चलि आएको पूजाआँटीको खर्च व्यवस्थापन गाउँ मटावाँको ख्यालको निर्णयबाट गरिने छ ।

(घ) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लेखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ ।

३०. **गाउँ कोषको खाता सञ्चालन, लेखापरीक्षण प्रतिवेदनः** (१) गाउँ बखेरीको निर्णयानुसार मटावाँ प्रणालीको नाममा बैंकमा गाउँ मटावाँ संस्थाको नाममा खाता खोलिनेछ।

(२) उपदफा (१) बमोजिम बैंक खाताको सञ्चालन मुह्रा मटावाँ, लिखण्डार, र ढनहेर्वाको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी व्यवस्था गरिनेछ।तीन जनामध्ये एक जना अनिवार्य रूपमा महिला हुनु पर्नेछ।

(३) बैंक खातामा जम्मा भएको रकम गाउँ बखेरी वा ख्यालले गरेको निर्णयानुसार मटावाँ प्रणालीले खर्च गर्न सक्नेछ।

(४) ढनहेर्वाले गाउँ कोषको सबै प्रकारको नगदी, जिन्सी तथा विकास खर्चको विवरण तथा संस्थाको सञ्चालन एवं व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरूको विवरण स्पष्ट रूपमा राख्नु पर्नेछ।

(५) ढनहेर्वाले आम्दानी तथा खर्चको हिसाव किताव चौमासिक रूपमा गाउँको ख्यालमा पेस गर्नु पर्नेछ।

(६) गाउँले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी लेखापरीक्षण समेत गरी प्रत्येक वर्षको पौष मसान्तको तीन महिनाभित्र गाउँ ख्यालबाट अनुमोदन गराई सम्बन्धित निकायमा पेस गर्नु पर्नेछ।

(७) मटावाँ गाउँले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन गाउँ, सम्बन्धित गाउँपालिकामा पेस गर्नुपर्नेछ।

३१. **सम्पत्तिको अभिलेख र जिन्सी तथा वस्तुगत सहयोग लिन सक्ने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थपना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्नेछ।

(३) मटावाँ गाउँको सार्वजनिक सम्पत्तिको अभिलेख राखी सोको सुरक्षा गर्ने जिम्मेवारी समेत रहनेछ र यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

## परिच्छेद-९

## विविध

**३२. बाधा अडकाउ फुकाउने अधिकार**ः यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्चन आइपरेमा सोको बाधा अड्काउ फुकाउने अधिकार गाउँपालिकामा निहित रहनेछ।

**३३. नियम बनाउने अधिकार**ः,यस ऐनमा भएका व्यवस्थाहरूको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

गाउँ कार्यपालिकाको कार्यालय

८५ औं गाउँ सभाको
१७ बैठक संख्या: ३
मिति २०८२.०३.१२

शम्भु गिरी
अध्यक्ष

**३४. अनुसूचीमा हेरफेर गर्ने अधिकार:** यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले अनूसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

**३५. बचाउ तथा खारेजी:** (१) यस ऐन बमोजिम भए गरेका कार्यहरूको बचाउ गाउँपालिकाले गर्नेछ।

(२) यस ऐनमा भएका व्यवस्थाहरू प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुनसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन्।

शम्भु गिरी
अध्यक्ष.

## अनूसूची-१

(परिच्छेद २ को दफा ३(१) सँग सम्बन्धित)

**मटावाँ प्रणालीको संगठनात्मक ढाँचा**




शम्भु गिरी
अध्यक्ष

३८औं गाउँ सभाको
बैठक संख्याः ३
मितिः २०८१/०३/१२

## अनुसूची-२

(दफा ४ को उपदफा (८) सँग सम्बन्धित)

## गाउँको घरधुरी संख्या अभिलेखीकरण फाराम

| घर नं. | घरको पहिचान गराउने नाम | घरमूलीको नाम | परिवार संख्या | | | जमिन | पेसा | | नोकरी | | | जातजाति | | | | | | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा | | कृषि | व्यापार | सरकारी | अर्धसरकारी/निजी | विदेश | थारू | ब्राह्मण | क्षेत्री | दलित | आ.ज. | अन्य | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

१८औं गाउँ सभाको
बैठक संख्या: २
मिति: २०८१/०३/१२

शम्भु गिरी
अध्यक्ष

## अनुसूची-३

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**गाउँपालिकामा दर्ता हुनका लागि चाहिने कागजातहरू**

१. गाउँ बखेरीले गाउँलाई गाउँपालिकामा दर्ता गर्ने सम्बन्धमा गरेको निर्णय।

२. गाउँको विधान।

३. निर्वाचित गाउँ मटावाँको पदाधिकारीहरुको अनूसूची ६ बमोजिमको विस्तृत विवरण

४. निर्वाचित गाउँ मटावाँको पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

५. गाउँ मटावाँको पदाधिकारीहरुको फोटो १-१ प्रति

६. सम्बन्धित वडाले गाउँ दर्ता गर्ने सम्बन्धमा गाउँपालिकालाई लेखेको रिफारिस पत्र।

## अनुसूची -४

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**मटावाँ प्रणालीभित्र रही गाउँपालिकामा दर्ता भएको गाउँलाई दिइने प्रमाण-पत्र**

**दंगीशरण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हेकुली दाङ**
**लुम्बिनी प्रदेश**
**गाउँ मटावाँ दर्ता प्रमाण पत्र**

दर्ता नम्वरः- दर्ता मितिः-

गाउँ बखेरीको निर्णयानुसार यस गाउँपालिकमा गाउँ मटावाँ दर्ता हुन आएको दंगीशरण गाउँपालि वडा नम्वर ..................................... गाउँलाई दंगीशरण गाउँपालिकाको मटावाँ संरक्षण प्रवर्द्धन विकास ऐन, २०८२ को दफा ७ बमोजिम ........................... गाउँ मटावाँ, दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

दंगीशरण गाउँपालिको मटावाँ संरक्षण प्रवर्द्धन विकास ऐन २०८२, गाउँ बखेरी र ख्यालको निर्णय बमोजिम सार्वजनिक हकहितका लागि कार्य गर्नुहोला।

फाँटवाला

१८औं गाउँ सभाको
बैठक संख्याः ८
मिति २०८२/०३/१२ को
निर्णय प्रमाणित।

......................
प्रमुख प्रशासकीय अधिकृत



शम्भु गिरी
अध्यक्ष

## अनुसूची- ५

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

### गाउँ मटावाँ दर्ता भएको अभिलेख विवरण फाराम

| क्र.सं. | दर्ता नं. | दर्ता मिति | गाउँ मटावाँको नाम | ठेगाना | मुह्रा मटावाँको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| | | | | | | |

## अनुसूची-६

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

### गाउँ बखेरीले छानेका/चुनेका पदाधिकारीको विवरण फाराम

| क्र.सं. | पद | नाम, थर | उमेर | घरको पहिचान गराउने नाम | घर नं. | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | मुह्रा मटावाँ | | | | | |
| २ | सहायक मटावाँ | | | | | |
| ३ | सहायक मटावाँ | | | | | |
| ४ | ढनहेर्वा | | | | | |
| ५ | लिखण्डार | | | | | |
| ६ | सहायक लिखण्डार | | | | | |
| ७ | टोल मटावाँ/अगह्रा | | | | | |
| ८ | चौकीदार | | | | | |
| ९ | डेशबन्ढ्या गुर्वा | | | | | |
| १० | केसौका | | | | | |

गाउँ सभाको
बैठक संख्या: २२
मिति २०८२।०३।१२
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

## अनुसुची ७
## ........गाउँ मटावाँको बिधान
## २०८२

**प्रस्तावना**

दंगीशरण गाउँपालिका वार्ड नं ........ गाउँका हामी जन्ता, चिरकाल देखी हाम्रा पुर्खाहरुले चलाउँदै आएको ऐतीहाशिक प्रचलन मटावाँ प्रणालीको माध्यम बाट गाउँ संचालन गर्नका लागि, गाउँको बिकास निर्माणको काम, गाउँमा शान्ति सुव्यवस्था, आपसी सहयोग, सहकार्य, एकता र सामुहिक पद्धतीलाइ कायम गरी सामाजिक सदभाव कायम गर्न, समाबेशी तथा समबिकासको सीद्धान्तका आधारमा स्थानीय बिकासमा न्यायोचित सहभागिता र पहुँचलाइ सुनिश्ति गर्न आबश्यक भएकोले,

नेपालको संबिधानले पकिल्पना गरेको सामाजिक न्याय, मेलमिलाप, सदभाव र दिगो बिकासका लागि चिरकाल देखी अभ्यासमा रहेको बिकास निर्माण, न्याय, परम्परा, पेशा र समाज परिचालनको प्रणालीलाइ कानूनी मान्यता प्रदान गरी यसको भुमिकालाइ अझ प्रभावकारी बनाउन बान्छनिय भएकोले, दंगीशरण गाउँपालिकाको कार्य भूगोल भित्र रहेको मटावाँ प्रणालीको संरक्षण, प्रवद्र्धन र विकास गर्न बनेको ऐन, २०८२ को दफा ....... बमोजिम ........ गाउँ मटावाँको बिधान ............... जारी गरीएको छ।

गाउँपालिका कार्यालय दंगीशरण

## परिच्छेद १
## नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यो बिधानको नाम ........ गाउँ मटावाँको बिधान ....... रहेको छ। यो बिधान लाइ छोटकरीमा ............ गाउँको बिधान ................ भनिने छ।

ख. यो बिधान तुरुन्त लागु हुनेछ।

**२. परिभाषा**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिधानमा,**

(फ) **"अगह्वा"** भन्नाले गाउँको भौतिक विकास निर्माणको कामलाई व्यवस्थित गर्न कामको बाँडफाँट र निरीक्षण गर्ने गरी जिम्मेवारी दिइएको व्यक्ति सम्झनुपर्छ।

(ब) **"अध्यक्ष"** भन्नाले दंगीशरण गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(भ) **"अगुवाई"** भन्नाले गाउँ वस्ति स्तरमा विकास निर्माण सँग सम्वन्धित सार्वजनिक सरोकारको विषयमा विना शुल्क सामाजिक काममा समुदायलाई परिचालन गर्ने प्रमुख व्यक्तिलाई सम्झनु पर्छ।

(म) **"उपाध्यक्ष"** भन्नाले दंगीशरण गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(य) **"कचहरी"** भन्नाले सामाजिक रुपमा हुने विवादको मेलमिलाप प्रयोजनाका लागि बस्ने गाउँको भेलालाई सम्झनुपर्छ।

(र) **"केसौका"** भन्नाले परम्परागत रुपमा चल्ने पुजा लगायतका कार्यमा गुर्वाको सहयोगी सम्झनुपर्छ।

(ऱ) **"ख्याल"** भन्नाले गाउँको मटवाँको नेतृत्वमा हुने छलफल (बैठक) सम्झनुपर्छ।

३६औं गाउँ सभाको
बैठक संख्या:.....२.....
मिति: २०८२।०३।१२
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

(ल) **"गरढुरीया"** भन्नाले घरको अभिभावक, मूली, व्यवस्थापक, आफ्नो कुल देवताका पुजारी सम्झनुपर्छ।

(ळ) **"गाउँ"** भन्नाले दंगीशरण गाउँपालिकाको प्रदेशिक क्षेत्र भित्र बसोवास गर्ने, समुदायले नामाकरण गरी विगत देखि अस्तित्वमा रहेको भुह्ययार थान भएको वस्ती र सो वस्तिलाई गाउँपालिकामा दर्ता हुनका एउटै भूगोलभित्र रहेका घरधुरीले टोल वस्तिको नामाकरण गरी गाउँ बखेरीले सर्वसम्मत रूपमा निर्णय गरी वडा कार्यालयको सिफारिसमा गाउँपालिकामा दर्ता भएको गाउँवस्तिलाई सम्झनुपर्छ।

(ळ) **"गाउँपालिका"** भन्नाले दंगीशरण गाउँपालिका सम्झनुपर्छ।

(व) **"चौकीदार"** भन्नाले गाउँको चौकीदारी गर्ने, रेखदेख, सूचना प्रवाह र आपत विपद्को बेलामा सहयोग गर्ने कार्यका लागि बखेरीबाट मनोनयन गरिएका व्यक्ति सम्झनुपर्छ।

(श) **"झराली"** भन्नाले मटावाँको नेतृत्वमा गाउँको सार्वजनिक कामका लागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी वा आलोपालो गरी उपस्थित भई निःशुल्क श्रमदान वा सिप दान वा सामुहिक रूपमा गरिने कार्य सम्झनुपर्छ।

(ष) **"टिहाई"** भन्नाले गाउँको सार्वजनिक पदमा काम गरेबापत पारिश्रमिक स्वरूप घरधुरीबाट गाउँ बखेरीको निर्णय अनुसार सङ्कलन गरिने अन्न वा नगद सम्झनुपर्छ।

(स) **"टोल"** भन्नाले दंगीशरण गाउँपालिकामा दर्ता भएको गाउँको सिमानाभित्रको गाउँको बखेरीले मान्यता प्रदान गरेको क्षेत्र सम्झनुपर्छ।

(ह) **"टोल मटावाँ"** भन्नाले गाउँको मूल मटावाँलाई सहयोग गर्ने र आवश्यकता अनुसार आफ्नो टोलको नेतृत्व गर्ने मटावाँ सम्झनुपर्छ।

(कक) **"डेशबन्द्या गुर्वा"** भन्नाले निश्चित क्षेत्रमा सर्वोत्कृष्ट धार्मिक अनुष्ठान सम्हाल्ने विशेष थरका थारू गुर्वा (मूल पुरोहित) ज्ञानी क्षेत्राधिपती, क्षेत्रीय धार्मिक नियन्त्रक, थारू सभ्यतामा चलेको तन्त्रमन्त्र परम्पराका निर्देशक भन्ने सम्झनुपर्छ।

(खख) **"ढनहेर्वा"** भन्नाले मटावाँ प्रणालि अन्तर्गत कोषको लेखाजोखा राख्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(गग) **"पुजाआँटी"** भन्नाले निश्चित प्रयोजनको लागि परम्परा अनुसार गरिने विभिन्न पुजापाठ सम्झनुपर्छ।

(घघ) **"प्रगन्ना"** भन्नाले परापूर्व कालदेखि चलि आएको विशेष थरका थारूहरूको सांस्कृतिक बाहुल्यता रहेको क्षेत्र (दाङ उपत्यकामा अग्ला सवारीः कट्कटवा, मड्वा, पछला सवारीः जिन्गुनी मड्वा, छिल्लीः डहिट, पाटुः पछलडङ्ग्या (खरगी) र पछला प्रगन्नाः पछलडङ्ग्या) रहेको क्षेत्र सम्झनुपर्छ।

(ङङ) **"प्रगन्ना बखेरी"** भन्नाले पछला प्रगन्नाको माघमा बस्ने बखेरी सम्झनुपर्छ ।

(चच) **"प्रणाली"** भन्नाले मटावाँ प्रणाली सम्झनुपर्छ।

(प) **"प्रथा"** भन्नाले परम्परागत रूपमा चलिआएको आदिबासी थारू जातिको संस्कृति, परम्परा, प्रचलन र अभ्यास सम्झनुपर्छ।

(फ) **"मटावाँ वर्ष"** भन्नाले माघ १ गतेदेखि सुरु भई पुस मसान्तसम्मको अवधि सम्झनुपर्छ।

(भ) **"मटावाँ प्रणाली"** भन्नाले थारू समुदायले परम्परादेखि चलाउदै आएको सामानजिक मूल्य मान्यताका आधारमा आफ्नो प्रथा र प्रथाजनित अभ्यासमा ल्याएको मौलिक प्रणालीलाई सम्झनुपर्छ।

(म) **"माघीडेवानी"** भन्नाले मटवाँ प्रणाली अन्तर्गत चयन भएका पदाधिकारीहरूले वार्षिक रुपमा कार्यसम्पादन गरेको मूल्याङ्कन गर्न र आवश्यकताका आधारमा योग्य र उपयुक्त व्यक्ति छनौट गर्न,



दंगीशरण गाउँपालिका कार्यपालिकाको कार्यालय

३ऽ३ औं गाउँ सभाको
बैठक संख्याः ३

शम्भु गिरी
अध्यक्ष

गाउँको योजना बनाउने रीतिथितिका आधारमा आगामी वर्षमा सम्पादन गरिने कार्य वा प्रक्रियालाई सम्झनुपर्छ।

(य)"**बखेरी**" भन्नाले प्रत्येक वर्ष माघ महिनाभित्र गरिने गाउँको वार्षिक सभा सम्झनुपर्छ।

(ल)"**मेलमिलाप कर्ता**" भन्नाले दंगीशरण गाउँपालिकाको न्यायिक समितिमा सूचीकृत भएका व्यक्तिलाई सम्झनुपर्छ।

(व)"**मुह्रा मटावाँ**" **भन्नाले** मटावाँ प्रणालीको नेतृत्व गर्ने मूल मटवाँ, गाउँको प्रमुख, गाउँको भुइह्याँर थान (ग्राम देवता) का प्रमुख पुजारी (जसका नाममा भुइह्याँर थानमा मौलो गाडिएको हुन्छ) लाई सम्झनुपर्छ।

(श)"**लिखण्डार**" भन्नाले मटावाँ प्रणालीमा लेखापढिको काम गर्ने गरी तोकिएको व्यक्ति सम्झनुपर्छ।

(ष)"**वडाध्यक्ष**" भन्नाले दंगीशरण गाउँपालिकाभित्र रहेका वडाको अध्यक्ष सम्झनुपर्छ।

(स)"**सहायक मटावाँ**" भन्नाले गाउँ मटवाँ प्रणालीलाई नेतृत्व गर्ने मूल मटवाँलाई सहयोग गर्न नियुक्त उपमटावाँ सम्झनुपर्छ।

(ह)"**सहायक लिखण्डार**" भन्नाले मटावाँ प्रणालीमा लेखांपढीको काम गर्ने लिखण्डारलाई सहयोग गर्ने गरी नियुक्त गरिएका व्यक्ति सम्झनुपर्छ।

दंगीशरण गाउँपालिका गाउँपालिकाको कार्यालय

## परिच्छेद २

## छाप, चिन्ह, उद्देश्य, क्षेत्र र स्थापना

### ३. छाप र चिन्ह

........ गाउँको छाप गोलो घेराको बिचमा हलो र फरुवा र त्यसको वरीपरी गाउँको नाम र बिधान दर्ता भएको साल ........ रहने छ।सोको नमुना अनुसुची ५ बमोजिम हुने छ

### ४. उद्येश्य

१. परापुर्बकालदेखि चलीआएको रीती संस्कृतीलाइ जोगाउँदै गाउँमा रहेको ज्ञान, शीप, कला, इतिहासको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्ने र (बिकृति) हानीकारक अभ्यासलाइ हटाउने ।

२. गाउँको भौतिक बिकास निर्माण गर्न जनश्रम जुटाउने र बिभिन्न निकायहरु बाट प्राप्त दान, अनुदानबाट योजना सम्पन्न गर्ने, अनुगमन मुल्यांकन गर्ने ।

३. शिक्षाको गुणस्तर सुधार गर्न बिद्यालयको भौतिक पुर्बाधार बिकास, मानबिय संसाधन बिकास र व्यवस्थापनको लागि बिद्यालय व्यवस्थापन समितिलाइ सहयोग गर्ने र जनचेतनाका लागि अभियान चलाउने ।

४. परम्परा देखी चलिआएको धर्म, संस्कार संस्कृति (राम्रा अभ्यासहरु) लाइ निरन्तरता दिंदै एक आपसमा भाइचाराको सम्बन्ध बिस्तार गरी सामाजिक सद्भाव कायम गर्ने ।

५. माटो, रुख बिरुवा, बन जंगल, पानी जोगाउने र बायु प्रदुषण रोक्दै बाताबरण संरक्षण गर्ने ।

६. सम्पुर्ण मानव, चराचर, पशुपन्छी, बालीनालीको संरक्षण गर्ने र गाउँमा बिबाद भएमा प्राकृतिक न्यायको सिद्धान्तका आधारमा न्याय निसोफ गर्ने ।

७. गाउँको बालीनाली, पशुपंछी र मानवको स्वास्थ्यको सुरक्षा गर्न धार्मिक कार्य र बैज्ञानिक मान्यता लाइ लागु गर्दै गाउँलाइ सरसफाइयुक्त र बालबिबाह मुक्त बनाउने ।

८. गाउँलाइ भैपरी आउने हैबी, दैबी, वाह्य आक्रमण वा हस्तक्षेपबाट सुरक्षित राख्ने ।

२५औं गाउँ सभाको बैठक संख्या: २ .........

शम्भु गिरी
अध्यक्ष

९. जल, जमिन, जंगलको व्यवस्थापन गर्ने र कुला पानीको व्यवस्थापन गरी पानीको बाँडफाँड गर्ने ।

**५. स्थापना**

१. ........गाउँ एक अभिछीन्न उत्तराधिकारवाला, स्वपरिचालित र स्वशासित एक संगठित संस्था हुनेछ । यो गाउँको आफ्नै छाप र साइनबोर्ड हुनेछ र यसले व्यक्ति सरह सम्पत्ति प्राप्त गर्न, बेचबिखन गर्न र हस्तान्तरण गर्न सक्नेछ ।
२. ........गाउँले ........ गाउँपालिकासंग समन्वय गरी काम गर्नेछ ।

**६. क्षेत्र**

............ गाउ पुर्बमा ............ पश्चिममा ...... उत्तर ............ दक्षिण ............ चार किल्लाको भुगोललाइ ............गाउँको बखेरीले मान्यता दिइ गाउँ घरधुरीमा सूचीकरण भएको सबै घरधुरी ........ गाउँको क्षेत्र हुनेछ ।

## परिच्छेद ३

## घरधुरीको अभिलेख सुचिकरण र गढुर्या (सदस्यता) सम्बन्धी व्यवस्था

**७. घरधुरीको अभिलेख र सुचिकरण**

१. गाउँमा रहेका प्रत्येक घरधुरीको अभिलेख अनुसूची १ बमोजिम राखीने छ ।
२. ........ गाउँमा बसाइसरी आउने परिवार गाउँको घरधुरीमा समाबेश हुन चाहने घरधुरीले अनुसुची ६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने छ । उक्त निवेदनलाइ बखेरीको निर्णय अनुसार सूचीकृत गरीनेछ,

३. नयाँ बसाइ सरी आएका घरधुरीलाइ गाउँमा सूचीकृत गर्दा रु. .....शुल्क लाग्ने छ । घर भिन्न भएका घरधुरीलाइ निशुल्क सुचिकृत गरी अभिलेख राखिनेछ ।बसाइसरी गएका घरधुरीको सुचिकृत लगत कट्टा गरीनेछ ।

**८. गढुर्या (सदस्यता) सम्बन्धी व्यवस्था**

१. गाउँ मटावाँको सिमाना भित्र पर्ने प्रत्येक घरधुरीबाट एक जना महिला वा पुरुषलाइ घरधुरी गढुर्या (सदस्यता) वितरण गरिनेछ ।अनुसुचि २ बमोजिम घरधुरी गढुर्या (सदस्यता) प्रदान गरिनेछ ।

२. बसाइ सरी आएका नयाँ घरधुरीलाइ सुचिकृत गरी सके पछी घर मुलीलाइ गढुर्या (सदस्यता) प्रदान गर्नेछ ।

३. भिन्न भइ बसेका घरधुरीको महिला वा पुरुषलाइ गाउँ मटावाँ गढुर्या (सदस्यता) प्रदान गरिने छ ।

४. गढुर्या (सदस्यता) को मृत्यु भएमा वा घरमुलि परिवर्तन भएमा वा बसाइसरी गएमा गाउँ मटावा गढुर्या (सदस्यता) खारेज हुनेछ ।

## परिच्छेद ४

## गाउँ मटावाँ संगठन प्रणालीको गठन र बैठक सम्बन्धी व्यवस्था

**९. गाउँ मटावाँ गठन**

(१) गाउँ मटावाँको सिमाना भित्र पर्ने प्रत्येक घरधुरीबाट कम्तीमा एक जना गढुर्या प्रतिनिधित्व भएको बखेरीबाट गाउँ मटावाँ गठन गरिने छ । यो बखेरी मटावाँ प्रणालीको सर्वोच्च अंग हुनेछ ।

गाउँपालिका कार्यपालिकाको कार्यालय

१८४औं गाउँ सभाको
बैठक संख्याः ...२...
मिति २०८२।०३।३२

शम्भु गिरी
अध्यक्ष

(२) उपदफा १ बमोजिम गठन हुने गाउँ मटावाँ प्रणाली अन्तर्गतका देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहने छन् ।

क. मुह्रा मटावाँ १ जना

ख. सहायक मटावाँ २ जना (१ जना महिला अनिवार्य)

ग. ढनहेर्वा १ जना

घ. लिखन्डार १ जना

ङ. सहायक लिखन्डार १ जना

च. टोल मटावाँ/अगह्रा (१ देखि ६ जना सम्म) आवश्यकता अनुसार

छ. चौकीदार १ जना

(३) उपदफा २ बमोजिम गाउँ मटावाँ समिति गठन गर्दा मुह्रा मटावाँ, ढनहेर्वा र लिखण्डार मध्ये एकजना अनिवार्य रूपमा महिला हुनु पर्नेछ,

(४) उपदफा (२) बमोजिम गाउँ मटावाँ गठन गर्दा गाउँ बस्ती भित्रका एक घरधुरीबाट एक जना भन्दा बढी नपर्ने गरि पहिचानमा रहेका गाउँको सिमाना भित्रका नागरिकहरुको बखेरीबाट सर्वसम्मत गाउँ मटावाँ कार्य समिति गठन हुनेछ । तर यस दफा बमोजिम गाउँ बखेरीबाट सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट गाउँ मटावाँ कार्य समिति गठन गर्न बाधा पर्ने छैन ।

(५) उपदफा (२) बमोजिम गठन भएको गाउँ मटावाँ कार्य समितिको कार्यकाल गठन भएको मितिले एक बर्षको हुनेछ । कार्यकाल समाप्त भएपछि गाउँ बखेरीले सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्य समिति छनौट गर्नेछ।

(६) गाउँ मटावाँ प्रणाली बमोजिम गठन हुने गाउँ मटावाँ कार्य समितिमा ३३ प्रतिशत महिला हुनु पर्नेछ ।

(७) गाउँमा बसाइ सरी आएमा र घर भिन्न भइ बसेमा उक्त घरधुरीलाइ नयाँ सदस्यको रुपमा समावेश गराउनु पर्नेछ ।

(८) घरधुरीको अभिलेखिकरण अनुसूची .................. बमोजिमको ढाँचामा तयार गरिने छ ।

<u>१०. गाउँ ख्याल, निर्णय प्रक्रिया र कार्यान्वयन सम्बन्धी व्यवस्था:</u> (१) गाउँको नियमित ख्याल सामान्यतयाः महिनामा एक पटक हुनेछ। तर आवश्यक परेको बेलामा जतिसुकै पटक पनि बस्न सकिनेछ।

(२) विवाद समाधानका लागि आवश्यकता अनुसार कचहरी जुनसुकै दिन र जुनसुकै बेलामा बस्न सक्नेछ।

(३) गाउँ बखेरी, ख्याल र कचहरीले गरेका निर्णयहरू मटावाँको नेतृत्वमा पदीय जिम्मेवारी अनुसार कार्यान्वयन गरिनेछ।

(४) गाउँ बखेरी, ख्याल र कचहरीको अध्यक्षता मुह्रा मटावाँले गर्नेछ र निजको अनुपस्थितिमा सहायक मटावाँ मध्ये सहमतिमा एकजनाले अध्यक्षता गर्नेछ।

५. गाउँ बखेरी, जुट्याल्हा र कचेहरीले गरेको निर्णयहरु मटावाँको नेतृत्वमा पदीय जिम्मेवारी अनुसार कार्यान्वयन गरिनेछ ।

६. बहुमत सदस्यहरुको उपस्थितिमा बैठक बस्नेछ, र निर्णयहरु सर्वसम्मत वा बहुमतले हुनेछ ।

२८औं गाउँ सभाको
बैठक संख्या: ३
मिति २०८१/०३/१२ को
निर्णय पारित ।

शम्भु गिरी
अध्यक्ष

परिच्छेद ५

## मटावाँ प्रणाली भित्रको पदीय मर्यादा, आचरण तथा पदका चाहिने योग्यता सम्बन्धी व्यवस्था

**११. मटावाँ पदाधिकारीहरुको पदीय मर्यादा र आचरण**

(१) समुदायको हकहित, संरक्षण, प्रवर्द्धन, सशक्तीकरणको लागि स्वतन्त्र, निष्पक्ष र जवाफदेहितापूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्नेछ।

(२) समाजमा बस्ने विभिन्न समुदाय तथा सम्प्रदाय बिचको सम्बन्ध सुमधुर बनाउने कार्य गर्नु पर्नेछ।

(३) समुदायको प्रथा, परम्परा, प्रथाजनित सामाजिक मूल्यमान्यतालाई उच्च सम्मान गर्नुपर्नेछ।

**१२. मटावाँ प्रणाली भित्रको पदका लागि चाहिने योग्यता:**

**(१) मुह्रा मटावाँ, सहायक मटावाँ हुनका लागि योग्यता:-**

(च) नेपाली नागरिक,

(छ) गाउँमा कम्तीमा पाँच वर्षदेखि स्थायी रूपमा बसोवास गर्दै आएको,

(ज) गाउँ समुदायको अगुवाई गर्न सक्ने,

(झ) सामाजिक मूल्यमान्यता थारु समूदायको रिति संस्कृति बुझेको

(ञ) फौजदारी अभियोगमा कसुरदार ठहर नभएको।

**(२) ढनहेर्वा, लिखण्डार र सहायक लिखण्डार हुनका लागि योग्यता:**

(क) नेपाली नागरिक,

(ख) गाउँमा कम्तीमा पाँच वर्षदेखि स्थायी रूपमा बसोवास गर्दै आएको,

(ज) गाउँ समुदायको अगुवाई गर्न सक्ने,

(झ) सामाजिक मूल्यमान्यता रिति संस्कृति बुझेको

(ञ) फौजदारी अभियोगमा कसुरदार ठहर नभएको।

(ट) आर्थिक करोवारको हरहिसाब र लेखपढ एवं प्रतिवेदन समेत तयार गर्न सक्ने

(ठ) फौजदारी अभियोगमा कसुरदार ठहर नभएको।

**(३) चौकीदार हुनको लागि योग्यता:**

(च) नेपाली नागरिक,

(छ) गाउँमा कम्तीमा पाँच वर्षदेखि स्थायी रूपमा बसोवास गर्दै आएको,

(ज) गाउँ समुदायको अगुवाई गर्न सक्ने,

(झ) सामाजिक मूल्यमान्यता रिति संस्कृति बुझेको

(ञ) फौजदारी अभियोगमा कसुरदार ठहर नभएको।

**(४) डेशबन्ढ्या गुर्वा लागि योग्यता:**

(च) नेपाली नागरिक,

(छ) पछला प्रगन्नाका लागि पछलडङ्ग्या थरको सम्पूर्ण धार्मिक अनुष्ठानहरू विधिपूर्वक सम्पन्न गर्न सक्ने र तन्त्र मन्त्र विद्यामा पारङ्गत,

(ज) गाउँको परम्परा र संस्कृति जानेको, बुझेको र अनुभव रहेको,



१८औं गाउँ सभाको
बैठक संख्या: ३

शम्भु गिरी
अध्यक्ष

(झ) बिरामीलाई मानसिक रुपमा भावनात्मक रुपमा प्रभाव पारी वैज्ञानिक उपचारको पद्यतीमा जाने थप प्रेरणा गर्न सक्ने ।

(ञ) भ्रष्टाचार वा अन्य फौजदारी अभियोगमा कसुरदार नभएको ।

**(५) टोल मटावाँ /अगह्वा हुनका लागि योग्यताः**

(च) नेपाली नागरिक,

(छ) गाउँमा नियमित बसोवास गर्ने,

(ज) एक्काइस वर्ष उमेर पुरा भइ साठी वर्ष ननाघेको

(झ) गाउँको अगुवाई गर्न सक्ने,

(ञ) गाउँ समुदायको धर्म, संस्कृति अनुसारको पूजा पाठ गर्न जानेको,

(ग) चोखो आगोको व्यवस्था गर्ने प्रविधि, सामग्री सम्बन्धी ज्ञान र अभ्यास गरेको।

(घ) भ्रष्टाचार वा अन्य फौजदारी अभियोगमा कसुरदार नभएको ।

## परिच्छेद ६
## गाउँ बखेरी तथा माघी डेवानी सम्बन्धी व्यवस्था

**१३. गाउँ बखेरी** (१) ...........गाउँ मटावाँको सिमानाभित्र पर्ने प्रत्येक घरधुरीबाट कम्तिमा महिला वा पुरूष एक जना प्रतिनिधित्व भएको गाउँ बखेरी गठन हुनेछ। यो बखेरी मटावाँ प्रणालीको सर्वोच्च अङ्ग हुनेछ।

(२) मटावाँ वर्षको माघ महिनाको पहिलो हप्तामा गाउँका सबै घरधुरीबाट प्रतिनिधित्व भएको गाउँ बखेरी बस्नेछ।यो बखेरीले सर्वसम्मत नभए उपस्थित संख्याको बहुमतले विधानको दफा ४ को उपदफा (२) बमोजिम नयाँ नेतृत्व चयन गर्नेछ

(३) उपदफा (१) बमोजिम गठन भएको बखेरीले मटावाँ प्रणालीको पदाधिकारीहरूको कामको समीक्षा र चयन गर्ने एवं हिसाब किताबको सोधखोज र अनुमोदन गर्नेछ।

(४) गाउँ बखेरीले वडा बखेरीको लागि मुह्वा मटावाँ, २ जना महिला र २ जना पुरुष गरी जम्मा ५ जना प्रतिनिधिको चयन गर्नेछ र पालिका बखेरीको लागि गाउँ बखेरीले मुह्वा मटावाँ, १ जना महिला र १ पुरुष गरी जम्मा ३ जना प्रतिनिधी चयन गर्नेछ ।

(५) मटावाँले बखेरी बस्नको लागि कम्तीमा ७ दिन अगावै मिति, स्थान र समय तोकेर सूचना जारी गर्नु पर्नेछ।

(६) बखेरी बस्ने सूचना चौकीदार मार्फत कम्तीमा एक दिन अगावै गाउँमा सबै घरधुरीलाई पुनः सूचना दिनु पर्नेछ।

(७) गाउँ बखेरीमा सम्बन्धित वडा जनप्रतिनिधिलाई आमन्त्रण गर्नुपर्नेछ। बखेरी गाउँस्तरको योजना छनौटमा जनप्रतिनिधिहरूको उपस्थिति अनिवार्य गरिनेछ।

(८) बखेरीबाट छनौट भएका पदाधिकारीको अभिलेख अनुसुची ........... बमोजिम राख्नु पर्नेछ।

**१४. गाउँ बखेरीको काम, कर्तब्य र अधिकार**

गाउँ बखेरीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(ठ) गाउँमा वर्षभरि भए गरेका कामको समीक्षा गर्ने,

शम्भु गिरी
अध्यक्ष



गाउँ सभाको
बैठक संख्या: ३
मिति २०८१।०३।१२ को
निर्णय प्रमाणित।

(ड) गाउँको वर्षभरिको लागि योजना निर्माण गरी सम्बन्धित वडा र गाउँपालिकाको कार्यालयमा पेश गर्ने,

(ढ) गाउँ चलाउनको लागि गाउँको मूल्य, मान्यता, परम्परा, नियम र सामाजिक मूल्य मान्यता सम्वन्धित आचारसंहिता बनाउने,

(ण) मटावाँ प्रणाली अन्तर्गतका पदहरू जस्तोः मुह्रा मटावाँ, सहायक मटावाँ, टोल मटावाँ अगह्रवा, ढनहेर्वा, लिखण्डार, सहायक लिखण्डार, गुर्वा, केसौका, चौकीदार, आदि चयन गर्ने र आवश्यकता अनुसार मटावाँ समितिका सदस्यहरूको खोज्नीबोझ्नी गर्ने,

(त) वर्षभरि भएको आम्दानी र खर्चको सार्वजनिक सुनुवाई गरी पास गर्ने,

(थ) आगामी वर्षका लागि आम्दानीको श्रोत पहिचान र निर्धारण, टिहाई, खारा, डाँर आदि निर्धारण गर्ने,

(द) मटावाँ प्रणालीभित्रका पदलाई दिने सेवा, सुविधा, टिहाई निर्धारण गर्ने,

(ध) गाउँको विधान निर्माण तथा

## परिच्छेद ७
## गाउँ भटावाँ संस्थाको काम कर्तव्य र अधिकार

१५. **गाउँ मटावाँ संस्थाको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम गाउँ मटावाँको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(र) गाउँको संस्कृति संरक्षण, सांस्कृतिक निरन्तरताका साथै सामाजिक सद्भाव, सहिष्णुता र भाइचाराको विकास गर्ने,

(ल) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने,

(ळ) गाउँमा सञ्चालन हुने विकास निर्माणका योजनाहरूको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने,

(ऌ) गाउँमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने,

(व) गाउँमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरूको संरक्षण गर्ने तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने,

(श) गाउँमा विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने,

(ष) गाउँको सरसफाइ व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने गराउने,

(स) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने गराउने,

(ह) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग गर्ने,

(कक) कानुन बमोजिम तिर्नुपर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने,

(खख) गाउँमा बसोवास गर्ने गरिब, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरूको तथ्याङ्क सङ्कलन कार्यमा सहयोग गर्ने,

(गग) गाउँमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने,

१८औं गाउँ सभाको
बैठक संख्याः १२
मितिः २०८१।०३।१२
निर्णय प्रमाणित।



शम्भु गिरी
अध्यक्ष

(घघ) जन्म, विवाह, बसाइ-सराइ, सम्बन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि स्थानियवासीलाई उत्साहित र सहजीकरण गर्ने,

(ङङ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने,

(चच) विद्युत चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने,

(छछ) गाउँमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने,

(जज) उपभोक्ता हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिवृद्धि गर्ने,

(झझ) गाउँमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने,

(ञञ) स्थानीय आर्थिक विकासका सम्भावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने,

(टट) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि प्रोत्साहित गर्ने,

(ठठ) गाउँमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरूलाई निर्णय प्रक्रिया र श्रोत परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने,

(डड) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाइ, लैङ्गिक हिंसा उन्मूलन जस्ता राष्ट्रिय अभियानहरूमा सहयोग र समन्वय गर्ने,

(ढढ) घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, लगायतका सामाजिक अपराध तथा खराबीहरू अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने,

(णण) गाउँमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,

(तत) गाउँको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने,

(थथ) गाउँमा सरकारी निकाय तथा गैरसरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग गर्ने,

(दद) आफ्नो गाउँलाई वातावरणमैत्री, बालमैत्री, पोषणमैत्री, पूर्ण सरसफाइयुक्त, घरमा सुत्केरी हुने दरलाई शून्य बनाउने कार्यक्रमहरू सञ्चालन गर्ने तथा वडा कार्यालय र गाउँपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने,

वडा कार्यालय, गाउँपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरू गर्ने।

## परिच्छेद ८

## मुह्रा मटावाँ, सहायक मटावाँ, टोल मटावाँ, ढनहेर्वा, लिखण्डार, अगह्रा, चौकीदार, गुर्वा, केसौकाको काम, कर्तव्य र अधिकार

१६. **मुह्रा मटावाँको काम, कर्तव्य र अधिकार**: (१) यस ऐन तथा प्रथाजनित परम्परा अनुसार मुह्रा मटावाँको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

**(ज) संरक्षकको भूमिका:**

९. मटावाँले गाउँका सबै मानव, चराचर, पशुपन्छी, बालीनालीको प्रमुख संरक्षकको रूपमा भूमिका निर्वाह गर्नु पर्ने,

३१ ९६औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२।०३।३२ को

शम्भु गिरी
अध्यक्ष

१०. कसैमाथि अन्याय परेमा गाउँको ख्याल बोलाई देवानी विवादको विषयमा छलफल गरी आवश्यक सल्लाह सुझाव दिने,

११. गाउँभित्र कुनै घर छुट्टिन चाहेमा मटावाँ वा निजको प्रतिनिधि उपस्थित भई सामाजिक न्याय कायम गर्दै मानो छुट्याउन र घर बनाउन सहयोग गर्ने,

१२. विपदमा परी समस्यामा परेका व्यक्ति, घर परिवारलाई मानवीय सहयोग जुटाउने कार्य गर्ने,

१३. गाउँको सार्वजनिक सम्पत्ति मठ मन्दिर, भूम्यार थान सामुदायिक भवनको रेखदेख, संरक्षण र सदुपयोग गर्ने गराउने,

१४. आधारभूत आवश्यकता अन्तर्गत सामाजिक सेवाका क्षेत्रमा विपन्न समुदायको पहुँच रहने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

१५. राज्यका सबै क्षेत्रमा प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर सिर्जना गर्नका लागि आवश्यक छलफल गर्ने,

१६. महिला, बालबालिका र विपन्न वर्गको न्याय निरूपणमा विशेष ध्यान दिने।

**(झ) सामाजिक न्यायिक कार्य**

३. विवादका पक्षहरुमध्ये कुनै पक्षले मटावाँ समक्ष मेलमिलाप गराई पाउ भनि अर्जी गरेमा उक्त विषयमा छलफल गराउनु पर्नेछ । विवादका पक्षहरुले मेलमिलाप गर्न सहमत भएमा कम्तिमा पाँच जना स्थानीय भद्रभलादमीको रोहवरमा मेलमिलाप भएको व्यहोराको लिखत तयार पारि दिने,

४. गाउँ मटावाँ संस्थाको प्रचलित रुपमा चलि आएको सामाजिक कार्यमा विषेश परिस्थिति परेको अवस्थामा बाहेक सामाजिक कार्यमा सहभागी नहुने ब्यक्तिलाई गाउँ मटावाँको विधानमा खारा भराउने नियम बनाउनु पर्नेछ,

**(ञ) विकास निर्माण सम्बन्धी कार्य**

८. गाउँको विकास निर्माण सम्बन्धी योजना पहिचान, प्राथमिकता, छनौट गर्ने, योजना बनाउने र निर्माण कार्यमा जनप्रतिनिधीहरूसँग समन्वय गर्ने,

९. विकास निर्माण कार्यका लागि श्रोत र साधनको व्यवस्था मिलाउन विभिन्न सरकारी, गैर सरकारी संघसंस्थासँग समन्वय गर्ने,

१०. गाउँको विकास निर्माणमा जनश्रमदान जुटाउन अगुवाई गर्ने,

११. गाउँको सामूहिक कार्यमा अनुपस्थित हुने घरपरिवारलाई गाउँ ख्यालको निर्णयानुसार खारा गर्ने,

१२. गाउँ बखेरी, ख्यालबाट गाउँको योजना पास गराई वडा र गाउँपालिकामा लेखी पठाउने,

१३. विकास निर्माणको काम सम्पन्न भई सकेपछि सार्वजनिक परीक्षण गराई अभिलेख राख्ने, राख्न लगाउने र आवश्यकता अनुसार सम्बन्धित कार्यालयमा पठाउने,

१४. गाउँको विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैर सरकारी संस्थासँग सहयोग, समन्वय र सहकार्य गर्ने।

**(ट) संस्कृति संरक्षण, प्रवर्द्धन सम्बन्धी कार्य**

गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२/०३/१२ को

अध्यक्ष

९. गाउँमा वर्षभरि गर्नुपर्ने पूजाआँटी, नाचगान, परम्परा संरक्षण गर्ने वार्षिक कार्ययोजना बनाउने,
१०. गाउँमा वर्षभरी मनाइने चाडपर्व र पूजाआँटीको लागि गुर्वा, केसौका र सम्बन्धित सबैको सहयोग लिएर सांस्कृतिक कार्य गर्ने गराउने,
११. मेलमिलापका साथ सामूहिक रूपमा चाडपर्व मनाउन आवश्यक व्यवस्था मिलाउने,
१२. लोक नृत्य, लोक गीत, लोक बाजा, लोक संस्कृतिको संरक्षण र अभ्यासमा अग्रणी भूमिका निर्वाह गर्ने,
१३. भाषा, लिपी, लोक कला, साहित्य, संस्कृति संरक्षणका निम्ति काम गर्ने,
१४. प्रथाजनित कानुन, परम्परा र संस्कार अनुसार सामाजिक, सांस्कृतिक आदि कार्य गर्ने गराउने,
१५. सामाजिक संस्कारगत कार्य जस्तै पक्का पोही, विवाह, मृत्यु संस्कार, चाडपर्वमा सक्रिय सहभागिता गराउने र आवश्यकता अनुसार जनपरिचालनको व्यवस्था मिलाउने,
१६. गाउँ बखेरीको निर्णय अनुसार टिहाई सङ्कलन गर्ने र सम्बन्धित पक्षलाई बुझाउने।

**(ठ) सम्पर्क र समन्वयात्मक सम्वन्धि कार्य**

८. गाउँको लागि सम्पर्क र समन्वय अधिकृतको रूपमा भूमिका निर्वाह गर्ने,
९. गाउँपालिका, वडा कार्यालय, विभिन्न संघसंस्था र पक्षहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,
१०. गाउँको समस्याको बारेमा स्थानीय सरकारलाई जानकारी गराउने र आवश्यक सहयोगको लागि अनुरोध गर्ने,
११. गाउँको आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक श्रोत व्यवस्थापनका लागि सम्बन्धित कार्यालय, व्यक्तिहरूसँग सम्पर्क र सहकार्य गर्ने,
१२. विभिन्न सरकारी तथा गैर सरकारी संस्थाले आयोजना गर्ने गोष्ठी, सभा, सम्मेलन, बैठक, भ्रमण, तालिम आदिमा सहभागी हुने वा सहभागी पठाउने,
१३. विभिन्न निकायबाट प्राप्त हुने कार्यक्रम, अनुदान र सहयोगलाई गाउँमा न्यायोचित वितरणको व्यवस्था मिलाउने,
१४. गाउँको विकास, समुदायको हितमा कुनै सहयोग गर्ने सही मनसायले कुनै निकाय आएमा आवश्यक समन्वय, सहयोग र आधारभूत सूचना उपलब्ध गराउने।

**(ड) मटावाँको अन्य कार्यहरु**

६. गाउँ समुदायलाई विपद पूर्व तयारी गराउने,
७. शिक्षा, स्वास्थ्य, सरसफाइ आदि क्षेत्रको सूचना गाउँमा सम्प्रेषणको व्यवस्था मिलाउने,
८. सामाजिक समस्या, विकृति, अन्याय र अत्याचारको विरूद्ध जनपरिचालन गर्ने, अभियान सञ्चालन गर्ने,
९. समानता, न्याय, सामाजिक, सांस्कृतिक, धार्मिक सद्भाव, एकता कायम गर्ने गराउने,
१०. गाउँ बखेरीले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने।

**(ढ) मटावाँसँग समन्वय गर्नुपर्ने**: स्थानीय तह वा कुनै पनि गैर सरकारी संस्थाले गाउँमा कार्यक्रम सञ्चालन गर्नु परेमा मटावाँसँग समन्वय गर्नुपर्नेछ र सोको वार्षिक सुनुवाई गाउँ बखेरीमा गर्नुपर्नेछ।

गाउँपालिकाको कार्यालय ... प्रदेश, नेपाल

३३ २६ औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०८१।०३।१२ को

शम्भु गिरी
अध्यक्ष

मटावाँले आवश्यकता अनुसार आफू सक्रिय भएर सहयोग गर्ने वा अरू गाउँ समुदायलाई परिचालन गर्न सक्नेछ।

**१७. सहायक मटावाँको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम सहायक मटावाँका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्

(ङ) मुह्रा मटावाँले जिम्मेवारी दिएका काम गर्ने,

(च) मुह्रा मटावाँको अनुपस्थितिमा गाउँको सार्वजनिक हितको लागि नेतृत्व गर्ने,

(छ) मुह्रा मटावाँको अनुपस्थितिमा मुह्रा मटावाँले गर्ने सम्पूर्ण कार्य गर्ने,

(ज) मुह्रामटावाँलाई आवश्यक सहयोग गर्ने।

**१८. ढनहेर्वाको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम ढनहेर्वाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(झ) गाउँ मटावाँ प्रणालीमा भएको आम्दानी र खर्चको विवरण, बिल, भरपाई र हिसाब कितावु राख्ने,

(ञ) आम्दानी र खर्चको सामाजिक परिक्षण गराउने।

(ट) गाउँ मटावाँ संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिइ सुरक्षा गर्ने।

(ठ) गाउँ मटावाँ समितीले तोकेको अन्य कार्यहरु गर्ने।

**१९. लिखण्डारको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम लिखण्डारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँको बखेरी, ख्याल, कचहरीमा उपस्थितिको अभिलेख राख्ने,

(ख) गाउँ बखेरी, ख्याल, छलफल, कचहरीहरूमा भएको निर्णयको अभिलेख राख्ने,

(ग) गाउँको बखेरी, ख्याल, छलफल आदिमा सहजीकरण गर्ने,

(घ) विभिन्न संघ, संस्था, कार्यालयमा मटावाँको निर्देशन बमोजिम पत्राचार, गाउँको जानकारी, सूचना, प्रतिवेदन तयार गर्ने।

**२०. सहायक लिखण्डारको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम सहायक लिखण्डारको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(ग) गाउँको लेखापढी लिखण्डारलाई सहयोग गर्ने,

(घ) लिखण्डारको अनुपस्थितिमा लिखण्डारले गर्ने सबै काम गर्ने।

**२१. अगह्लाको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम अगह्लाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(ज) जनश्रमदानको बेलामा मुह्रा मटावाँलाई सहयोग गर्ने,

(झ) जनश्रमदानमा काम विभाजन र नान हाल्ने एवं जनश्रमदान गर्दा जिम्मेवारी अनुसार काम भए नभएको निरीक्षण गर्ने,

(ञ) कुला, पानी, सिंचाई, बाटोघाटो सरसफाइमा आवश्यक सहयोग गर्ने,

(ट) मुह्रा मटावाँले खटाएको काम गर्ने,

(ठ) गाउँमा सूचना प्रदान गर्न हाँक पार्ने, पत्र पुर्याउने,

(ड) गाउँको सम्पत्तिको रेखदेख गर्ने,

(ढ) पुजापाठ, भोजकाज र चाडपर्वको बेलामा चोखो वा पवित्र आगोको व्यवस्था मिलाउने।

३४ ... गाउँ सभाको
बैठक संख्या: २
मिति २०८०।०३।१२

शम्भु गिरी
अध्यक्ष

२२. **डेशबन्द्या गुर्वाको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम डेशबन्द्या गुर्वाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(ज) गाउँको वर्षभरि गरिने विभिन्न पूजाआँटीलाई परम्परा र विधि अनुसार सम्पन्न गर्ने,

(झ) परम्परागत रुपमा सामान्यको रुपमा चलि आएको गाउँमा हुनसक्ने हैवी, दैवी, प्रकोप, किटपतङ्ग, खराब डोख, दुष्ट नजर, रोगव्याधबाट गाउँका मानव, जीवजन्तु र बाली नालीलाई बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने,

(ञ) गाउँ समुदायमा हुने सामाजिक, धार्मिक, संस्कार, संस्कृतिमा सरसल्लाह र सहयोग प्रदान गर्ने,

(ट) गाउँ घरमा सामाजिक सहिष्णुता र एकता कायम गर्न सहयोग गर्ने,

(ठ) बिरामी वा पीडित व्यक्ति वा पक्षको अनुरोधमा उपचार र स्वास्थ्य हितको व्यवस्था मिलाउने, पूजापाठ गर्ने गराउने,

(ड) प्रगन्नाको बखेरी बोलाइ संस्कृति संरक्षण, सांस्कृतिक निरन्तरता र खराब अभ्यासहरूका बारेमा छलफल चलाउने र स्थानीय सरकारसँग समन्वय गरी लागु गराउन पहल गर्ने,

(ढ) प्रगन्ना प्रमुखको हैसियतले हरेक निकायमा प्रतिनिधित्व गर्ने।

२३. **केसौकाको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम केसौकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(ग) विभिन्न पूजापाठ र कर्म गर्नको लागि गुर्वाको सहयोगीको रूपमा काम गर्ने,

(घ) गाउँका मानिस र पशुपन्छीमा कुनै रोग, व्याधले सताएमा त्यसबाट बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने।

२४. **चौकीदारको काम, कर्तव्य र अधिकार**: यस ऐनबमोजिम चौकीदारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(च) मुह्रा मटावाँले खटाएको काम गर्ने,

(छ) गाउँमा सूचना प्रदान गर्न हाँक पार्ने, पत्र पुर्याउने,

(ज) गाउँको सार्वजनिक सम्पत्तिको रेखदेख गर्ने,

(झ) विपदमा परेका व्यक्ति, र घरपरिवारको पहिचान गर्ने,

(ञ) गाउँ घरको सूचना नियमित रूपमा मटावाँसँग आदान प्रदान गर्ने।

२५. **टोल मटावाँको काम, कर्तव्य र अधिकार**: यस ऐन बमोजिम टोल मटावाँको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(च) गाउँले गरेको निर्णय टोलवासीहरूलाई जानकारी गराउने र आफ्नो टोलमा लागु गराउने,

(छ) टोलको समस्यालाई गाउँ ख्याल, बखेरीमा लैजाने र समाधानको लागि पहल गर्ने गराउने,

(ज) गाउँमा आएको योजना सम्पन्न गर्न ख्यालको निर्णय अनुसार जनपरिचालन गर्ने,

(झ) गाउँटोलमा हुने जन्म, मृत्यु, विवाह लगायत संस्कार सम्पन्न गर्न गराउन अगुवाको भूमिका निर्वाह गर्ने,

(ञ) टोलको प्रमुखको रूपमा प्रतिनिधित्व गर्ने।

२५ औं गाउँ सभाको
बैठक संख्याः ३
मिति २०८१।०३।१२ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

२६. **घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार:** यस विधान बमोजिम घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(ज) गाउँ बखेरी, ख्याल, कचहरीमा सहभागी भई आफ्नो विचार, मत दिने,

(झ) मटावाँले दिएको सार्वजनिक हितको जिम्मेवारी पूरा गर्ने,

(ञ) गाउँ बखेरीको निर्णयानुसार टिहाई दिने,

(ट) मटावाँको नेतृत्वमा गाउँको विकास निर्माणमा श्रमदान, सिप दान, जिन्सी दान र नगद दान गर्ने,

(ठ) गाउँको समस्याको बारेमा गाउँ मटावाँलाई जानकारी गराउने,

(ड) मटावाँले खटाएको सामूहिक हितको अन्य कार्य गर्ने,

(ढ) गाउँको सामाजिक संस्कार, संस्कृति संरक्षण र प्रवर्द्धन कार्यमा सक्रिय सहभागी हुने।

## परिच्छेद ९

## मटावाँ प्रणालीमा पद रिक्त हुने व्यवस्था र पदपूर्ति

**२७. गाउँ मटावाँ कार्य समिति पद रिक्त सम्बन्धि व्यवस्था** (१) विधानको दफा ४ बमोजिम गठन भएको गाउँ मटावाँ कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ ।

(क) मुह्रा मटावाँले सहायक मटावाँ मार्फत कार्यसमितिको ख्यालमा र सहायक मटावाँ सहित अन्य सदस्यहरुले मुह्रा मटावाँलाई राजिनामा दिएमा।

(ख) कार्यकाल समाप्त भएमा,

(ग) फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

(घ) निजको मृत्यु भएमा,

(ङ) खराब आचरणका कारण निजलाई मटावाँ पदमा राखिराख्न उचित नभएको गाउँ ख्यालको दुई तिहाई मत जाहेर भएमा,

(च) अशक्त, अस्वस्थ भई मटावाँको जिम्मेवारी पूरा गर्न नसक्ने भएमा,

(२) उपदफा (१) बमोजिम मुह्रा मटावाँको पद रिक्त भएमा कार्य समितिको बाँकी अबधीको लागि सहायक मटावाँले मुह्रा मटावाँ भइ कामकाज गर्ने छ । अन्य सदस्यको हकमा कार्य समितिले बाँकी अवधीको लागि सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ ।

## परिच्छेद १०

## प्रतिनिधित्व र सहभागीता

**२८. स्थानीय तहमा प्रतिनिधित्व र सहभागिता:** (१) गाउँपालिकाले सार्वजनिक सरोकारका विषयहरूमा समुदायको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर प्रदान गर्नेछ।

(२) गाउँपालिकाले सार्वजनिक सरोकारका विषयहरूमा सहभागी गराउँदा मटावाँ प्रणालीको प्रतिनिधित्व देहाय बमोजिम हुनेछः

**(क) योजना पहिचान, छनौट, कार्यान्वयन र प्रतिनिधित्व:**

१८ औं गाउँ सभाको
बैठक संख्याः ३
मितिः २०८२।०३।१२ को

मन्जु गिरी
अध्यक्ष

१. गाउँस्तरको योजना छनौट गाउँको बखेरीले पास गरेको योजनालाई प्राथमिकिकरण गरी वडामा पठाइनेछ र वडास्तरीय योजना तर्जुमा गर्दा सम्बन्धित गाउँ र वडा मटावाँलाई सहभागी गराउन सकिनेछ।

३. स्थानीय तहले गाउँ, वडा र पालिकास्तरको योजना छनौट गर्दा गाउँ, वडा र पालिकास्तरका मटावाँको उपस्थितिमा पारित भएर आएका योजनाहरूलाई प्राथमिकता दिइनेछ।

४. गाउँ, वडा, गाउँपालिका बखेरीमा योजना छनौट गर्दा जनप्रतिनिधि/स्थानीय तहका कर्मचारीहरूले सहजिकरण गर्नेछन्।

५. स्थानीय तहबाट छनौट भएका गाउँस्तरका योजनाहरू सम्पन्न गराउन गाउँ मटावाँहरुको सहयोग लिन सकिनेछ।

**(ख) अनुगमन**

१. गाउँस्तरको योजना कार्यान्वयन गर्दा योजनाको अनुगमन तथा सुपरीवेक्षणका लागि गाउँ मटावाँ वा ख्यालले तोकेको व्यक्तिको नेतृत्वमा अनुगमन समिति गठन गरि विकास निर्माण कार्यका योजनाहरुको अनुगमन गर्न सक्नेछ ।

**(घ) प्रतिनिधित्व:**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिमको न्यायिक समितिमा दर्ता भएका विवादको हकमा विवादका दुवै पक्ष मिलापत्र गर्न सहमत भई मटावाँको आवश्यकता देखिएमा सम्वन्धित गाउँको गाउँ मटावाँलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद ११

## आर्थिक श्रोत व्यवस्थापन

२९. **मटावाँ सङ्गठन प्रणालीको आम्दानीको श्रोत**:(१) मटावाँ सङ्गठन प्रणालीको एक छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछः

(क) संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान,

(ख) गाउँ बखेरी र ख्यालको निर्णयानुसार प्रति घरधुरीले निश्चित प्रयोजनका लागि जम्मा गरेको नगदी र जिन्सी,

(ग) घरधुरीबाट उठेको टिहाई नगदी जिन्सी,

(घ) गाउँको पूजाआँटी गर्नको लागि घरधुरीबाट उठेको नगद,

(ङ) गाउँ बखेरीले निर्णय गरे अनुसार गाउँमा श्रमदान भौतिक श्रम गर्न नसक्ने घरधुरीबाट प्राप्त रकम,

(च) गाउँको बखेरीले निर्णय गरे अनुसार सार्वजनिक काममा उपस्थित नहुने घरधुरीबाट प्राप्त खारा रकम,

(छ) गाउँ ख्यालले निर्णय गरे अनुसारको डाँरबाट प्राप्त रकम,

(ज) गाउँमा बसाइसराइ गरी आउनेलाई गाउँको बखेरीको निर्णय अनुसारको गाउँ सदस्यता शुल्क बापतको रकम,

(झ) सामुदायिक वन समितीबाट प्राप्त विकास कार्यक्रमको अनुदान रकम,

(ञ) गाउँको सार्वजनिक स्थलमा गरिने सामुदायिक उत्पादनबाट प्राप्त रकम,

३७ औं गाउँ सभाको
बैठक संख्या: ३
मिति २०८१/०३/२८

शम्भु गिरी
अध्यक्ष

(ट) गाउँमा सामाजिक, सांस्कृतिक, रचनात्मक काम गरी प्राप्त गरेको रकम,

(ठ) विभिन्न दाताबाट प्राप्त दान दातव्य,

(ड) विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाबाट प्राप्त नगदी जिन्सी,

(ढ) गाउँ मटावाँ प्रणालीको सम्पत्तिबाट आर्जित रकम,

(ण) गाउँ बखेरीले गरेको श्रमदान नगरी सिंचाईं सुविधा लिने जग्गाधनीसँग पानी करबाट प्राप्त पनकर रकम।

(ग) **गाउँ मटावाँको खर्च व्यवस्थापन:** गाउँ मटावाँको देहाय बमोजिमको खर्च हुनेछ।

(क) गाउँबाट उठेको टिहाइ मुह्रा मटावा, टोल मटावाँ, अगह्वा, चौकीदार लगायतका पदाधिकारीलाई कामकाज गरेवाफत वार्षिक रुपमा बखेरी/माघी डेवानीमा गरेको निर्णय बमोजिम टिहाइ सुबिधाको रुपमा खर्च गरिनेछ।

(ख) मटावाँ गाउँको नियमित सन्चालन तथा कार्यलय व्यवस्थापन सम्बन्धि मटावाँ गाउँ कार्य समितिको निर्णय बमोजिम हुनेछ।

(ग) परम्परागत रुपमा चलि आएको पूजाआँटीको खर्च व्यवस्थापन गाउँ मटावाँको ख्यालको निर्णयबाट गरिने छ।

(घ) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लेखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ।

३०. **गाउँ कोषको खाता सञ्चालन, लेखापरीक्षण प्रतिवेदन:** (१) गाउँ बखेरीको निर्णयानुसार मटावाँ प्रणालीको नाममा बैंकमा गाउँ मटावाँ संस्थाको नाममा खाता खोलिनेछ।

(२) उपदफा (१) बमोजिम बैंक खाताको सञ्चालन मुह्रा मटावाँ, लिखण्डार, र ढनहेर्वाको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी व्यवस्था गरिनेछ।तीन जनामध्ये एक जना अनिवार्य रूपमा महिला हुनु पर्नेछ।

(३) बैंक खातामा जम्मा भएको रकम गाउँ बखेरी वा ख्यालले गरेको निर्णयानुसार मटावाँ प्रणालीले खर्च गर्न सक्नेछ।

(४) ढनहेर्वाले गाउँ कोषको सबै प्रकारको नगदी, जिन्सी तथा विकास खर्चको विवरण तथा संस्थाको सञ्चालन एवं व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरूको विवरण स्पष्ट रूपमा राख्नु पर्नेछ।

(५) ढनहेर्वाले आम्दानी तथा खर्चको हिसाव किताव चौमासिक रूपमा गाउँको ख्यालमा पेस गर्नु पर्नेछ।

(६) गाउँले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी लेखापरीक्षण समेत गरी प्रत्येक वर्षको पौष मसान्तको तीन महिनाभित्र गाउँ ख्यालबाट अनुमोदन गराई सम्बन्धित निकायमा पेस गर्नु पर्नेछ।

(७) मटावाँ गाउँले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन गाउँ, सम्बन्धित गाउँपालिकामा पेस गर्नुपर्नेछ।

गाउँ सभाको
बैठक संख्या: २
मिति २०८२।०३।२२ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

**३१. सम्पत्तिको अभिलेख र जिन्सी तथा वस्तुगत सहयोग लिन सक्ने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थपना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्नेछ।

(३) मटावाँ गाउँको सार्वजनिक सम्पत्तिको अभिलेख राखी सोको सुरक्षा गर्ने जिम्मेवारी समेत रहनेछ र यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

## परिच्छेद १२

## ............... गाउँ मटावाँ को रीतिथिति सम्बन्धी व्यवस्था

चिरकाल देखी देश, काल र परिस्थिति अनुरुप हाम्रा पुर्खाले चलाउँदै आएका रीतिथितिहरु परिबर्तन हुँदै जाँदा आर्थिकरुपमा कमजोर बनाउने, सामाजिकरुपमा बिकृत, साँस्कृतिकरुपमा पहिचान मेटाउने र सामाजिक सदभावमा समेत खलल् पार्न सक्ने भएकोले हामी ........गाउँका सम्पुर्ण जन्ताहरुले तपसील बमोजिमको रीट चलाउने र थिति बसाल्ने प्रतिबद्धता व्यक्त गर्दछौ । कसैले जानाजान यो रीतिथितिको उलंघन गरेमा यस बिधानमा लेखीए बमोजिम सजाय गरीने छ ।

**३२. ........गाउँको रीतिथिति देहाय बमोजिम रहनेछ**

१. स्वास्थ्य सम्बन्धि रीट

क. हामी सफा सुग्घर, स्वस्थ्य र खुशी रहन चाहन्छौं, त्यसैले सबैले चर्पीमा मात्रै दीसा, पीसाब गर्ने ।

ख. घर, आँगन, धारा र भान्सा सफा राख्ने ।

ग. घर अगाडी बाटोमा पशु चौपाया नबाँध्ने, सडक सफा राख्ने ।

घ. घर अगाडी बाटोमा पशु चौपाया बाँधेमा रु. ................ ..... जरीवाना लिने ।

**२. शिक्षा सम्बन्धि रीट**

१. सबै बालबालिकालाइ अनिबार्य बिद्यालय पठाउने ।

२. छोरा छोरी दुबैलाइ समान शिक्षाको अवसर प्रदान गर्ने ।

**३. भोजकाज सम्बन्धि रीट**

१. भोजकाजमा सके सम्म कम खर्च गर्ने ।

२. भोजाहीं/बराट ........ जना मात्रै जाने ।

३. चौठ्यार/चौठी .............जना मात्रै जाने ।

४. भोजकाजमा ............. बजे सम्म मात्रै खानपनि गर्ने, सो भन्दा पछी सम्म गर्नेलाइ रु. ................डाँर लिने ।

४. १२ बजे पछी डिजे बन्द गर्ने, बन्द नगर्नेलाइ रु. ............. डाँर लिने लिने ।

५. सुराही बापत एक कोसके ................. डुइसय लेना ।



२८ औं गाउँ सभाको
बैठक संख्या: 3

शम्भु गिरी
अध्यक्ष

६. भुइँडामक ................. रुपैया लिने रुप्या लेना।
७. पञ्चभाट ..........रुपैया लिने।
८. पाहुना भनेका देउता समान हुन, त्यसैले सबै मिलेर उनीहरुको स्वागत र सम्मान गर्ने, अनाबश्यक मानसिक दबाब र डाँर, खारा नलिने।
९. बालविवाह नगर्ने।
१०. गाउँले तोकेको .............भन्दा बढी बराट र चौठी गएमा र आएमा रु. ........ रुपैयाँ डाँर लिने।

## ४. मर्नीकर्नी सम्बन्धि रिती

१. पुर्खाहरुले चलाइ आएको रिती अनुसार माटो, आगो दिने काममा गाउँका सबै घरधुरी मिलेर सहयोग गर्ने।
२. मान्छे वितेको घरमा पालो अनुसार ........ जनाको ग्रुप बनाएर सहयोग गर्ने
३. मान्छे बितेको घरमा शुद्धशान्तीको कार्य दाउरा पात दिने र काममा सहयोग गर्ने।

## ६. झराली सम्बन्धि रीट

१. गाउँ/टोलमा रहेका घरधुरीहरुको आर्थिक अवस्था मुल्यांकन गरी सोही आधारमा गाउँमा गरीने श्रमदानमा सहभागि हुनु पर्नेछ।
२. झराली नजाने किसान लाइ दैनिक रु. ........... दरले खारा लिने।
३ झरालीमा सहभागी हुन नसक्ने घरधुरीबाट बार्षिक रु. ............ लिने।

## ७. टीहाइ सम्बन्धि

१. मुहा मटावा/मटावा/टोल मटावाँ/अगवालाइ प्रत्येक घरबाट बार्षिक ............. लम्बर धान दिने।
२. गुर्वालाइ प्रत्येक घरबाट बार्षिक ............. लम्बर धान दिने।
३. चौकीदारका लागि प्रत्येक घरबाट बार्षिक ............. लम्बर धान दिने।

## ८. डाँर खारा सम्बन्धि व्यवस्था

१. झरालीमा नआएमा प्रत्येक दिनको रु. ..................दरले खारा लीइने छ, तर भैपरी आएमा मटावाँलाइ जानकारी गराएर मनासीब देखी मटावाँले सहमती जनाएमा खारा लाग्ने छैन।
२. भोजमा गाउँले तोकेको ................... भन्दा बढी बराट र चौथी गएमा रु. ...........डाँर लिने।
३. राती १२ बजे भन्दा पछी खानपिन गर्ने होहल्ला गर्नेलाइ रु. .................... लिने।
४. राती १२ बजे भन्दा पछी डीजे बजाइ नाचगान गर्ने होहल्ला गरेमा रु. .................. डाँर लिने।
५. घरेक आगे ओ डगरीम पशु चौपाया बाँधेमा रु. .................... जरीवाना लिने।
६. झराली नजाने किसान लाइ दैनिक रु. ........................ दरले खारा लिने।
७. मान्छे वितेको घरमा कहावट, डाउरा पातको कामम सहयोग नगर्ने घरबाट ............. रुप्या खारा लिने।
८. मान्छे वितेको घरमा पालो अनुसार काम गर्ने नजाने घरबाट रु.... दरले खारा लिने।
९. खिरभनको नियम उल्लङ्घन गर्ने व्यक्तिलाइ रु ............. का दरले खारा लिने।



१८औं गाउँ सभाको
बैठक संख्या: ३
मिति २०७४।०३।१२ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

## परिच्छेद १३

## विधान निर्माण तथा संशोधन सम्बन्धी व्यवस्था

३३. **विधान संशोधन :-**

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बखेरीको सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र गाउँ मटावाँको विधानको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय तह समक्ष सिफारिस गरि पठाउनु पर्नेछ । स्थानीय तह वाट स्वीकृत भए पश्चात मात्र विधानको कुनै दफा खारेज वा संशोधन भएको मानिने छ ।

३४. **नियम वनाउन सक्ने :-**

क. नेपालको प्रचलित कानुनसंग नबाँझिने गरि संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम यस विधानको अधिनमा रही वनाउन सक्नेछ । सो नियम गाउँ बखेरीबाट पारित गरी लागु हुनेछ । यसरी पारित भएको नियम स्थानीय तहलाई समेत जानकारी गराउनु पर्ने छ ।

ख. यो विधान र अन्तर्गत वनेको नियमको अधिनमा रहि गाउँ मटावाँको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था, आर्थिक प्रशासन सम्वन्धि नियम वनाई लागु गर्न सक्नेछ । त्यस्तो नियमहरु गाउँ बखेरी बाट अनुमोदन गराउनु पर्नेछ ।

शम्भु गिरी
अध्यक्ष

गाउँ सभाको
बैठक संख्या: २
मिति २०८१।०२।१२

## अनूसूची-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**गाउँको घरधुरी संख्या अभिलेखीकरण फाराम**

| घर नं. | घरको पहिचान गराउने नाम | घरमूली को नाम | परिवार संख्या | | | जमिन | पेसा | | नोकरी | | | जातजाति | | | | | | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा | | कृषि | व्यापार | सरकारी | अर्धसरकारी / निजी | विदेश | थारू | ब्राह्मण | क्षेत्री | दलित | आ.ज. | अन्य | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

## अनूसूची - २

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

.............. गाउँ मटावा

दङगीशरण गाउँपालिका वडा न ..........

गाउँ मटावा गरढुर्या पत्र

परिचय पत्र नं.

घरमुलीको नाम

घर नं.

घरको नाम

ठेगानाः

सम्पर्क नं.

जारी मितीः

२८ औं गाउँ सभाको
बैठक संख्याः ३
मिति २०८२।०३।१२

..............................

प्रमाणित गर्नेको दस्तखत



शम्भु गिरी
अध्यक्ष

## अनुसूची- ३

(दफा ...... को उपदफा (.....) सँग सम्बन्धित)

**गाउँ बखेरीले छानेका/चुनेका पदाधिकारीको विवरण फाराम**

| क्र.सं. | पद | नाम, थर | उमेर | घरको पहिचान गराउने नाम | घर नं. | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | मुह्रा मटावाँ | | | | | |
| २ | सहायक मटावाँ | | | | | |
| ३ | सहायक मटावाँ | | | | | |
| ४ | ढनहेर्वा | | | | | |
| ५ | लिखण्डार | | | | | |
| ६ | सहायक लिखण्डार | | | | | |
| ७ | टोल मटावाँ/अगह्वा | | | | | |
| ८ | चौकीदार | | | | | |
| ९ | डेशबन्ढ्या गुर्वा | | | | | |
| १० | केसौका | | | | | |

## अनुसूची- ४

(दफा ...... को उपदफा (.....) सँग सम्बन्धित)

............. गाउँ मटावा

दङ्गीशरण गाउँपालिका वडा न ..........

पदाधिकारी परिचय पत्र

नाम

पद

ठेगानाः

ना.प्र.नं.

रगत समूह

सम्पर्क नं.

जारी मितिः

२८ औं गाउँ सभाको
बैठक संख्या: ३
मिति २०८२।०३।१२ को
निर्णय प्रमाणित।

..............................

प्रमाणित गर्नेको दस्तखत

शम्भु गिरी
अध्यक्ष